# ध.च.गोतामेका उपन्यासमा सीमान्तीयता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित

दर्शनाचार्य तह(एम.फिल.) तेस्रो सत्रको

पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि

प्रस्तुत

**शोधप्रबन्ध**

**शोधकर्ता**

गणेशप्रसाद गैह्रे

दर्शनाचार्य तह (एम.फिल.)

क्रमाङ्क : २७

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

२०८१

## शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली दर्शनाचार्य तह २०७४/२०७५ तेस्रो सत्रका विद्यार्थी गणेशप्रसाद गैह्रेले *ध.च. गोतामेका उपन्यासमा सीमान्तीयता* शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । म उहाँको यस शोधकार्यसँग सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति :२०८१।०३।११

.................................

प्रा.डा.कृष्णप्रसाद न्यौपाने

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र**

**सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौँ**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य कार्यक्रम तेस्रो सत्रको नवौँ र दसौँ पत्रको प्रयोजनका लागि गणेशप्रसाद गैह्रेले प्रस्तुत गर्नुभएको *ध. च. गोतामेका उपन्यासमा सीमान्तीयता* शीर्षकको शोधप्रबन्ध स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. **प्रा.डा.कृष्णप्रसाद न्यौपाने** .......................

(विभागीय प्रमुख तथा शोधनिर्देशक)

**२. सह प्रा.डा.रजनी ढकाल** .......................

(आन्तरिक परीक्षक)

३.**सह प्रा.डा.नारायणप्रसाद गड्तौला** .......................

(बाह्य परीक्षक)

मिति : ........................

**कृतज्ञताज्ञापन**

*ध.च.गोतामेका उपन्यासमा सीमान्तीयता* शीर्षकको शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य (एम.फिल.) तह तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को परियोजनार्थ तयार पारिएको हो । प्रस्तुत शोधप्रबन्धको शोधप्रस्तावदेखि शोधको प्रारम्भिक निर्देशनमा महत्त्वपूर्ण भूमिका निभाउनुभएकोमा आदरणीय गुरु स्व. प्रा.डा.तारानाथ पाण्डेप्रति हार्दिक आभार तथा श्रद्धाञ्जली व्यक्त गर्दछु । उहाँले गर्नुभएको प्राज्ञिक निर्देशन, शोधशीर्षक सीमाङ्कन तथा विषयवस्तुको गहन विमर्श आज पनि कानमा गुञ्जिरहेको छ । जुन मेरो लागि चिरस्मरणीय बनेको छ । खासमा यस शोध कार्यलाई सिद्धान्तनिष्ठ, वस्तुनिष्ठ, तथा गुणस्तरीय बनाउनका निम्ति मार्ग निर्देशन गर्नुहुने नेपाली केन्द्रीय विभाग प्रमुख आदरणीय गुरु प्रा.डा. कृष्णप्रसाद न्यौपानेको प्राज्ञिक निर्देशनप्रति आभारी छु र यो शोधप्रबन्ध उहाँकै निर्देशनमा तयार गरिएको हो । यस शोधकार्यलाई यथासमयमा सम्पन्न गर्न र थप विशिष्टता प्रदान गर्नका निम्ति वस्तुगत सल्लाह, सुझाव, परामर्श तथा निर्देशन गर्नुहुने आदरणीय गुरु सह.प्रा.डा.रजनी ढकालप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । अन्त्यमा शोधलाई खारेर थप उत्कृष्ट र विशिष्ट बनाउन प्रत्यक्ष भूमिका निर्वाह गर्नुभएका श्रद्धेय गुरु सह प्रा.डा. नारायणप्रसाद गड्तौलाप्रति हृदयतः आभारी छु ।

यस सन्दर्भमा शोधलाई प्राज्ञिक बनाउन सहयोग गर्नुहुने आदरणीय गुरु प्रा. डा. लक्ष्मणप्रसाद गौतम र सह प्रा.डा.दुर्गाबहादुर घर्तीप्रति कृतज्ञ छु । प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका साथै दर्शनाचार्य तहमा शिक्षण गरेर मेरो प्राज्ञिक उन्नयनमा महत्त्वपूर्ण गुरुदीक्षाले सुशोभित गर्नुभएकोमा श्रद्धेय गुरुहरू तत्कालीन विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम, प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल, प्रा.डा. रमेशप्रसाद भट्टराई र प्रा.केशव सुवेदीप्रति अनुगृहीत छु । मेरो शोधकार्यमा शोधनायकको रूपबाट स्रष्टासम्बद्ध स्वर्गीय धनुषचन्द्र गौतमेप्रति हार्दिक श्रद्धाञ्जलीका साथसाथै आभार व्यक्त गर्दछु ।

मेरो यस शोधकार्यमा सल्लाह सुझाव र सहयोग गर्नुहुने समकक्षी श्रीमती सम्झना भट्टराई र ज्ञानी बनेर बाबालाई सहयोग गर्ने छोरी निवृत्तिप्रति कृतज्ञ छु । मलाई प्राज्ञिक सल्लाह प्रदान गर्ने र सामग्री सङ्कलनमा सहयोग गर्नुहुने त्रि.वि. नेपाली केन्द्रीय पुस्तकालय की निलुफर बन्जरालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु भने सदा उत्प्रेरित गर्ने अनन्य मित्र नवीन उप्रेतीप्रति कृतज्ञ छु । मेरो यस कार्यका निम्ति आवश्यक समयको बन्दोबस्त गरी

सहजीकरण गरिदिनु भएकोमा म कार्यरत रहेको विद्यालयका आदरणीय व्यक्तित्त्व प्रमिला शाही, विनोद श्रेष्ठ, जीवन श्रेष्ठ र लक्ष्मी भण्डारीप्रति पनि आभारी छु ।

अन्तत : प्रत्यक्ष–परोक्ष रूपमा मलाई सहयोग गर्नुहुने आदरणीय गुरु प्रेमराज लुइटेल, डा. तुलसी खनाल र नेपाली केन्द्रीय विभागका महेश तिवारी लगायतका प्रशासनिक व्यक्तित्वहरूलाई अन्तर मनबाट स्मरण गर्न चाहन्छु । अन्तमा, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सञ्चालित नेपाली केन्द्रीय विभाग दर्शनाचार्य कार्यक्रमको यो शोधप्रबन्ध मूल्याङ्कन समितिसमक्ष पेस गर्दछु ।

...............................

गणेशप्रसाद गैह्रे
दर्शनाचार्य तह (एम.फिल.)
क्रमाङ्क–२७
नेपाली केन्द्रीय विभाग
त्रि.वि.कीर्तिपुर, काठमाडौँ

२०८१ असार १६ गते

## विषयसूची


शोधनिर्देशकको सिफारिसपत्र क

स्वीकृतिपत्र ख

कृतज्ञताज्ञापन ग

**पहिलो परिच्छेद**

**शोधपरिचय**

१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ शोधको उद्देश्य ३

१.४. पूर्वकार्यको समीक्षा ३

१.५ शोधको औचित्य र महत्त्व ८

१.६ शोधकार्यको सीमाङ्कन ९

१.७. शोधविधि ९

१.७.१ सामग्री सङ्कलन कार्य ९

१.७.२ सामग्री विश्लेषण विधि १०

१.७.३ विश्लेषणको सैद्धान्तिक आधार १०

१.८ शोधप्रबन्धको रूपरेखा १३

**दोस्रो परिच्छेद**

**ध.च गोतामेका उपन्यासमा प्रतिनिधित्वको अवस्था**

२.१ विषयप्रवेश १४

२.२.सीमान्तीयताको अध्ययनमा प्रतिनिधित्व सम्बन्धी अवधारणा १५

२.३. सीमान्त पात्रको प्रतिनिधित्वसम्बन्धी विश्लेषण १८

२.३.१ *घामका पाइलाहरू* उपन्यासमा वर्गीय सीमान्त पात्रको प्रतिनिधित्व १८

२.३.२. *घामका पाइलाहरू* उपन्यासमा जातीय सीमान्तीयताको प्रतिनिधित्व २७

२.३.३. *घामका पाइलाहरू* उपन्यासमा लैङ्गिक सीमान्तीयताको प्रतिनिधित्व २९

२.३.४ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा वर्गीय सीमान्तीयताको प्रतिनिधित्व ३३

२.३.५ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा जातीय सीमान्तीयताको प्रतिनिधित्व ४०

२.३.६ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा लैङ्गिक सीमान्तीयताको प्रतिनिधित्व **४३**

२.४ निष्कर्ष ४६

**तेस्रो परिच्छेद**

**ध.च. गोतामेका उपन्यासमा सीमान्तीकरणको प्रक्रिया**

३.१. विषयप्रवेश ४८

३.२. सीमान्तीकरणको प्रक्रियासम्बन्धी अवधारणा ४९

३.३. सीमान्त पात्रको **सीमान्तीकरण प्रक्रियाको विश्लेषण** **५१**

३.३.१ *घामका पाइलाहरू* उपन्यासमा वर्गीय **सीमान्तीकरणको प्रक्रिया** **५२**

३.३.२ *घामका पाइलाहरू* उपन्यासमा जातीय **सीमान्तीकरणको प्रक्रिया** **५६**

३.३.३ *घामका पाइलाहरू* उपन्यासमा लैङ्गिक **सीमान्तीकरणको प्रक्रिया** **६१**

३.३.४ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा वर्गीय सीमान्तीकरणको प्रक्रिया ६५

३.३.५ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा जातीय **सीमान्तीकरणको प्रक्रिया** **६७**

३.३.६ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा लैङ्गिक **सीमान्तीकरणको प्रक्रिया** **६९**

३.४ निष्कर्ष ७३

**चौथो परिच्छेद**

**गोतामेका उपन्यासमा आवाज र प्रतिरोधी चेतना**

४.१ विषयप्रवेश ७५

४.२ सीमान्त वर्गको आवाज र प्रतिरोधसम्बन्धी अवधारणा ७५

४.३ सीमान्त पात्रको आवाज र प्रतिरोधको विश्लेषण ७७

४.३.१ *घामका पाइलाहरू* उपन्यासमा वर्गीय सीमान्तहरूको आवाज र प्रतिरोध ७८

४.३.२ *घामका पाइलाहरू* उपन्यासमा जातीय **सीमान्तहरूको आवाज र प्रतिरोध** ८२

४.३.३ *घामका पाइलाहरू* उपन्यासमा लैङ्गिक सीमान्तको आवज र प्रतिरोध ८४

४.३.४ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा वर्गीय सीमान्तहरूको आवाज र प्रतिरोध ८९

४.३.५ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा जातीय सीमान्तहरूको आवाज र प्रतिरोध ९२

४.३.६ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा लैङ्गिक सीमान्तहरूको आवाज र प्रतिरोध **९३**

४.४ निष्कष ९८

## पाँचौं परिच्छेद

## सारांश तथा निष्कर्ष

५.१ सारांश ९९

५.२ निष्कर्ष १००

**सन्दर्भ सामग्री सूची**

## पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ विषयपरिचय

धनुषचन्द्र गौतम (१९८८–२०६३) नेपाली साहित्य आकाशमा स्थापित नाम हो । परिमाणात्मक योगदानले नभएर गुणात्मक साहित्य सृजना गर्ने उनी नेपाली साहित्यको वाङ्मयमा भने ध.च. गोतामेका नामबाट सुपरिचित छन् । आफू बाँचेको युगलाई कलात्मक रूपमा साहित्यका कविता, निबन्ध, उपन्यास आदि क्षेत्रमा उनले चित्रण गरेको पाइन्छ । गोतामेका *घामका पाइलाहरू* (२०३५) र *यहाँदेखि त्यहाँसम्म* (२०४२) गरी दुई उपन्यास प्रकाशित भएको पाइन्छ । उनका उपन्यासमा सामाजिक यथार्थको उद्घाटनसँगै ग्रामीण र तत्कालीन सहरिया जीवनलाई तराईसापेक्ष बनाएर देखाइएको पाइन्छ । *घामका पाइलाहरू* उनको पहिलो उपन्यास हो । यस उपन्यासमा ऐतिहासिक विषयवस्तुको पृष्ठभूमिबाट घटनालाई उठाइ पूर्वी तराईको वीरगञ्ज र मुर्कीपलिया जस्ता ठाउँ  र गाउँको चित्रण गरिएको छ । भने *यहाँदेखि त्यहाँसम्म* उपन्यासामा तराईकै मुर्कीपलिया गाउँ, गाउँले, जमिनदार, त्यहाँका संस्कृति, जीवनयापन, भौगोलिक परिवेश आदि विषयवस्तुलाई जीवन्त रूपमा उतारिएको छ । दुवै उपन्यासमा राणाकाललाई पृष्ठभूमि बनाएर कथानक विस्तार गरिएको छ भने सोही सामाजिक संरचनाले किनारामा परेका पात्र र उनीहरूको जिजीविषालाई उपन्यासले सजीव चित्रण गरेको देखिन्छ ।

उपन्यास साहित्यको आख्यान विधाअन्तर्गतको एक उपविधा हो । जसले सिङ्गो मानव जीवनको कथालाई आफ्नै सैद्धान्तिक आधारमा रहेर चित्रण गर्ने गर्दछ । यस सदर्भमा उपन्यास विश्लेषणका विभिन्न अवधारणामध्ये पश्चिमी समालोचना चिन्तन परम्पराको नुतन समालोचना पद्धतिका रूपमा विकसित अवधारणा सीमान्तीयतालाई लिइएको छ । इतिहासविहीन, आवाजविहीन र उत्पीडनमा परेको वर्ग नै सीमान्त वर्ग हो । लामो समयदेखि आफ्नो पहिचान गुमाउँदै अधीनस्थ हुन विवश व्यक्ति वा वर्गलाई यो सिद्धान्तले बुझाउँछ । नवमार्क्सवादी इटाटेली चिन्तक आन्तोनियो ग्राम्ची (सन् १८९१–१९३७) सीमान्तीयता शब्दका प्रथम प्रयोक्ता हुन् भने सीमान्तीयतासँग समानार्थी सवाल्टर्न चिन्तनका प्रवर्तक रणजित गुह हुन् । समयक्रममा सांस्कृतिक अध्ययनको नवीन अवधारणाका रूपमा सीमान्तीयता विकसित भएको पाइन्छ । सीमान्तीय वर्गले एकातिर सामाजिक वर्ग, जाति, पेसा, धर्म, विचार, शारीरिक सूचक, पद, धर्मसंस्कृति सूचक, हैसियत,

क्षेत्र आदिका आधारमा अपहेलित वर्ग र वर्गसमूहलाई चिनाउँछ । अर्कोतर्फ कामदार, श्रमिकका, घरबारविहीन, किसान, सुकुम्बासी, महिला तथा आधारभूत आवश्यकताले सताइरहने समूहलाई पनि बुझाउँछ । अस्ट्रेलियाली विद्यालयका प्राध्यापक रञ्जित गुहाको सीमान्तीयता अध्ययन समूह र यस समूहमा गायत्री चक्रवर्ती स्पिभाक, पार्थ चटर्जी, दिपेश चक्रवर्ती आदिले सामाजिक संरचनाभित्र रहेका प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्गबीचका भेदभावपूर्ण कार्य र व्यवहारलाई विश्लेषण गरी कुनै पनि कृतिभित्रको सामन्तले थिचेको इतिहास, दमन, पुँजीवादी मानसिकता र त्यसबाट उत्पन्न सीमान्तको चीत्कार तथा प्रतिरोधलाई यस सिद्धान्तको मुख्य ध्येय बनाएका छन् । त्यसो त जाति, लिङ्ग, वर्ग, क्षेत्र, पेसा, धर्म आदिका आधारमा सीमान्तवर्गलाई नै केन्द्रमा राखेर उनीहरूको खोजी गर्नु र इतिहास लेख्नु यस सिद्धान्तको मुख्य उद्देश्य रहेको देखिन्छ ।

दुवै उपन्यासमा राणाकालीन परिवेशमा सामन्तवादी शाासकीय समाजलाई चित्रण गरी सिङ्गो समाजलाई सीमान्त अवस्थामा पुऱ्याएको सन्दर्भले र पूर्ववर्ती अध्ययन पनि यथेष्ट नभएको हुँदा यस कोणबाट गोतामेका उपन्यास अध्ययनीय देखिएका छन् । उपन्यासमा सीमान्तको उपस्थिति र तिनको इतिहासको शृङखलाका साथसाथै आवाज र प्रतिरोधको अवस्थालाई सीमान्त सम्बद्ध बनाएर गोतामेका उपन्यासको अध्ययन र विश्लेषण गर्ने काम प्रस्तुत शोधमा गरिएको छ ।

## १.२ समस्याकथन

ध.च. गोतामे सामाजिक यथार्थमा आञ्चलिकताको सम्मिश्रण गरेर उपन्यास लेख्ने उपन्यासकार हुन् । *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुवै उपन्यासमा समाजमा भएका अन्याय, शोषण, सामाजिक कुरीति आदि विभिन्न सामाजिक प्रथाहरूलाई गोतामेले आफ्ना उपन्यासमा सजीव चित्रण गरेका छन् । उपन्यासमा शक्तिकेन्द्रबाट प्रताडित र किनारित वर्गलाई आख्यानीकृत गरिएको छ । विभेदका क्रम र उपक्रमहरूका तात्कालिक विषयवस्तुसम्बन्धी सीमान्तीय समस्याहरू कृतिमा प्रस्तुत गरिएका छन् । त्यसैले जाति, वर्ग र लिङ्गका अधारमा प्रतिनिधित्व र तिनको सीमान्तीकरणको शृङ्खला तथा आवाज र प्रतिरोधी चेतनाको अन्वेषण र विश्लेषणलाई मूल प्राज्ञिक जिज्ञासा नै यस शोधप्रबन्धको प्रश्नको रूपमा रहेको छ । यही मूल जिज्ञासामा केन्द्रित रहेर अध्ययन गरिएको प्रस्तुत शोधका मूल प्रश्नहरू निम्नानुसार रहेका छन् :

(क) ध.च.गोतामेका उपन्यासमा सीमान्त वर्गको प्रतिनिधित्व के कस्तो छ ?

(ख) ध.च.गोतामेका उपन्यासमा सीमान्तीयताको प्रक्रिया कसरी घटित भएको छ ?

(ग) ध.च.गोतामेका उपन्यासमा आवाज र प्रतिरोध कसरी व्यक्त भएको छ ?

## १.३. शोधको उद्देश्य

नेपाली उपन्यासका क्षेत्रमा गुणात्मक योगदान दिने ध.च. गोतामेका उपन्यासका निम्नलिखित पक्षहरूमा रही अध्ययन गर्नु प्रस्तुत शोधप्रबन्धको उद्देश्य रहेको छ :

(क) ध. च. गोतामेका उपन्यासमा सीमान्त वर्गकोको प्रतिनिधित्व स्थिति विश्लेषण गर्नु,

(ख) ध. च. गोतामेका उपन्यासमा सीमान्तीकरण प्रक्रियाको समीक्षा गर्नु,

(ग) ध. च. गोतामेका उपन्यासमा अभिव्यक्त सीमान्त समुदायको आवाज र प्रतिरोधको मूल्याङ्कन गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

सीमान्तीयताको दृष्टिकोणबाट हालसम्म ध.च. गोतामेका उपन्यासको शोधपरक अध्ययन गरिएको छैन । परिवेश अध्ययन, कृतिपरक अध्ययन र गोतामेको उपन्यासकारिता जस्ता क्षेत्रमा अध्ययन त भएको पाइन्छ तर विशिष्ट रूपमा सीमान्तीयतालाई आधार बनाएको पाइँदैन । मन्तव्य, भूमिका, साहित्यिक पत्रिकामा विभिन्न प्रकारका समष्टि समालोचनात्मक आलेखहरू भने प्रकाशित भएको पाइन्छ । तिनै विभिन्न पुस्तक, पत्रपत्रिका तथा अप्रकाशित शोधप्रस्तावहरूमा *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुवै उपन्यासका बारेमा गरिएका व्याख्या र विश्लेषणहरूलाई कालक्रमिक रूपमा यहाँ समीक्षा गरिएको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०२५/२०५८) ले *साझा समालोचना* पुस्तकमा सामाजिक यथार्थवादी उपन्यासमा थप उपलब्धि ध.च गोतामेका *घामका पाइलाहरू र यहाँदेखि त्यहाँसम्म* रहेको कुरा बताउँदै सात साल अघिको पृष्ठभूमिमा सामाजिक जीवनको यथार्थ परिशीलन गर्दै आदर्श र मूल्यान्वेषण गरिएको कुरा उल्लेख गरेका छन् । जसबाट निरङ्कुशवादी राणाशासनको बर्बरता, स्वाधीनता तथा पराधीनताको द्वन्द्वात्मक सामाजिक वास्तविकता भेटाउन सकिन्छ र दुवै उपन्यासको आधार एकात्मक राज्यसत्ता र त्यसले निर्माण गरेको विभेदयुक्त सामाजिक संरचना रहेको कुरा उजागर गर्न सकिन्छ भन्ने कृष्णचन्द्रसिंह प्रधानको प्रस्तुत समालोचनामा राजनीतिक, आर्थिक, सामाजिक आदि दृष्टिले

सीमान्त बनाइएका मानिसहरूका बारेमा चर्चा गरिएको छ । जुन कुरा सीमान्तीकरणको प्रक्रिया अध्ययनमा सहयोग पुगेको छ । यति हुँदाहुँदै पनि यस अध्ययनमा उपन्यासभित्रका अन्य सीमान्तीयताका आयामहरूको पनि अध्ययन गरिएको छ ।

ईश्वर बराल (२०४२) ले *यहाँदेखि त्यहाँसम्म* उपन्यासको भूमिकामा रेलमार्गले विरगञ्जको अभिनवीकरण भएको भन्ने विश्लेषण गरेका छन् । जसबाट त्यहाँ पछौटेपनको पृष्ठभूमि थियो र छ भन्ने प्रस्ट बोध गर्न सकिन्छ । मधेसमूल भएका समुदायका मानिस बसोबास भएको ठाउँमा विभिन्न भेकबाट त्यहाँ मान्छेहरू आउन थालेको र मिश्र संश्लिष्ट संस्कृतिको निर्माण भएको प्रसङ्ग उल्लेख गरेबाट उपन्यास भित्रको सामाजमा वर्गान्तर निर्माण भएको प्रस्ट सङ्केत पाइन्छ । जसले उपन्यासले बोकेको समाजमा विभेदका विविध आयामहरू रहेको देखिन्छ ।

ईश्वर बराल (२०४२) *यहाँदेखि त्यहाँसम्म* उपन्यासको भूमिकामा *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा गाउँको सामाजिक संरचना, संस्कार, चालचलन, रीतिरिवाज, आचारविचार, विधिविधान, प्रभुत्व संस्थान, प्रतिष्ठान आदि रहेको धारणा राखेका छन् । जसबाट उपन्यासमा वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, धार्मिक र अन्यखाले सीमान्तकृत आवाजहरू रहेको प्रस्ट हुन्छ । प्रभुत्व संस्थान, शासन, दमन र शोषणका विभिन्न सामाजिक रूपहरूसँगै सीमान्तीयताका सबै इकाइहरू रहेको तथ्य शोधकार्यका लागि सहायक देखिन्छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०५६/२०५८) ले *उपन्यास सिद्धान्त* **र** *नेपाली उपन्यास* पुस्तकमा समसामयिक विसङ्गतिलाई देखाउँदै दलित चिन्तनलाई पनि प्रस्तुत गरेर आलोचनात्मक यथार्थवादी धारामा ध.च गोतामेका *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* लेखिएको कुरा उल्लेख गरेका छन् । जसबाट अभिजातीय मानिसलाई तथाकथित तल्लो वर्गले छुन नहुने, सामाजिक संस्कारमा सहभागी नगाराउने तथा सामाजिक क्रियाकलापबाट बञ्चित गराउने जस्ता कुप्रथाहरू रहेको कुरा प्रस्ट हुन आउँछ त्यसैले सीमान्तीयताको प्रतिनिधित्व र चेतनाको विस्तृत अध्ययन गर्न सहयोग पुगेको छ ।

माधवराज गौतम (२०६३) ले 'घामका पाइलाहरू उपन्यासको कृतिपरक अध्ययन' मा यस उपन्यासमा तराईका ठाउँहरूको भौगोलिक स्थिति, नदी-नाला, पोखरी, जलवायु, पशुपंक्षी आदिको सर्वाङ्ग वर्णन पाइनाका साथै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक स्थितिको वर्णन र विभिन्न वर्ण, व्यवस्था, जाति, रीतिरिवाज, आचारव्यवहार, खानपान

आदिको समेत सफल चित्रण रहेको कुरा उल्लेख गरेका छन् । गौतमको यो विश्लेषणमा उपन्यासले तराई क्षेत्रको सिङ्गो आर्थिक विषमता र त्यहाँको परम्परागत कठिन जीवनशैलीलाई उपन्यासमा सजीवताका साथ उठाइएको बुझिन्छ । यसरी समग्रमा हेर्दा उपन्यासको वर्ण्य विषय सीमान्तहरूको जीवन वा जीवनदशा हो भन्न सकिन्छ ।

खेम दाहाल (२०६४) ले 'गरिमा' ध.च. गोतामेका उपन्यास एक चर्चामा *घामका पाइलाहरू*बारे लेख्दै उपन्यासमा राणा शासकहरूको स्मरणसँगै बारा जिल्लाको भौगोलिक र सामाजिक अवस्था, कर्मचारीतन्त्र, झगडा, पहाड र मधेसको विभेदी भावना, अप्रत्यक्ष दण्डनीति, आदिको यथार्थ चित्रण रहेको कुरा उल्लेख गरिएको छ । यसरी हेर्दा सत्ता र त्यसका पूजारीहरू, सामाजिक असमानताका परिणामरूपी झगडाहरू साम्प्रदायिक परिदृश्य सीमान्तकृत समाजका आधार हुन् भने अर्कोतर्फ शक्तिहीनमाथि अवलम्बन गरिने एकग्राही दण्डनीति जस्ता सामाजिक चित्रहरू सबै सीमान्तीयता अध्ययनमा सहायक बनेका छन् ।

खेम दाहाल (२०६४) ले 'गरिमा' ध.च. गोतामेका उपन्यास एक चर्चामा यहाँदेखि त्यहाँसम्म उपन्यासमा गाउँबस्ती, क्षेत्र तथा त्यसदेखि वरपरको ठाउँ, मुर्की नदीको किनार र प्रगन्ना गाउँको चित्र प्रस्तुत गरिएको कुरा उल्लेख गरेका छन् । त्यसो त अवसर र पहुँचबाट पर रहेको तराईको गाउँ मुर्की र त्यस गाउँका गरिब, भूमिहीन, ज्यालामजदुर, दलित जस्ता सीमान्तीकृत समुदायको दैनन्दीय जीवनको चित्रण सीमान्तीयता अध्ययनमा विशेष आधार बनेका छन् ।

रमेशप्रसाद भटराई (२०६४) *ध.च गोतामेको उपन्यासकारिता* (२०६४) मा *घामका पाइलाहरू*सम्बद्ध विश्लेषणमा धुली धुसरित तराईको चित्रणमा रमाएका गोतामेले नगर अञ्चल र ग्राम्य अञ्चल गरी दुवै किसिमका क्षेत्र विशेषलाई आफ्नो उपन्यासको कार्यक्षेत्र बानाएको कुरा लेखेका छन् । नेपाली लेखकद्वारा प्रायः उपेक्षित रहेका तराई बासीहरूको रहनसहन र दिनचर्याका सुवाससँग सामाजिक जीवन, सांस्कृतिक पक्ष, पछौटेपन आदिलाई पनि *घामका पाइलाहरू* उपन्यासमा देखाइएको कुरा बताएका छन् । जुन विश्लेषणबाट सामाजिक व्यवहारको तिरस्कारमा परेका र त्यसैमाथि निम्न स्तरको जीवन भोग्न बाध्य तराईबासीको वास्तविकता उपन्यासले बोकेको र उपन्यासको विषवस्तु सीमान्तकृत वर्ग सम्बद्ध भएको प्रस्ट देखिएका छ ।

रमेशप्रसाद भटराई (२०६४) *ध.च. गोतामेको उपन्यासकारिता* (२०६४) मा *यहाँदेखि त्यहाँसम्म*सम्बद्ध विश्लेषणमा ग्रामीण समाजमा हुने शोषण, दमन सुख, दुःख, हर्ष विस्मात, सांस्कृतिका चेतना, सभ्यता, भावना आदि विषयलाई प्रस्तुत गर्दै मुर्कीपलियाको दीनहीन रैती र सामन्तका चित्रण गरी सामन्त विरोधी भावनाको उदय पनि उपन्यासमा रहेको कुरा उल्लेख गरेका छन् । यस विश्लेषणमा समाजमा बढेको वर्गीय र जातीय असन्तुलनले केन्द्र र किनार बीचको तनाब उत्पन्न हँदा किनारीकृत आवजहरू निस्कन थाल्छन् तथा ग्रामीण समाजमा प्रभुत्वशाली वर्गले हालीमुहाली गरेको सन्दर्भ चर्चाले पनि सीमान्तीयताको अध्ययनमा यो सहायक देखिएको छ ।

माधव श्रेष्ठ (२०६६) 'घामका पाइलाहरू उपन्यासको परिवेशको अध्ययन' अप्रकाशित शोधाकार्यमा वीरगञ्ज सहर र यसका आसपासका तराई परिवेशमा रहेका सामाजिक सांस्कृतिक चालचलन, रहनसहन, भाषा, मूल्यमान्यता आदिको चर्चाका साथै रेल्वेको विस्तृत चर्चा *घामका पाइलाहरू* उपन्यासमा गरिएको र यस उपन्यासमा राणाकालीन सामन्ती प्रशासनको चर्चा रहेको कुरा उल्लेख गरेका छन । यस विश्लेषणबाट वीरगञ्जको तात्कालिक समाजमा रहेको अभाव र पछौटेपनका कारण सम्भ्रान्तीय संस्कृति दमनकारी भएर मौलाएको देखिन्छ । राणकालीन प्रशासको चर्चाले त्यतिखेरको राजनैतिक जीवन, अवस्था, स्थिति तथा सत्ता र शक्तिको दुरूपयोग मनपरि हुनेगरेको कुरा झन सहजै अनुमान लगाउन सकिन्छ जुन विषय सीमान्तीयतासँग सान्दर्भिक भएर आएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) ले*नेपाली उपन्यासको इतिहास* पुस्तकमा विभिन्न अनुकूल–प्रतिकूल र स्त्रीपुरुष वर्गीय सहभागितामा कथानकलाई अघि बढाइएको बहुपात्रीय उपन्यास भएको कुरा व्यक्त गरेका छन् । ग्रामीण सामाजिक परिवेशप्रति विशेष मोह राखी तात्कालीन निम्न वर्गीय सामाजिकताको यथार्थमूलक प्रस्तुति घामका पाइलामा रहेको कुरा पनि लुइटेलले लेखेका छन् । जसबाट तात्कालीन गग्रमीण समाजको लैङ्गिक असमानता र उत्पीडित, उपेक्षित, गरिब, दबिएको, दमित, दलित आदि विषय र प्रसङ्गहरू सीमान्तीयता सापेक्ष भएर आएका छन् ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) *नेपाली उपन्यासको इतिहास* पुस्तकमा उपन्यासकार ध. च. गोतामेको उपन्यास *यहाँदेखि त्यहाँसम्म* तराईली जनजीवनसँग सम्बद्ध विषयवस्तुमा आधारित उपन्यास हो । बारा जिल्लाको चालचलन, रहनसहनका साथै कतिपय ऐतिहासिक सन्दर्भलाई जोडेर ग्रामीण परिवेशको चित्रण गरिएको छ । भने अर्कोतर्फ वर्गीय विभेदलाई

प्रस्तुत गर्दै यथास्थितिको पनि विरोध गरिएको र धनी गरिब, शिक्षित अशिक्षित, सहरिया, गाउँले आदि विविध खाले सहाभागिको प्रयोग गरेको कुरा उल्लेख गरेका छन् । जुन विश्लेषणबाट सामन्ती व्यवस्था र त्यसले सृजना गरेको सामाजिक असन्तुलनलाई देखाइएको कुरा प्रस्ट हुन्छ । यहाँनेर प्रभुत्वशाली सामाजिक सांस्कृतिक चपेटामा परेका सीमान्तीकृत समुदाय र तिनका दिनचर्यलाई प्रस्तुत गरेको कुरा खुल्न आउँछ जुन यस विषयको महत्त्वपूर्ण र केन्द्रीय पक्ष हो ।

नवीनकुमार उप्रेती (२०७३) 'ध.च. गोतामेका उपन्यासमा परिवेश विधान' मा *घामका पाइलाहरू* उपन्यास तराईबासीको सामाजिका जीवन, उनीहरूको भोगाइ, सोचाइ, चालचलन रीतिरिवाज, संस्कृति, भाषा आदिको जीवन्त चित्रण रहेको कुरा बताएका छन् । जुन विषयले तात्कालिक तराईको समाजमा रहेको विषमता, त्यसले निर्माण गरेको कुलीन संस्कृति र त्यसैको चपेटामा रहेका श्रमजीवी तथा निम्न वर्गको निम्न संस्कृतिलाई प्रस्तुत गरेको कुरा विश्लेषण गर्न सकिन्छ । त्यस्तो अभावग्रस्त र अलिखित जिजीविषानै यस शोधको समस्या रहेकाले यस अवधारण सहायक बनेर आएको छ ।

नवीनकुमार उप्रेती (२०७३) 'ध.च. गोतामेका उपन्यासमा परिवेश विधान' मा *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा आएका पात्रहरू कोही ब्राहमण, कोही दमाई, कोही सार्की, कोही वैद्य, कोही गुरु,  कोही जमिनदार, कोही धनी, कोही गरिब आदि विविध खाले रहेको कुरा उल्लेख गर्दै तात्कालीन समयको समाजमा पाइने सामन्ती, शोषक र परपीडक प्रवृत्ति तथा नारीको निरीह कष्टकर नियतिलाई देखाइएको कुरा लेखेका छन् । जसबाट सामाजिक अधिरचना सामन्ती रहेको र त्यसले सृजना गरेको सकसपूर्ण र अवहेलनाको जीवन देखाइएको कुरा प्रस्ट हुन आउँछ । अर्कोतर्फ बहुजातिय  सुन्दर समाजमा जातीयता विभेदको  आधार बनेर विकसित भइरहेको प्रसङ्ग यस विषयसँग अन्योन्याश्रित सम्बन्ध राखेकाले सहायक बनेको छ ।

राजेन्द्र सुवेदी (२०७३ ) *सांस्कृतिक अध्ययन र नेपाली साहित्य* मा ध.च.गोतामेका दुवै उपन्यासमा सीमान्तीयताका उपऱ्युक्त प्रकारका आधारमा व्याख्या हुनसक्ने कृति बनेका छन् । नेपाली समाजको चन्द्रशमशेरकालीन इतिहासको क्षण, त्यस समयमा जीवन निर्वाह गर्ने नेपाली जाति र त्यसभित्रका प्रजातिहरू, नेपालको पर्साको वीरगञ्ज, बाराको कलैया र रौतहटको मुर्कीपलिया लगायतको परिवेशको प्रयोग भएका उनका उपन्यासहरू सीमान्तीयताका अनेक संवेदना लिएर प्रस्तुत भएका छन् भन्ने कुरा उल्लेख गर्दै दुवै

उपन्यासमा तराईका कुलीन र अभिजातहरू तराईकै सीमान्ततीयहरूले भोग्नु परेको दारुण अवस्था गोतामेका उपन्यासले प्रतिपादन गरेका छन् भनेर प्रस्ट रुपमा भनिएको. छ । जसले यो कुराको प्रस्ट हुन्छ कि गोतामेका उपन्यासमा सीमान्तीयताको अध्ययन र विश्लेषणको गरिनु सान्दर्भिक र प्राज्ञिक हुन्छ ।

उपर्युक्त पूर्वकार्यबाट एउटा निष्कर्षमा पुग्न सकिन्छ कि ध.च. गोतामेका उपन्यासमा कृतिपरक, परिवेशगत र आञ्चलिकतामा रहेर अध्ययन गरिएको पाइन्छ । केही छिटफुट रूपमा सामाजिक विषमता, विभेद, दमन, शोषण, आदि विषयप्रसङ्गमा विभिन्न समालोचना, अनुसन्धान र अध्ययन भए तापनि विशिष्ट तरिकाले सांस्कृतिक अध्ययनभित्र रहेर सीमान्तीयताको प्रतिनिधित्व, प्रक्रिया तथा आवाजको एकमुष्ठ सूक्ष्म अध्ययन नभएको कुरा माथि उल्लिखित पूर्वकार्यबाट प्रस्ट हुन्छ तसर्थ यहाँका शोध्य समस्याहरू नवीन र अनुसन्धेय छन् भने यसबाट निस्किएका निष्कर्ष पनि वस्तुगत, महत्त्वपूर्ण र प्राज्ञिक रहेका छन् ।

## १.५ शोधको औचित्य र महत्त्व

प्रस्तुत *ध.च. गोतामेका उपन्यासमा सीमान्तीयता* शीर्षकको शोधकार्य सांस्कृतिक अध्ययनको नवीन समालोचना परम्परामा विकसित सीमान्तीयताका दृष्टिले विश्लेषण गरी वस्तुगत निष्कर्ष स्थापित गरिएको छ । ध.च. गोतामेका उपन्यास *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुवैमा पूर्वदीप्तीका रूपमा र विषयवस्तुका रूपमा पनि किनारीकृत वर्गको उपस्थिति रहेको छ । त्यसैले यो एक अनुसन्धेय विषय हो । यसको प्राज्ञिक औचित्य पनि रहेको छ । गोतामेका उपन्यासमा कृतिपरक, परिवेशपरक र साहित्यमा योगदान जस्ता विषयमा अध्ययन भएका छन् तर उनका उपन्यासमा रहेर वर्गीय, जातीय, र लैङ्गिक सीमन्तको प्रतिधित्व, सीमान्तीकरणको प्रक्रिया, आवाज र प्रतिरोध चेतनासम्बन्धी अवधारणाका बारेमा अध्ययन नभएको तथ्य पूर्वकार्यबाट पुष्टि भइसकेको छ ।

विशेषत : राजनीतिक व्यवस्थाको उपरी संरचनाअनुसार आधार संरचनाहरू निर्माण हुने गर्दछन् । केन्द्रिकृत शासन प्रणालीबाट निम्न वर्ग प्रताडित भएर बाँच्नुपरेको छ । भने सम्भ्रान्त वर्गको बोलबाल रहेकाले अधीनस्थ वर्ग आवाज निकाल्न पनि धेरै सोच्नुपर्ने बाध्यता रहेको छ । आधुनिकतासँगै गरिबी र वर्गान्तर झन गहिरिँदै गइरहेको छ जसले समाजमा थप केन्द्र र किनाराको वातावरण बनाइरहेको देखिन्छ । जातिप्रथा, लैङ्गिक विभेद

र पितृसत्ताले समाजको सुन्दरता विगारेको छ तसर्थ यो अध्ययन र समीक्षाले समाजमा समता र समानता कायम राख्न सहयोग पुग्नेछ । भूमण्डलीकरण र बोक्रे आधुनिकताले श्रमजीवी वर्गको जीवन झन किनारीकृत हुँदै गएको तथ्य उद्घाटनले समस्या समाधानको अभावपूर्ति यस कार्यले गरेको छ । साहित्य, समाज, मानव र विकासमा रुचि राख्ने जो कोहीलाई यस शोधले दिएको मौलिक निष्कर्षले सदा मार्गदर्शन गर्ने हुनाले यसको उपयोगिता र औचित्य स्पष्ट छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

ध.च. गोतामेका उपन्यास *घामका पाइलाहरू* (२०३५) र *यहाँदेखि त्यहाँसम्म* (२०४२) मा केन्द्रित रहेको छ । यिनै कृतिहरूमा सीमान्तीयताको प्रतिनिधित्व, प्रक्रिया र सीमान्तहरूको आवाज तथा प्रतिरोध चेतनाका आधारमा अधययन विश्लेषण गरिएको छ । उनका उपन्यासमा विभिन्न वर्गीय पात्र मूल केन्द्रका रूपमा आएका छन् । किनारीकृत वर्गका समस्याहरू दुवै उपन्यासमा देखाइएका छन् भने  सामाजिक विषमतालाई पनि चित्रण गरेको पाइन्छ । यस अध्ययनभित्र सीमान्त समुदायको पहिचान, शक्ति सम्बन्ध, प्रभुत्व, दमन, सङ्घर्ष र प्रतिसङघर्ष सीमान्तप्रति लेखकीय दृष्टिकोण  वर्चस्व जस्ता सैद्धान्तिक मान्यताहरूमा अध्ययन गर्न सकिने भएता पनि विशेषतः सीमान्त पात्रको प्रतिनिधित्व, प्रक्रिया र सीमान्तहरूको आवज तथा प्रतिरोध चेतनाका जगमा मात्र अध्ययन गरिनु यस अध्ययनको सीमा रहको छ ।

## १.७. शोधविधि

यस शोधकार्य सम्पन्न गर्नका लागि सामग्री सङ्कलन कार्यप्रक्रिया,  विश्लेषणको सैद्धान्तिक  पर्याधार तथा अर्थापन यसप्रकार रहेका छन् :

### १.७.१ सामग्री सङ्कलन कार्य

*ध.च. गोतामेका उपन्यासमा सीमान्तीयता* शीर्षकको यस शोधकार्यका मुख्य रूपमा उनका उपन्यासहरू *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म*लाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । गोतामेकै कृतिमा रहेर विश्लेषण गरिएका विभिन्न कृतिहरू र सीमान्तीयतासम्बन्धी सिद्धान्तका पुस्तकहरू लिइएको छ । यसरी पुस्तकालयीय अध्ययन कार्यका आधारमा यस शोधकार्यमा मूल र सहायक सामग्रीका सूक्ष्म अध्ययन गरी उल्लिखित

प्राज्ञिक जिज्ञासाहरूको समाधानार्थ सीमान्तीयतासम्बन्धी समष्टि रूपमा सामग्री सङकलन गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

प्रस्तावित यस शोधसमस्यासँग सम्बन्धित रहेर ध.च गोतामेका उपन्यासमा सूक्ष्म रूपमा सीमान्तीयताको सिद्धान्तका आधारमा सीमान्तीयताको प्रतिनिधित्व, प्रक्रिया र सीमान्तहरूको आवाज तथा प्रतिरोधी अवस्था र स्थितिको विश्लेषण मुख्यतः पाठ विश्लेषण विधिअनुसार व्याख्यात्मक र विश्लेषणात्क पद्धतिबाट गरिएको छ । जसमा सामग्री विश्लेषणको ढाँचा निम्नानुसार रहेको छ :

क) पाश्चात्य समालोचना परम्पराको आधारमा विकसित सीमामन्तीयताको (सबाल्टर्न) सैद्धान्तिक अवधारणामा टेकेर सीमान्त वर्गको प्रतिनिधित्वलाई दुवै उपन्यासका सूक्ष्मरूपमा साक्ष्यहरूमा आधारित भएर विश्लेषण गरिएको छ ।

ख) ध.च. गोतामेका उपन्यासमा प्रयुक्त सम्भ्रान्त तथा अभिजात वर्ग र त्यसले निर्माण गरेको विषमताका आधारमा सीमान्तीकरण प्रक्रिया विश्लेषण गरिएको छ । राज्यशक्ति, पितृसत्ता, बौद्धिक शक्ति, विभिन्न भाष्य, सहमति, भ्रमहरू, प्रथाहरू, षड्यन्त्र आदि प्रयोग गरेर कुन तरिकाले सीमान्तकृत गरिएको छ भन्ने कुराको विश्लेषण गरिएको छ ।

ग) तथाकथित उपल्लो जातिले निर्माण गरेको सामाजिक व्यवस्था वा पुँजीवादको औजार बनेका आम नागरिक र उन्मुक्तिमा तड्पिरहेको जाति, वर्ग वा समुदायको मूर्त तथा मौन आवाज र प्रतिरोधलाई सीमान्तीयताको अवधारणामा रहेर विश्लेषण गरिएको छ ।

यसरी दुवै उपन्यासलाई सीमान्तीयताको अवधारणसँग रहेर व्याख्यात्मक तथा विश्लेषणत्मका पद्धतिको उपयोग गरेर सामग्रीको विश्लेषण गरिएको छ । विश्लेषणात्मक, वर्णनात्मक र आवश्यकाताअनुरूप तुलनात्मक विधिलाई पनि अवलम्बन गरिएको छ ।

### १.७.३ विश्लेषणको सैद्धान्तिक आधार

खासमा सांस्कृतिक अध्ययन र उत्तर औपनिवेशिक अध्ययनसँग सम्बन्धित सीमान्तीयता केही मात्रामा नव तथा उत्तर मार्क्सवादसँग पनि जोडिएको छ । साहित्यको क्षेत्रमा विकसित सीमान्तीयताले आवाजविहीन, इतिहास विहीन उपेक्षित, सर्वहारा, तथा अधिकारविहीन वर्गलाई बुझाउँछ । नेपालका परिप्रेक्ष्यमा अवरजन भनेको मुख्यतः ग्रामीण

गरिबहरू, दलितहरू, असाक्षरहरू, द्वन्द्वपीडितहरू हुन् । सामान्य तः गरिब शब्दले ढाक्ने किसान मजदुर आदि सम्पूर्ण आमजनता यसअन्तर्गत पर्छन् ।(शर्मा, २०७० : ३१५) यसरी हेर्दा मोहनराज शर्माले सीमान्त वर्गलाई समानार्थी शब्द अवरजन प्रयोग गर्दै सामाजिक, सांस्कृतिक, राजनैतिक जस्ता विविध पक्षहरूबाट हेपिएका तथा किनारामा परेकाका बारेमा अध्ययन गर्नु नै सीमान्तीयता भएको देखिन्छ । कार्लमार्क्स, आन्तोनियो ग्राम्ची, एरिक हब्सन, एडवार्ड पाल्मर, थोम्पसन, रोलावार्थ, मिसेल फुको, हाइडेगर आदि पाश्चात्य अवधारणबाट प्रभाव ग्रहण गरेको यो सिद्धान्त मूल रूपमा एसियाली भूमि भारतबाट सुरु भइ विश्वभरि फैलिएको देखिन्छ ।

सीमान्तीयताका प्रखुक प्रवर्तक वा यस शोधका सैद्धान्तिक रूपमा प्राथमिक स्रोतका रूपमा रहेकी गायत्री चक्रवर्ती स्पिभाकले आफ्नो *के सबाल्टर्न बोल्न सक्छन्* पुस्तकमा भनेकी छन् : औपनिवेशिक उत्पादनका सन्दर्भमा सबाल्टर्नको कुनै इतिहास छैन् र बोल्न सक्दैन । महिलाको रुपमा सबाल्टर्न झन गहिरो छायामा छ । (स्पिभाक, १९९३ :८३) यसरी हेर्दा सीमान्तीयताले राज्यको तहमा उपनिवेशसम्म र सामाजिक संरचनको तहमा हावाजविहीनलाई चिनाउने गरेको कुरा प्रस्ट हुन्छ । त्यस्तै अर्का प्रमुख चिन्तक एन्तोनियो ग्राम्चीले आफ्नो किताब *प्रिजन नोटबुक* मा भनेका छन : सबाल्टर्न वर्गहरू एकताबद्ध हुँदैनन् र उनीहरू राज्य बन्न सक्षम नभएसम्म एकता हुन सक्दैनन् । तिनीहरूको इतिहास नागरिक समाजको इतिहाससँग गाँसिएका छ । (ग्राम्ची, २००७ :५२) यो भनाइबाट समाजमा जबसम्म सीमान्त वर्गका आवजहरू बुलन्द हुँदैनन् तबसम्म राज्यले प्रमुखताका साथ नलिने र सधैँ किनारामै रहनुपर्ने हुन्छ । जब सीमान्तहरु एक हुन्छन् तब मात्र उनीहरू राज्य बन्न सक्ने धारणा यहाँ प्रस्तुत भएको छ । यसरी हेर्दा बोल्न नसक्ने समाजमा किनारीकृत समूहहरू, तल्लो तप्काका व्यक्तिहरू, थिचोमिचो, भेदभावमा परेकाहरू, कृषकहरू, अशिक्षितहरू सबै यसका विषयक्षेत्रहरू रहेको देखिन्छ ।

मोहनराज शर्मामाको *'अवरजन अध्ययन र साहित्य'* शीर्षकको लेखमा उनको भनाइ यस्तो रहेको छ :

> "विशिष्ट रूपमा भन्नुपर्दा अवरजन त्यस्तो समूह हो जो सामाजिक, आर्थिक, राजनीतिक र क्षेत्रीय दृष्टिबाट सत्ता, शक्ति र प्रभुत्वको संरचनाभन्दा बाहिर पारिको हुन्छ । ग्राम्चीले यसको पहिचान त्यस्तो सामाजिक समूहका रूपमा गरेका छन् जसलाई समाजमा स्थापित राजनैतिक प्रतिनिधित्वबाट पर उछिट्टयाइएको छ ।

> उनका विचारमा प्रतिनिधित्व भनेको त्यस्तो साधना हो जसद्वारा समाजमा आफ्नो आवाज सुनाइन्छ । अवरजनहरू स्वयम्भित्र निकै सामर्थ्यवान् भएर पनि सम्भ्रान्तद्धारा अशक्त र असमर्थ तुल्याइएको हुन्छ । (शर्मा, २०७०:३१७ )

यसरी अवरजनलाई सीमान्तीयताको समानार्थी शब्दका रूपमा प्रयोग गर्दै यसले समाजको अथवा सहित्यमा रहेको अवर, विपन्न, शोषित, दलित, दमित, लाचार, अप्रबुद्ध, असम्भ्रन्त वर्ग तथा इकाइलाई राखेको पाइन्छ ।

कृतिभित्र समाजको चित्र हुन्छ र त्यही कृतिमा रहेको हेपिएको वा तल्लो दर्जामा रहेको मात्र सीमान्त चरित्र हो । कृतिमा प्रधिनिधित्व गरेका वर्गीय पात्रहरू घटना तथा उपघटनामा आफ्नो उपस्थिति कुन रूपमा देखाइरहेका छन्, कसरी बोलेका छन्, कसका लागि बोलेका छन्, प्रभावमा बोलेका छन वा बोल्नै सकेका छैनन्, लेखक स्वयम् बोलिदिएको छ ? जस्ता प्रश्नहरूको आवाज सीमान्त आवज हो । भने त्यसको विपरीत सीमान्तीय क्षेत्रमा रहन विवश भएकाहरूले आफूभन्दा विकसित र सभ्य भनाउँदाहरूको अनुकरण गरेर बाँच्न पाउँदाको स्थितिमा आफू सीमान्तबाट मुक्त हुन सकेको बोध गरिने स्थितिका सन्दर्भहरू पनि प्रकट भएका हुन्छन् । (सुवेदी,२०७३ :२४०) यसरी हेर्दा सीमान्त कता भुलिरहेका छन्, सामाजिक, राजनैतिक तथा सांस्कृतिक रूपमा अवमूल्यन् के कसरी भएको हो र कसरी सीमान्तकृत वर्ग निमार्ण भइरहेको छ ? जस्ता प्रश्नहरू पनि यस अध्ययनको ध्येय रहेका छन् । आफ्नो अस्तित्व र पहिचानको लागि सीमान्तहरू बोलेका छन् कि छैनन् भन्ने कुरा प्रतिरोधी आवाज वा चेतना हो जसलाई सैद्धान्तिक आधार बनाएर यस शोधमा अध्ययनविश्लेषण गरिएको छ ।

सीमान्तीयता नेपाली साहित्यमा पछिल्लो र नवीन अवधारण हो । ध. च. गोतामेका उपन्यासलाई यस शोधकार्यमा विशेष : सीमानतीयताको अवधारण सम्बद्ध भएर विश्लेषण र अनुसन्धान गरिएको छ । *घामका पाइलाहरू* र *यहाँदेखि त्यँहासम्म*लाई सीमान्तीयता अन्तर्गत सीमान्तीयताको प्रतिनिधित्व, प्रक्रिया र सीमान्तहरूको आवज तथा प्रतिरोधी स्थितिको विश्लेषण गर्ने आधारलाई अध्ययनको मूल सिद्धान्त मानिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

शोधप्रबन्धलाई व्यवस्थित गर्नका निमित्त निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : ध.च. गोतामेका उपन्यासमा प्रतिनिधित्वको अवस्था

तेस्रो परिच्छेद : ध.च. गोतामेका उपन्यासमा सीमान्तीकरणको प्रक्रिया

चौथो परिच्छेद : ध.च. गोतामेका उपन्यासमा आवाज र प्रतिरोधी चेतना

पाँचौं परिच्छेद : सारांश र निष्कर्ष

उक्त परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक उपशीर्षकहरूमा विभाजन गरी अध्ययन, विश्लेषण गरिएको छ । शोधप्रबन्धको अन्त्यमा सन्दर्भ सामग्री सूची राखिएको छ ।

## दोस्रो परिच्छेद

## ध.च. गोतामेका उपन्यासमा प्रतिनिधित्वको अवस्था

### २.१ विषयप्रवेश

ध.च. गोतामेका उपन्यासमा आञ्चलिकता तथा प्रगतिवादी आवाज मुखरित भएको पाइन्छ । उनले दुवै औपन्यासिक कृतिमा सीमान्त पात्रहरूको छनौट गरेर तिनीहरूको सामाजिक, आर्थिक हालत तथा जिजीविषालाई सजीव चित्रण गरेका छन् । उनका *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा सीमान्तीयताको कोणबाट प्रतिनिधित्व कसरी प्रस्तुत भएको छ भन्ने कुरा सूक्ष्म रूपमा निरूपण गर्ने प्रयास यहाँ प्रभावकारी रूपमा गरिएको छ । उनका उपन्यास भित्रको समाजमा आर्थिक सम्बन्धमा आधारित निर्मित वर्गान्तर र तिनीहरूका बिचको असमानता, बेमेल, दमन, शोषण, द्वन्द्व, विभेद, हेपाइ र अपमानलाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा प्रस्तुत किनारीकृत समुदायका पात्रहरू वर्गीय, जातीय तथा लैङ्गिक प्रतिनिधित्व कसरी प्रकट भएको छ भन्ने कुराको अध्ययन यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

ध. च. गोतामेले तात्कालीन समाजको यथार्थ चित्रण गर्ने उत्कृष्ट उपन्यासकार हुन् । उनले उपन्यासमा विभिन्न वर्गीय पात्रहरू उपस्थित गराएर उनीहरू बिचको असन्तुलित सम्बन्ध, घातप्रतिघात, उत्पीडन, दमन, शोषण तथा प्रताडनलाई सरल रूपमा प्रस्तुत गरिएको छ । उनका उपन्यासमा जमिनदार तथा सम्भ्रान्त वर्गको सामाजिक प्रवृत्ति, अमानवीय विसङ्गति र त्यसबाट प्रताडित वर्गलाई समाजका विभिन्न भूमिकामा राखेर चित्रण गरिएको छ । निरीह र अपमानमा बाँचिरहेका वर्गप्रति सहानुभूति र समानुभूति राख्दै उपन्यासकारले वर्गीय चेतलाई र प्रतिनिधित्वलाई उपन्यासमा प्रस्तुत गरेको देखिन्छ । जीवन निर्वाह गर्न सहेरै भएपनि पसिना बगाइरहेका वर्ग र त्यही पसिनामा पौडी खेल्ने साहु तथा सम्भ्रान्त वर्गलाई उपन्यासमा प्रतिनिधिमूलक रूपमा उभ्याइएको छ । सत्ता र शक्तिका भरमा सामाजिक संरचनामा आफ्नो प्रभुत्व जमाएकाहरूबाट निम्नवर्ग दयनीय जीवन भोगिरहेको कुरा उपन्यासमा चित्रण गरिएको छ । मूल रूपमा उपन्यासमा दमन र प्रभुत्व प्रक्रियामा किनारीकृत समुदाय लाचार भएर उभिएको देखाउँदै उपेक्षित भएर बाँच्नुपरेका व्यक्ति, परिवार र समुदायको प्रतिनिधित्वलाई यथातथ्यरूपमा प्रस्तुत गरिएको छ ।

## २.२ सीमान्तीयताको अध्ययनमा प्रतिनिधित्वसम्बन्धी अवधारणा

सांस्कृतिक अध्ययनको एउटा महत्त्वपूर्ण अवधारणा सीमान्तीयता हो । सीमान्तीयताले इतिहासहीन, आवजहीन, तथा सदियौँदेखि हेपिएका र शासनको चपेटामा सधैँ किचिएका समुदाय र पहिचानमा गुमनाम भएका वर्गलाई जनाउँदछ । समाज स्वाभाविक रूपमा दुई वर्गमा विभक्त भएको हुन्छ एक प्रभुत्वशाली र अर्को उत्पीडित । प्रभुत्वशीली वर्गले जहिले पनि समाजम संवाद, सहमति तथा भ्रमहरू प्रयोग गरेर निम्नवर्गीय मानिसहरूलाई आफ्नो मुठ्ठीमा राखी अधीनस्थ गराउँदछन् । यसरी उपन्यासमा उपन्यासकारले वर्गीय, जातीय र लैङ्गिक सीमान्त पात्रहरूको प्रतिनिधित्व कसरी गराएका छन् भन्ने कुराको जिज्ञासालाई यस अध्ययनको मूल विषय बनाइएको छ ।

साहित्य समाजको ऐना हो । समाजमा हुने सम्पूर्ण कार्य तथा घटित घटनाक्रमहरू यसमा चित्रित हुने गर्दछ त्यसो त अन्य विविध क्षेत्रहरूभन्दा साहित्यमा सीमान्त वर्गको उपस्थिति विशिष्ट र उल्लेख्य रहेको पाइन्छ । यस सन्दर्भमा तारालाल श्रेष्ठ (२०६८) लेख्छन् :

> सीमान्तीय अध्ययनको उद्देश्य सामाजिक इतिहासको पुनर्लेखन गर्नुमा मात्रै सीमित रहेको छैन । इतिहास, राजनीति, अर्थशास्त्र र समाजशास्त्र हुँदै सीमान्तीय अध्ययन साहित्य अध्ययनसँग पनि सम्बन्ध गाँस्न आइपुगेको देखिन्छ । साहित्यमा स्रष्टा, समाज र संस्कृतिबिच अन्तर्सम्बन्ध स्थापित भएर कुनै पनि कृतिको जन्म हुने भएकाले सबाल्टर्नको प्रतिनिधित्व इतिहासमा भन्दा साहित्यमा प्रखर रूपले हुन्छ । साहित्यको सम्बन्ध मानवीय भावना, निजत्व र अन्तरआत्मासँग बढी सम्बन्धित भएकाले स्रष्टाले सपना, कल्पना र यथार्थको सम्मिश्रणद्वारा वा विशिष्ट बिम्बको प्रयोगका माध्यमबाट सबाल्टर्नको प्रतिनिधित्व गर्दा शक्तिकेन्द्रसँग मौन सम्झौताको स्पेस निर्माण गरेर भए पनि साहित्यमा सबाल्टर्नको बढी प्रतिनिधित्व हुन्छ । (पृ. २४९) ।

कृतिभित्रको समाजमा पात्रहरुले विभिन्न भूमिका निर्वाह गरिरहेका हुन्छन् भन्ने पात्र, विचार, विषयहरू व्यक्तिगत हुन वा सामूहिक नै किन नहुन भिन्न तरिकाले समाजको प्रतिनिधित्व गरेकै हुन्छन् । समाजका विविध आवाजहरूलाई बोक्ने साझा व्यक्ति वा विचार

नै कृतिमा प्रतिनिधिमूलक आवज भएर मुखरित भएको हुन्छ । प्रतिनिधित्वका यस सन्दर्भमा बार्करका अवधारणको विमर्श गर्दै रमेशप्रसाद भट्टराई (२०७०) लेख्छन् :

> सांस्कृतिक अध्ययनको मुख्य प्रश्न प्रतिनिधित्वको प्रश्न हो । प्रतिनिधित्वको केन्द्रीय विषय समाजको संरचना कसरी निर्माण भएको छ र त्यसमा जनताको प्रतिनिधित्व कसरी भएको छ (बार्कर, सन् २००८,पृ.८) भन्ने नै हो । सांस्कृतिक अध्ययनको मुख्य विषय नै प्रतिनिधित्वको अभ्यासको बोध गर्नु नै हो । यसको तात्पर्य पाठहरूले प्रस्तुत गर्ने अर्थको खोजी गर्दा प्रतिनिधित्वको खोजी गरिन्छ भन्ने नै हो । त्यसैले साहित्यमा प्रतिनिधित्वको खोजी पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा, संस्थाहरू र अर्थतन्त्रका आधारमा गरिन्छ । वर्तमान परिवर्तित विश्वमा यी पद्धतिहरूमा प्रतिनिधित्वलाई आधार बनाएर मात्र विश्लेषणको नजिक पुग्न सकिन्छ भन्ने मान्यता सांस्कृतिक समालोचकहरूको छ । (पृ.३३६)

सामान्यतया नेतृत्व वा चुनेर पठाएको मानिसलाई प्रतिनिधित्व भनिन्छ । जसरी समाजमा विभिन्न नेताहरूले समाजको विचार, समस्या तथा आम सवालको प्रतिनिधित्व गरेका हुन्छन् । त्यस्तै अर्कोतर्फ लेखकले, कलाकारले, चित्रकारले तथा नेताले पनि बोल्न नसक्ने वा नखुलेको अमूर्त विषय तथा घटनाको प्रतिनिधित्व गरेकै हुन्छन  किनकि समाजमा त्यस्तो सौन्दर्यपूर्ण सीमान्त वर्ग रहेको हुन्छ जो कहिल्यै स्वयम् अगाडि आएर बोल्न सक्दैनन् । यसै सन्दर्भैमा  मोहनराज शर्मा (२०७०) ले सीमान्तीकृत वर्ग समुदायका मानिसहरूलाई बोल्न र प्रतिनिधित्व गर्न नसक्नेको समूहका आधारमा  स्पिभाकका वैचारिक मान्यताको चर्चा गर्दै अगाडि लेख्छन् :

> गायत्री चक्रवर्ती स्पिभाकले के अवरजन बोल्न सक्छन् ? भन्ने प्रश्न उठाएकी छन् । यस प्रश्नको उत्तर पनि उनी आफैंले दिएकी छन् । उनका विचारमा अवरजन आफ्ना निम्ति बोल्न सक्दैनन् । तसर्थ बौद्धिक वर्गले तिनका लागि बोलिदिनु पर्छ भन्ने उनको मान्यता रहेको छ । त्यसो त अवरजन आफ्ना सुख दुःख व्यक्त गर्न सक्दैनन् भन्ने होइन तर त्यस्ता अभिव्यक्तिको स्वर ज्यादै मसिनो भएकाले नसुनिएर आफैं दबिन्छ वा अरू कसैले नसुनोस् भनेर शक्तिशालीद्वारा दबाइन्छ । स्पिभाकका विचारमा अवरजन आफ्नो प्रतिनिधित्व पनि आफैं गर्न सक्दैनन् तसर्थ बौद्धिक वर्गले तिनको प्रतिनिधित्व गरिदिनु पर्छ भन्ने उनको मान्यता छ । (पृ. ३१८)

प्रतिनिधित्व सत्ता हुँदै विचारधाराको तहमा पुगेपछि त्यसले अस्तित्व वा आकार पाउँछ । समाजमा समूहको निर्माण वा सामूहिक भावनाको बहन गर्ने माध्यम प्रमुख रूपमा भाषा रहेको छ । जसले  सामाजिक अर्थसँगै राजनैतिक अर्थ पनि राख्दछ भन्दै पहिचानको नजिक राखेर प्रतिनिधित्वको अवधारणालाई प्रस्ट पार्न रमेशप्रसाद भट्टराईले (२०७७ ) एडगर र सेगविकको अवधारणालाई आधार मान्दै लेख्छन् :

> प्रतिनिधित्वलाई उत्तरसंरचनावादीहरू भाषाका तहमा हेर्छन् । भाषामा व्यक्त प्रतिनिधित्व र विश्वको अनुभवको भाषा वैज्ञानिक प्रतिनिधित्वका अर्थमा भाषामा यसको प्रयोग भए पनि सामाजिक अर्थमा यसका दुई सन्दर्भ छन् । पहिलोले राजनीतिक अर्थ राख्छ भने दोस्रोले अभ्यास र मूल्यको सम्बन्धका आधारमा हुने प्रतिनिधित्वको बोध गराउँछ । राजनीतिक सन्दर्भमा यो संस्थागत एकाइ वा दबाब समूहका रूपमा काम गर्ने  वा लोकतान्त्रिक प्रक्रियामा आधारित हुन्छ भने अभ्यास र मूल्यका आधारमा यसले कुनै विशिष्ट सामाजिक समूहहरूमा बिम्बहरूलाई प्रस्तुत गर्दछ । यथार्थमा यसले पहिचान निर्माण गर्न सक्नुपर्दछ । यस्तो प्रतिनिधित्व पहिचानसँगै विचारधारा र सत्ताको प्रश्नमा जोडिँदै विमर्श निर्माणको तहमा पुग्न सक्यो भने नयाँ बिम्बहरूको निर्माण हुने प्रक्रिया कार्यान्वयन हुन्छ । यसरी लिङ्ग, जाति र यौनिकता जस्ता समस्याहरू र यसका बारे बनेका अवधारणाहरू प्रतिनिधित्वका प्रश्न बन्न पुग्दछन् । (पृ.१७९)

अवरजन शब्दलाई सवाल्टर्न शब्दको समानार्थी रूपमा प्रयोग गर्दै यसलाई खास समुदायको रूपमा मोहनराज शर्माले  (२०७०) चिनाएका छन् । यो वर्ग शासन चलाउने वर्ग वा हैक गर्नेवर्ग नभएको कुरा गर्दै अधीनस्त समुदायको रूपमा प्रस्तुत गरेका छन् । उनले  आफ्नो लेख 'अवरजन अध्ययन र साहित्य' शीर्षकको लेखमा अवरजनको परिभाषा दिँदै भनेका छन् :

> सोझो अर्थमा भन्ने हो भने अवरजनले सर्वसाधारण  जनतालाई बुझाउँछ । तल्लो तप्का वा दर्जाको कुनै समूह, समुदाय वा व्यक्ति हुनसक्छ । सामान्य रूपमा भन्नु पर्दा यो शोषित, दलित आदि यावत् गरिबहरूको जमात हो । निमुखाहरूको जमात भएकाले यसको आफ्नो बोली वा आवाज हुँदैन । राष्ट्रनिर्मािमा यसले कालान्तरदेखि नै अरूहरू जत्तिकै योगदान दिए पनि न यसको इतिहास हुन्छ  न यसको इतिहासमा नाम नै हुन्छ । यो युगौँदेखि शासित भएर बाँचेको छ । विशिष्ट रूपमा भन्नुपर्दा

अवरजन त्यस्तो समूह, समुदाय, वा व्यक्ति हो जो सामाजिक, आर्थिक, राजनैतिक र क्षेत्रीय दृष्टिकोणबाट सत्ता, शक्ति वा प्रभुत्वको संरचनाभन्दा बाहिर पारिएको हुन्छ । (पृ.३१६)

यसरी सारमा हेर्दा सीमान्तको प्रतिनिधित्व सहित्यमा छरपस्ट देख्न सकिन्छ । जाति, वर्ग, लिङ्ग, पेशा, भूगोल, वर्ण, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्ग आदि आधारमा सीमान्तले आफ्नो उपस्थिति साहित्यमा गरेको हुन्छ । कतिपय अवस्थामा उनीहरू निरीह बनेर त कतिपय अवस्थामा विचारधारा वा समूह बनेर भूमिका निर्वाह गरेको देखिन्छ ।

## २.३.सीमान्त पात्रको प्रतिनिधित्वसम्बन्धी विश्लेषण

**ध.च. गोतामिका उपन्यास *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुवै उपन्यासमा वर्गीय पात्रहरूको बाहुल्यता रहेको छ । विशेषतः सामन्त, शोषक, ठुलाठालु, सम्रान्त सँगसँगै उत्पीडित, गरिब, निम्न वर्ग जस्ता सीमान्तकृत वर्गहरू र तिनीहरूको जीवनशैलीलाई उपन्यासमा चित्रण गरिएको छ । तराईको जीवन्त विषयवस्तुलाई लिएर तयार पारिएको दुवै उपन्यासमा वर्गीय पात्रहरूको प्रतिनिधित्व के कसरी भएको छ र  सामाजिक संरचनाले उत्पादन गरेको सीमान्त वर्ग तथा जहिले पनि शक्तिको केन्द्रमा रहने वर्चस्वशाली वर्गले आफूलाई कसरी उपन्यासमा देखाएको छ भन्ने कुरा यस सन्दर्भमा अध्ययन गरिएको छ । पात्र र पात्रानुसारका कार्य, व्यवहार, विचार र उनीहरूका प्रतिक्रिया सँगसँगै भाषा, संस्कृति, वर्ग, जात, लिङ्ग आदि कुराको उपस्थिति र भूमिका विश्लेष्य बनेका छन् । ग्राम्य परिवेश, सहर भने पनि उभिन नसकेको सीमान्त सहर, त्यही सहरमा अधीनस्थ बनेर बसेका निम्नवर्गीय मानिसहरू, तिनीहरूको हैसियत, भूमिका, पहिचान र उनीहरूले बोक्ने विचार र वर्गका आधारमा प्रतिनिधित्वको अवस्था यस सन्दर्भमा अध्ययन गरिएको छ ।**

### २.३.१ *घामका पाइलाहरू* उपन्यासमा वर्गीय सीमान्त पात्रको प्रतिनिधित्व

*घामका पाइलाहरू* उपन्यास वर्गीय पात्रहरूका विषयवस्तु र जीवनशैली बोकेर उभिएको छ । दुर्गानाथ, पीताम्बर, पवन, रम्भी, श्रीवास्तव,  द्वारिका, रामानाथ लामिछाने, गङ्गादत्त,  मुहम्मद, पोस्टम्यान, रामप्यारे, गणेशी आदि निम्न वर्गको प्रतिनिधित्व गरेका

छन् । उपन्यासमा चन्द्रशमशेरको शासकीय पृष्ठभूमि र त्यसबाट निर्वासित हुनुपरेको दुर्गानाथको परिवारलाई देखाइएको छ । सेठ सहरिया साहु हो । जो कलोबजारी गर्ने शोषकका रूपमा देखिएको छ भने उसैका आसेपासे तथा तात्कालीन घुसखोरीमा डुबेका प्रशासकहरू पनि साहुकै पोषक भएर आएको देखिन्छ । अमलेन्दु भट्टाचार्य, डाक्टर आदि पनि अभिजात वर्गका देखिन्छन् । जसले उपन्यासमा आफ्नो रजगज गरेका छन् ।

चन्द्रशमशेरको आगमन र देवशमशेरसँगै धनकुटा कटाइएका दुर्गानाथ र उसको छोरा पीताम्बरले जीविकाको लागि गरेको सङ्घर्ष अत्यान्तै मार्मिक देखिन्छ । रेल आएर सहर बनेको गाउँ र गाउँ उभिएर सहर बनेको उकुसमुकुस रेलवे स्टेसनमा सबै वर्गीय पात्रहरूको देख्न सकिन्छ :

> स्टेसनबाहिर रेलको प्रतीक्षामा रुँगिरहेका एक्क, टाँगाका ताँतीहरू र पिठ्युँमा असङ्ख्य माखा भन्काउँदै सइन भएका घाउ लिएर यत्रतत्र दुबो चरिरहेका घोडाहरू टाढैबाट देखिन्छन् । घण्टी लाग्नासाथ यहाँको लठेउरो वातावरण उत्तेजित हुन्छ, शान्त जलाशयमा एक्कासि ढुङ्गा हिर्काएजस्तो । टाँगा चालकहरू स्वचित्तसँग चरिरहेका घोडाहरूलाई भ्कटाभ्कट साजबाज लाएर जोत्ने चेष्टा गर्दछन् । पानवाल गणेशी पातमा छिटोछिटो चूनखयर लाउन थाल्छ । पानीपाँडे खाकी पगरी गुतेर पानीका भाँडाकुँडाको जोरजाम गर्दछ । यही बेला स्टेसन मास्टर श्रीवास्तवको टिकट बिक्री गर्ने सानो भ्याल खुल्छ र सधैं जस्तो प्रारम्भ हुन्छ यात्रुहरूको लछारपछार र उछिनाउँछिन् । (पृ.६)

उपन्यासको प्रयुक्त यस अभिव्यक्तिबाट सहरिया परिवेशको वर्गीय यथार्थलाई प्रस्तुत गरेको छ । सहर होस् या गाउँ गरिबी भइ नै हाल्छ । श्रवजीवी टाँगा, एक्का, घोडा चलाउनेहरू निम्न वर्गको सहरिया गरिबीको रूपमा प्रतिनिधित्व गरेको देखिन्छ । लठेउरो वातावरण टोलाएका श्रमिकलाई स्टेसनको घण्टीले उत्तेजित पारेको देखिन्छ किनकि उनीहरूले सहरको भलरूपि रेलका यात्रीहरू नछोप्ने हो भने भरे घरमा चुलो पनि जल्दैन । स्टेसनमा देखिएको लछारपछार र उछिनाउछिन गर्ने आम मानिसहरूले पनि उपन्यामा पृष्ठभूमिको रूपमा वर्गीय पात्रकै प्रतिनिधित्व गरेको देख्न सकिन्छ । वर्गीय समाजमा सामन्ती शोषकहरू आफ्नो पद र शक्तिको दुरूपयोग गरेर आम सर्वसाधरणमाथि आफ्नो पदीय धाक तथा कूर व्यवहार देखाउँछन । रुखो स्वभाव र पाशिवक व्यवहारले आफ्नो

प्रभुत्व जमाउन उनीहरूले जस्तोसुकै हतकण्डा देखाउन पनि पछि पर्दैनन् । जुन कुरालाई गुमटीको थानेदारबाट बुझ्न सकिन्छ :

> थानेदार सिपाइहरूसँग तेल मालिस गराइरहन्छ  र बाँकी समय पक्राउ भएर आएका मानिसलाई कुटेर काट्छ । यति क्रूर थानेदार आसमासका तीन चार जिल्लामा छैन भन्छन् । थानेदारले रवाफिलो मइन लगाएर ठाडो पारेको जुँगातिर कोही हेर्ने सहाससम्म गर्दैनन् । सबैको लागि थाना आङ्कको केन्द्र हुँदै गएको छ । (पृ. ३)

गाउँबाट उठन नसकेको र सहरको भिल्ला ओढेको गुमटी तात्कालीन प्रशासकको दमनपूर्ण अमानवीय व्यवहारहरू सहनुपरेको यथार्थ उपन्यासमा देखाइएको छ । प्रहरी प्रशासनभित्रको उच्च पदस्थले तल्ला कर्मचारीलाई कसरी अनधिकृत र अमानवीय काममा लगाउँछन भन्ने कुरा थानेदारको हेपाहा प्रवृत्तिबाट देख्न सकिन्छ । आर्थिक अवस्था र गरिबीले शासकहरूप्रति लाचार भएर चिल्लो लगाई चाकडी गर्नुपर्ने बाध्यता सिपाइहरूलाई छ । न्यायसम्पादन निष्पक्ष हुँदैनथ्यो भन्ने कुरा रवाफिलो थानेदारबाट बुझ्न सकिन्छ । सामन्ती राज्यसत्ताको शक्ति प्रयोग गरेर कैदीहरूमाथि क्रूर व्यवहार देखाउनु र कुटनुले निसाफ पाउन नसकिने तथा बोल्न पनि नपाइने निरीह भएर सहनुसिवाय केही गर्न नसकिने कुरा छर्लङ्गै  देख्न सकिन्छ तसर्थ आतङ्काको केन्द्र बनेको थाना तात्कालीन राणा शासकको प्रतिनिधित्व गरेको देखिन्छ ।

गुमटीको रेलवे काउन्टर र त्यस वरिपरिको परिवेश हेर्दा अर्धगाउँ र अर्धसहरको भान हुन्छ तर नाममात्रको सहरमा जीवनस्तर र शैली भने धेरै नै खुम्चिएको पाउन सकिन्छ । यो अर्थतन्त्रले उचालिएको सहरभन्दा पनि श्रमिकहरूको  वा ज्यालादारीहरूको भरिएको सहर रहेको देख्न सकिन्छ । अर्कोतर्फ धुलौटे सहर  र त्यहीँ रहेको अस्पतालको स्वरूपले त्यो सहर भनिए पनि एक सीमान्त सहर हो जहाँ विकासका पूर्वाधार तथा कम्तीमा आवश्क सेवासुविधा पनि छैनन् । अस्पतालको वरपर सहरको दुर्गन्ध फैलिएको परिवेश उपन्यासमा पाइन्छ । पवनकी आमा बिरामी परेर जाँदा अस्पतालमा कुनै साधन नभएको र उपचार गर्न भरतबाटै डाक्टर ल्याउनुपर्ने अवस्था रहेको देखिन्छ  ।

गाउँमा होस् या सहरमा विभिन्न संस्कृतिहरू निरन्तर समयक्रममा निर्माण हुँदै गएका हुन्छन् र ती संस्कृतिमा पहुँच र सम्पत्ति हुनेवालको नै बोलबाल हुन्छ । उनीहरूले

आफ्ना मातहातका सबैलाई दबाएर राखेका हुन्छन् भन्ने कुरा धर्मशाला भन्दा दक्षिण सानो चौरमा रामलीला देखाउने भुँडीवाला मैनजरको अभिव्यक्तिबाट प्रस्ट हुन सकिन्छ :

> "सालेहरू अहिलेसम्म तयार भएका छैनन् । कति भनिसकेँ सो सुरू हुनुभन्दा आधा घण्टा, पन्ध्र मिनेट पहिले मेकअप गरर तैयार भैजाऊ, कोही सुन्दैनन् । सुधो सहर छ । अन्त भएको भए एक ग्याँस बत्ती बाँकी रहने थिएन । ल, पर्दामा मट्टीतेल छरेर आगो लाइदिने थिएँ ।"
>
> ऊ म्यानेजर मात्र होइन्, मालिक, सबैका अन्नदाता, डाइरेक्टर र हर्ताकर्ता सबै हो ।
>
> "आज थानेदार हेर्न आएको छ । तिमीहरूले कम्पनीको नाक नकटाउनू । हेर यो दशरथ चुतिया को सन्तान, आठ कम्पनीमा काम गरिसक्यो तर यसलाई संवाद कहिल्यै कण्ठ भएन् ।" (पृ.२३)

यसबाट के देख्न सकिन्छ भने निरन्तर रामलीला देखाउने म्यानेजरले आफ्ना कामदारहरूलाई दबाएर राखेको छ । तल्लो स्तरको गाली गर्नु र हप्काउनुले उसमा मालिकपनको ठुलो बडप्पन देखिन्छ । काममा लदाउन पाए उनीहरू खुसी हुन्छन् । सहरमा एकदम सोझा र इमान्दार कामदार रहेको रहेको कुरा म्यानेजरको अभिव्यक्तिबाट थाहा पाउन सकिन्छ । सबै कामदारलाई रिसको झोकमा आगो लगाएर मारिदिने कुराबाट उसमा मायाममता र मानवीयता नभएको थाहा हुन्छ । म्यानेजरले समाजको सामन्ती वर्गको प्रतिनिधित्व गरेको देखिन्छ । उसलाई पनि क्रूर थानेदारलाई खुसी बनाउनु छ र केही अभीष्ट पूरा गर्नु नै छ । त्यसैले म्यानेजर समाख्यातकै भाषामा मालिक र हर्ताकर्ता भएको कुरा अभिव्यक्त भएको पाइन्छ । काम गर्ने निर्दोष श्रमिकहरू मलिकबाट शोषणमा परेको र कला बेच्दा पनि खान नपाएको मार्मिकता प्रस्तुत कलाकारको भनाइबाट बुझ्न सकिन्छ : "आज राम्रो छाँट छैन, भोलिको दिन भोकै काट्नुपर्ने जस्तो देख्छु ।"(पृ.२४) यहाँ कलाकारहरूलाई कजाउनेहरूले कलाको भरपुर प्रयोग गरेका तर उनीहरूलाई च्यापेर अभावमा राखेको देख्न सकिन्छ जुन वास्तविकता समसामयिक पनि रहेको छ ।

अमलेखगन्जमा रेल ल्याउन चन्द्रशमशेरले निर्देशन दिएका र सोहीअनुसार त्यहाँ काम पनि भएको तर कामदारले विस्तारै छोड्न थालेपछि निर्माण कार्य रोकिएको पाइन्छ । रेलवे निर्माण र व्यवस्थापनको जिम्मेवारी पाएका अमलेन्दु भट्टचार्यले सो खबर केन्द्रमा पठाउँछन् । जसको परिणम बडो अनर्थकारी भएको देखिन्छ । पुलिसहरू आएर गाउँका

मान्छे सबैलाई निर्दयी तवरले काममा लगाएका र चरम यातन दिएका प्रसङ्गले तात्कालीन राज्यसत्ता बर्बरता र शोषकको प्रतिनिधित्वका रूपमा देखिन्छ भने निरीह जनताहरू त्यसलाई निसर्त सहन बाध्य भएका शोषित देखिन्छन् । जुन कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "हामीले रिपोर्ट पठाएको चारपाँच दिनपछि पुलिस र सेनाका जवानहरूले चारैतिरबाट कोर्रा ठोक्दै डोरीमा बाँधीबाँधी श्रमिकहरू जुटाउन थाले । धेरै मानिसहरूले मुग्लान पसेर ज्यान जोगाए तर जो समातिए तिनलाई काम पूर्ण नभएसम्म पालोपहराभित्र राखेर काम गराइयो । मध्यगर्मी र वर्षायामताका औलोको झन प्रचण्ड आक्रमण हुन्छ प्रत्येक ज्यामीलाई दिनको सातआठ चक्की कुइनेन ख्वाइए तापनि मजदुरहरू महामारीमा परेजस्तै सोत्तर हुन थाले । बडो करूण दृश्य थियो त्यो । हामी थलोमै पालो गाडेर बसेका थियौं । सबै सावधानी राखे तापनि हामी मध्यका दुई जना युवक इन्जिनियरहरूलाई मृत्युबाट बचाउन सकिएन् ।" ( पृ. ३८)

यसबाट के देख्न सकिन्छ भने शासकहरू सत्ताको भरमा जनतामा डर लेखाएर आफ्नो काम लिने गर्छन् । सेनाका जवानहरूले चारैतिरबाट कोर्रा हान्नु, बाँधीबाँधी श्रमिकहरू ल्याउनु र पालोपहरा लिएर पूर्ण दबाबमा काम गराउनुले दासयुगको जीवन्त झल्को आउँछ भने सत्ताशक्तिको चरम दुरूपयोग गरेको देखिन्छ । आम किसान र श्रमिक वर्गमाथि पाशिवक व्यवहार केन्द्रीय सत्ताले गरेको देखिन्छ । अमानवीयता सहन बाध्य निरीह सर्वसाधरण दयनी र दुःखको जीवन बाँच्न बाध्य छन् । गर्मीको प्राकृतिक पोलाइ त्यसमाथि औलोको महामारी फैलिएको छ तर कामदारप्रति कुनै मायाममता देखिएको छैन् । सामाजिकताका र मानवीयताका खोका भएका सामन्तीहरूले जबर्जस्ती औषधि खुवाएर काम लगाइरहेका छन् । यसबाट के देख्न सकिन्छ भने गरिबहरूको दैनिकी सामन्तवादीहरूको दासताबाट कदापि माथि उठ्न सकिरहेको छैन् । गरिबका पसिना र श्रमलाई राज्यसत्ताले सेना र पुलिसका सहायताकले चरम शोषण गरेको छ । यसरी पहिचानबिहीन आम सर्वसाधारण वर्चस्वशालीका अधीनमा रहेर सीमान्त जीवन बाँच्न बाध्य भएको यथातथ्य प्रस्ट हुन्छ ।

पीताम्बर सहरमा बसेदेखि थोत्रो साइकल टाल्दैटाल्दै सेठको माल चलानीमा काम गर्छन् तर पनि आफ्नो जीवनका दैनन्दिन आवश्यकता टाल्न धौधौ परेको देखिन्छ यद्यपि ऊ

एक आदर्श र इमान्दार श्रमिक हो । अर्कोतर्फ अमलेखगन्जमा रेल आएको छ । हेर्दा सहर हो भनेको जस्तो भान भएता पनि त्यहाँ रेलले परनिर्भरता र अस्तव्यस्त वातावरण सिर्जना गरेको देखिन्छ । सेवासुविधासहितका कर्मचारी उस्तै गरिबीमा रहेको देख्न सकिन्छ र किसानहरू पनि न किसान रहन नै सकेका छन् । जुन कुरा निम्न तथ्यबाट थाहा हुन्छ :

> "स्टेसनको पछाडि पश्चिमपट्टि स्टाफहरूको लागि लस्करै क्वार्टरहरू निर्माण गरिएका छन् । रेल चढेको दुई वर्ष भइसक्दा पनि क्वार्टरको निर्माण हुन सकेको थिएन । स्टाफहरू सबै स्थानीय मानिस थिए । मुसलमान इन्जिनड्राइभर मुहम्मद, बाहुन गार्ड, रमानाथ लामिछाने, नेवार टिकट चेकर दानबहादुर श्रेष्ठ, मधेस मूलको स्टेसन मास्टर नारायण श्रीवास्तव र यसै तल्ला स्टाफहरू पैटमैंन खलासी र पानी पाँडे आदिसमेत त्यही सानो सहरको सेरोफेरोत्रि  आआफ्नो घरमा बस्दथे र ड्युटीको समयमा सबै रेलवेले दिएको दर्जाअनुसारको पोशाक लाएर स्टेशनमा हाजिर हुन्थे । क्वाटरको त्यतिसारो आवश्यकता थिएन । कसले यसबारे कुरा चलाएमा शासकहरू पनि बुझपचाएर बस्थे ।"(पृ.४५)

उपन्यासको उपर्युक्त अंशमा रेलवे र त्यसका वरिपरि काम गर्ने मजदुर कर्मचारीहरूको परिचय दिएको छ । सीमान्तकृत समुदायका चालक र गर्डका रूपमा बाहुन राखिएको छ  भने पैटमैन खलासी, पण्डित, रामप्यारे, श्रीवास्तव, दानबहादुर मुहम्मद आदि श्रमजीवी वर्गको प्रतिनिधित्व गरेका छन् । उनीहरू आफ्नो पोशाकमा काममा उपस्थित देखिन्छन् तर क्वटरमा भने बस्न चाहँदैनन् किनकि सबै कामदारहरू किसान र कछाड बस्तीका रहेको देखिन्छ । जुन कुरालाई उपन्यासमा यसरी उल्लेख गरिएको छ : कसैको घर स्टेसनबाट तीनचार मिल टाडा सहरसित जोडिएको गाउँमा थियो भने केही सहरको पुछार भागमा बस्ने गरेका थिए । (पृ.४५ ) यसरी हेर्दा उनीहरू सर्वहारा र किसानी रहेको पुष्टि हुन्छ । उनीहरूलाई पुग्नेभरका सेवासुविधा रेलवेबाट आएको छैनन् । त्यहीँ बस्दा एउटा घरमा, एउटा त्यही चुलो बाल्नुपर्ने हुन्छ यसरी दोहोरो चुलो बाल्नु भनेको थप गरिबीलाई स्वागत गर्नु हो भन्ने उनीहरूको निष्कर्ष देखिन्छ । घरमा रहेका बुढा बुबाआमा र गृहस्थी जिम्मेवारी पनि क्वाटरमा बस्न नसक्नु सहायक कारण हुन् । उनीहरू निथ्रुक्क रुझेर होस् वा आँधीसँग जुधेरै किन नहोस् घरबाटै काममा आउने गर्थे । यसरी हेर्दा उपन्यासको केन्द्रवरिपरि रहेका यी सबै  श्रमिक, मजदुर वा सर्वहारा वर्गीय पात्रका रूपामा देखिन्छन्  ।

उपान्यासमा पीताम्बर र उसको परिवार वर्गीय सामाजिक संस्थाको रूपमा उपस्थित भएका छन् । सहर पसेपछि परिवार झन समस्यामा फसेको र घर चलाउन पनि समस्या परेको देखिन्छ ।  त्यसैमाथि पवनकी आमाको शल्यक्रिया पनि अभावकै बिचमा भएको देखिन्छ । पीताम्बर भारी बोक्ने काम गर्छ जुन कमाइबाट छोरो पवनलाई पढाउन पनि समस्या देखिएको छ । पवन त्यहाँका जमिनदारहरूको शरणमा पुगेको छ । जहाँ अणुसँगको वार्तालापमा यसरी देखाइएको छ :

"पवन ।"

"पवनपछि के ?थर,गोत्र केही होला नि ?जस्तो हामी आफूलाई भट्टाचार्य भन्छौं ।"

उसलाई लाग्यो भनिदिऊँ, 'पवन दि पुअर ब्वाय ।'  यही नामले त  स्कुलमा सारा विद्यार्थीहरू उसलाई अपमानित गर्ने गरी बोलाउदथे । जमिनदारको सिफारिस पेस गरेपछि पवनको स्कुल फिस माफ भयो । यो कुरा उसले आफ्नी आमालाई गर्वसाथ भनेको थियो : " मेरो स्कुलको मासिक फिस अबदेखि तिर्नु पर्दैन, घरको अरू कुनै खाँचो त्यसबाट टार्नुहोला ।" तर त्यसबाट नयाँ झन्झछट खडा हुन गयो । स्कुलमा ज्यास्ती गरी ठेकेदार, व्यापरी र सेठका छोराछोरीहरू पढ्थे । तिनीहरूमध्य सबभन्दा आर्थिक अवस्था नराम्रो भएको पवन थियो ।...फिस माफ गराउने सिफारिस ल्याएको र लगत्तै माफी पनि गराएको कुरा कसरी हो भोलिपल्ट स्कुलामा सबै विद्याथीहरूले चाल पाएछन् । त्यस दिनदेखि सबै विद्याथीहरू उसलाई 'पवन दि पुअर ब्वाय' भनेर गिज्याउन थाले । (पृ.६८)

**समाजमा उच्च वर्गले नै सम्पूर्ण संरचनामा हैकम जमाएर बसेका हुन्छन् ।  निम्न वर्गले आफ्नो पहिचान जहिले लुकाउनुपर्ने र भन्दा पनि गौरव महसुस गर्न नपाउने अवस्था समाजमा देखिन्छ । समाजमा कथित वर्गले गोत्र, थर र वंशावलीको ढाडसमा आफ्ना मूल्यमान्यता निम्न वर्गमा लाद्ने गर्दछन भने आफ्नो थर र गोत्र सुन्दा पनि असभ्य महसुस हुने अवस्था आउने गर्दछ । जुन यथार्थ विषय माथिको साक्ष्यमा प्रस्तुत भएको छ । पवनले जमिनदारको ढोका ढुकेर सिफारिस पेस गरेपछि मात्र स्कुलमा भर्ना पाएको छ । समाजमा ठुलाबडाका छोराछोरीले सहज तरिकाले पढ्न पाउने तर गरिब र पहुँच नपुगेकाले सामान्य रूपमा पढ्न पनि नपाउने सामन्तमुखी शैक्षिक व्यवस्थामा देखिन्छ ।**

**अर्कौतर्फ गरिबमाथि अनेक किसिमको पीडा सृजना गरेर आनन्द लिने प्रवृत्ति उत्तिकै मौलाएको देख्न पाइन्छ । यहाँ पनि पवनलाई गरिब केटा भनेर खिल्ली उडाउने काम भएको छ । यसर्थ पवन र उसको परिवार आर्थिक रूपमा पछि परेको सर्वहारा वर्ग हो । अर्कोतर्फ फरक प**

**सङ्गमा राणाशासनको समयलाई सम्झँदै यस्तो अभिव्यक्ति पनि प्रस्तुत भएको छ :**

"यो व्यथा मलाई धनकुटामा लाग्यो । महाराज देव शमशेरलाई पदच्युत गरेर नेपालबाट पहाडै पहाडको बाटो धनकुटा धपाइयो । उहाँलाई राजधानीभन्दा निकै टाढा त्यही स्थायी रूपले राख्ने प्रबन्ध गरिएको थियो । निष्कासित प्रधानमन्त्रीको मन परेको निकटवर्ती भएकाले मेरो पनि सर्वस्व हरण गरिएको थियो । अतः म पनि उनैसित धनकुटा तिर लागेँ । पहाडको उकालो-ओह्रालोको हिँडाइले हो वा वर्षायामको चिसो ओसिलो हावामा सास फेर्नाले हो; केही दिनपछि नै मेरो श्वासप्रणालीमा गह्रुँगोपन आएको मलाई लाग्न थाल्यो । छिट्टै सास फेर्दा घर्घर हुने स्वाँस्वाँ भएर श्वासप्रश्वासको सामान्य लमाई पनि कम हुँदै गएको लाग्यो । त्यहाँको जलवायु मलाई मात्र होइन स्वयम् देव शमशेरको लागि पनि अनुकूल थिएन । (पृ. ९०)

उपन्यासमा चन्द्रशमशेरका पालाका देवशमशेर धनकुटातर्फ लखेटिएपछि वा दुर्गानाथ पनि पदच्युत भई सर्वस्व हरणमा परेका थिए । त्यसपछि उनी बारा जिल्लाको मुर्कीपलिया गाउँमा बस्न थाल्छन् । एकातर्फ त्यहाँको हावापानीले र अर्कोतर्फ सर्वस्व हरणमा पर्नुको मनोविज्ञानले पनि बिस्तारै दुर्गानाथ बिरामी पर्दै गएको अनुमान गर्न सकिन्छ ।  जङ्गबहादुरको पालादेखि नै राज्यसत्ता र शक्तिका लागि विभिन्न षड्यन्त्र तथा पर्वहरू घटेको देखिन्छ । जसको चेपुवामा सामान्य श्रमजीवी जनता तथा कर्मचारीहरू परेका थिए । सैनिक शक्तिभित्र आफ्नो प्रभुत्व निर्माण गरेर भारदारहरूलाई हातमा लिँदै राज्यशक्ति र राज्यसत्ता कब्जा गर्ने राणा शासकहरूको प्रवृत्ति थियो । त्यसैको सिकारमा परेका व्यक्ति हुन् देव शमशेर र दुर्गानाथ । यसरी प्रस्तुत कथनमा देवशमशेर प्रभुत्वशाली वर्गले प्रभुत्वशाली वर्गलाई नै गरेको षड्यन्त्रयुक्त दमनमा परेर किनारीकृत भएका छन् । दुर्गानाथ उनीसँगै सर्वस्व हरणमा परेर प्रस्तुत उपन्यासमा निम्न मध्यमवर्गीय किनारीकृत समूहको प्रतिनिधित्व गरेको देखिन्छ  किनकि त्यो बेलामा उनी मात्र होइन अरू धेरै

मानिसहरू पनि सर्वस्वहरणमा परेको इतिहास साक्षी रहेको छ । उपन्यासमा पीताम्बरको दुःखलाई यसरी अभिव्यक्त गरिएको छ :

> पवनकी आमा सबै निःशब्द संवाद सुनिरहेकी थिइन् । उनलाई गर्व हुनुको सट्टा मनमनै ग्लानि भएर आउँछ । यस्ता पुरुषको लागि हामीले सानो सुखसुविधा पनि जुटाउन सकेका छैनौं । झनसारो अधोगतिको अर्को अध्याय पो खुल्दो छ । आराम गर्ने उमेरमा तरुना छोरा बुहारीको लागि उहाँले सामल जुटाउन धपेडी गरेको कुरा थाहा पाए भने यी आइमाईहरूले कति घृणा गर्नेछन् । साङ्ग्रो कठबारभित्रको फोहरी वातावरणमा आफ्ना सबै इच्छा र आकाङ्क्षालाई आत्मसात् गरेर अभाव र दरिद्रतामा आफ्ना शेष दिन काटिरहेका दिव्य पुरुष । यसको लागि हामी दुवै स्त्री पुरुष अपराधी हौं - लाछी । पवनकी आमाको मन रुन थाल्छ । ससुराको अनुहारतिर हेरेर लज्जाले टाउको निहुराउँछिन्- हिरालाई कीरा जस्तो तिरस्कार र उपेक्षा गरेर राखेका छौं, हामीभन्दा अधर्मी अरू को होला । (पृ.२०५)

प्रयुक्त प्रसङ्गमा रम्भीले सुनिरहेकी छन् । उनी आज आफैलाई हीनताबोध गरिरहेकी छन् । आफ्नो आर्थिक स्थिति र पारिवारिक परिस्थितिमा ग्लानिको सिकार भएकी उनी आफ्नो ससुरालाई कुनै पनि सुखसुविधा दिन नसकेकोमा दुःख व्यक्त गरेकी छन् । केन्द्रीय राज्य सत्ताबाट किनारीकृत भएका उनको परिवार अहिले वीरगञ्जको सानो कोठामा आएर बसेको देखिन्छ । दुर्गानाथको औषधि उपचार गर्नको लागि । दुर्गानाथ केन्द्रीय सत्ताको औंलामा चल्ने एक चाकर पण्डित थिए । उनले के काम गर्थे भनेर रम्भीले भनेको कुराबाट प्रस्ट पार्न सकिन्छ । बोलियो भने टोल छिमेकमै इज्जत जान्छ र सबैले घृणा गर्न सुरु गर्नेछन् भन्नुले उनीहरू अत्यन्तै नाजुक परिस्थितिबाट गुज्रँदै अगाडि बढेका थिए भनेर पनि भन्न सकिन्छ तथापि दुर्गानाथ आदर्श र दिव्य पुरुष भएको कुरा उनको कुराबाट प्रस्ट हुन आउँछ । सानो कोठामा बिरामीलाई कोचेर राखेको जस्तो अनुभव गर्दै आफ्नो ससुराप्रति तिरस्कार र उपेक्षा भएको अनि आफूलाई अपराधी भएको जस्तो महसुस गरेकी रम्भीले यस उपन्यासमा निम्न वर्गीय महिला पात्रको प्रतिनिधित्व गरेको देखिन्छ । भने अर्कोतर्फ पीताम्बरकाको परिवार सहरको बाध्यात्मक बसाइँ सकेर आफ्नो गाउँ फर्किने तयारी गरेको देखिन्छ जुन प्रसङ्गमा सीमान्त परिवारको मार्मिक चित्रण प्रस्तुत भएको छ :

"तँ गाउँ जान्नस् ?"

"जान्नँ ।" पवन छोटकरीमा दृढ आवज फर्कउँछ ।

"किन ?"

"पढ्छु ।"

" कहाँ बस्छस् एकलै ?"

"द्वारिका मामासित ।"

पीताम्बर च्याँठिन्छन् -"म तलाई यहाँ बस्न दिन्नँ । शहर बजारमा एकलै बसेर बरालिनलाई । द्वारिकाको के छ ? आज छन् , भोलि छैनन् । हामीसित भोलि नै गाउँ हिँड् ।"

पवन केही बोल्दैन, अस्वीकृतिको अँध्यारो अनुहार लाएर मुन्टो गाडिरहन्छ । पीताम्बर फेरि बडबडाउन थाल्छन् । रोगी पिताको चिकित्साको लागि हामीलाई यहाँ बस्न कर लागेको थियो । छोरा उपर बाबुको ऋण हुन्छ । त्यो पनि देउताजस्तो पिताको उपचारको लागि जति गर्नुपर्थ्यो त्यति हामीले सकेनौं । केवल बिरामी कुरुवा जस्तै तेह्र वर्षसम्म यस शहरमा बसिरह्यौं ।"( पृ. २२९)

उपर्युक्त सन्दर्भमा वीरगञ्जको सानो कोठामा आएर पीताम्बरले भरियाको काम गरेर बुबाको उपचार गराउँछन् तथापि बुबालाई रेखदेख गर्न र घरको खानपानको जोहो गर्न पनि पीताम्बरलाई धौधौ परेको कुरा उपन्यासमा वर्णित रहेको छ । दुर्गानाथको राम्रोसँग रेखदेख गर्न नपाएका पीताम्बर यस कुराप्रति खेद प्रकट गर्दछन् । १३ वर्षसम्म यो सहरमा बसेर बुबाको लागि ऋण तिर्न नसकेको पश्चातापबोध उनमा भएको देखिन्छ र बुवालाई यहाँ ल्याएदेखि कुरुवा जस्तै मात्रै बनिरह्यौं भन्ने उनलाई आभास भएको छ । यो परिवार केही सचेत परिवार रहेकाले बुबाको उपचारार्थ सहरमा डेरामा बस्न आएका थिए । उनको मृत्युपश्चात उनीहरू पुनः आफ्नो गाउँ फर्किएका छन् किनभने सहरमा न कुनै परिवार पाल्न सकिने काम छ न जीविकोपार्जनको लागि कुनै व्यवस्था नै छ । द्वारिकाको जिम्मा लगाएर पीताम्बरका परिवारहरू सम्पूर्ण आफ्ना त्यहाँका इष्टमित्र, काम सँगसँगै काम गर्ने अन्य साथीहरू र सबै जानपहिचानसँग अन्तिम विदा माग्दछन् । सम्पूर्ण परिवार पुनः गाउँ फर्किएपछि उपन्यास पनि टुङ्गिएको छ र यस परिवार परिस्थितिले काठमाडौँबाट गाउँ,

गाउँबाट सहर र सहरबाट पुनः आफ्नै गाउँ पस्नुपरेको श्रमजीवी सीमान्तकृत परिवारको प्रतिनिधित्व गरेको देखिन्छ ।

### २.३.२. *घामका पाइलाहरू* उपन्यासमा जातीय सीमान्तीयताको प्रतिनिधित्व

सीमान्तीयताको अध्ययनमा जातीय प्रतिनिधित्वलाई विशिष्ट रूपबाट लिने गरिन्छ । विशेष गरेर सामाजिक संरचनाभित्र प्रभुत्वशाली वर्गले निम्नवर्गका मानिसहरूलाई कसरी अधीनस्थ बनाउने गर्दछन् र त्यसबाट जातीयताको सिर्जना कसरी भइरहेको छ भन्ने कुरा मूलतः यस सन्दर्भमा हेर्ने गरिन्छ । सीमान्तकृत जनजातिको अथवा जातित्वको अवस्था कस्तो छ, उनीहरू कसरी भेदभाव उत्पीडनको सिकार भइरहेका छन्, प्रभुत्वशाली संस्कृतिले कसरी उनीहरूमाथि आफ्नो वर्चस्व थोपरिरहेको छ, त्यस्तो प्रकारको समाजमा उनीहरूले आफूलाई कुन मूल्यमान्यतामा आफ्नो अस्तित्व स्थापित गरेर बसेका छन्, कस्तो जातीय दबाब, हेला र तिरस्कार सहनु परेको छ, सीमान्त जातिलाई उपन्यासले कुन रूपबाट प्रतिनिधित्व गराएको छ भन्ने जस्ता कुरालाई यस खण्डमा विमर्श र विश्लेषण गरिएको छ । विशेषतः उपन्यसामा तथाकथित तल्लो जातिको बाहुल्यत नभए पनि तात्कालीन समयमा जातप्रथाले समाजमा जरा गडेर बसेको थियो भन्ने कुरा विभिन्न अभिव्यक्ति र संवादवाट प्राप्त हुन्छ । बाहुनवादले निर्माण गरेको सामाजिक भूमिकानुसार उनीहरूले आफ्ना कामहरू गरिरहेका हुन्थे किनकि कुन जातिले के काम गर्ने भनेर त्यो बेलामा निश्चित नै गरिएको थियो । जुन कुरा तलको अभिव्यक्तिबाट प्रस्ट हुन्छ :

**अबोला अभिव्यक्तिबाट आत्मीयताको क्षण आभास आइरहेको जस्तो उनलाई**

> **लाग्यो । चौबाटोमा सधैँ जुत्ता सिइरहने सार्की उनीतिर हेरेर अभिवादनमा टाउको हल्लाउँछ । घर अगाडि कप्टेराको डमरू उभ्याएर मुँगफली बेचिरहने अनुहार एक हातले सानो सलाम बनाएर पीताम्बरतिर हेर्छ । हलुवाईको पसलभित्रबाट पाउलागी कराएको र कपडा पसलबाट जयरामजी आएको सुनिन्छ । (पृ. १७२)**

**प्रस्तुत माथिको अभिव्यक्तिमा सानो सहरभित्र आफ्नो पेशा व्यवसाय गरेर बसिरहेका श्रमजीवी वर्गलाई देखाइएको छ । उपन्यासमा जाति प्रतिनिधित्वलाई कम मात्रै देखाइनुले झन यो कुरा साबित गर्छ कि उक्त सहरमा निम्नवर्गका जातिहरूको कुनै**

सामाजिक भूमिका थिएन । उनीहरूलाई अभिजात्य वर्गले जहिले पनि आफ्ना कामहरूको गुलाम बनाएर राखिरहेका थिए । न उनीहरूको सामाजिक क्रियाकलापमा सहभागिता थियो न सहर बजारमा सामूहिक भूमिकामा उनीहरूलाई अनिवार्य अंश बनाइन्थ्यो यसरी प्रस्तुत उपन्यासमा जातीय सीमान्तीयता छरपस्ट नदेखिएता पनि त्यहाँ रहेका केही सीमान्तकृत जातिलाई प्रस्तुत गरिएको छ । सडकको छेउमा सारा दुनियाँका जुत्तालाई सिउने टाल्ने र उनीहरूको मन रिझाएर पठाउने सार्की दाइलाई देखाइएको छ । उनले सहरदेखि बिरानो हुन लागेका पीताम्वरलाई आफ्नो बिरानो हात हल्लाउँदै अभिवादनको टाउको हल्लाउँछन् । वास्तवमा उक्त सहरले सीमान्तको अभिवादनलाई सहर्ष  स्वीकार गरेको भए उपन्यासकारले पनि सार्कीलाई पीताम्बरकै पासमा गएको र अभिवादन गरेको देखाउँदथे तथापि उपन्यासमा त्यस्तो भइरहेको छैन किनभने सामाजिक भेदभाव र तथाकथित तल्लो जातिका मानिसहरूले परैबाट अभिवादन र स्वस्ति गर्नुपर्ने कुपरम्परा स्थापित गरेका छन् । त्यस्तै अर्कोतर्फ सहरकै मुमफली बेच्ने सीमान्त वर्गको व्यक्तिलाई पनि उपन्यासमा उभ्याइएको छ । “मालिक म त जातको कहार हुँ । पाल्की बोक्ने तर सबैको इज्जत  हुन्छ । मालिकनीको पेटिकोट पछ्चार्नुपर्ने नाङ्गै जस्तो लडिरहेकी म हेर्न सक्दिनँ थिए । बडो कस्तो कस्तो लाग्थ्यो । हामीलाई घृणा गर्नुहुन्थ्यो भन्नुहुन्थ्यो । मोरा हो तिमीहरू भन्दा त पशु बेस ।” ( पृ.१०२) कथामा डाक्टरकी पत्नीले मधेसी समुदायप्रति घृणाभाव राखेको देखाइएको छ । उनी काठमाडौँदेखि तराई गएकी हुन् । वास्तवमा उनले घृणाको भाव राख्नु समग्र पहाडी क्षेत्रको एक प्रतिनिधि आवाज हो । तत्कालीन अवस्थामा तराईका मानिसलाई कालो भएको निहुमा वा गरिब भएको बाहानामा  दुत्कारिन्थ्यो । यो सबै अभिजात्य वर्गले केन्द्रबाट निम्न वर्गलाई हेप्दै बनाएका सामाजिक संरचनाहरू हुन् । तत्कालीन समयमा ती जातिका मानिसहरूले यो परिस्थितिलाई स्वीकार्नु बाहेक अरू कुनै विकल्प थिएन । प्रस्तुत माथिको अभिव्यक्तिमा घरमा काम गर्ने व्यक्तिले साहुनीले अह्राएको सबै काम गर्न नसकिने हो कि भन्ने संशय व्यक्त गर्ने क्रममा आफ्नो परिचय दिँदै आफू जस्तोसुकै काम पनि गर्न तयार भएको कुरा

**अभिव्यक्त गरेको छ। वास्तवमा यस प्रसङ्गले पनि सीमान्तकृत जातिहरू कामले पनि तल्लो स्तरको काममा लगाइने गरिन्थ्यो। त्यसलाई पनि उनीहरूले कर्मको खेल भनेर स्वीकार गरिरहेका थिए। यो भाष्य वर्चस्वशाली वर्गले कथित तल्लो जातिका मानिसहरूमा मनोविज्ञान निर्माण गरिदिएको थियो यसरी हेर्दा प्रस्तुत माथिको अभिव्यक्तिमा म पात्र विशेष त तराई क्षेत्रमा बसोबास गर्ने पिछडा वर्ग अन्तर्गत पर्ने सीमान्तकृत जाति हो। यस्ता सीमान्तकृत जातिप्रति डाक्टरकी श्रीमतीले पशुवत् व्यवहार गरेको र पशुसँग तुलना गरेर हेर्ने गरेको पाइएको छ जसले एकातर्फ उच्च वर्ग जसले सधैं जनजातिको अस्तित्वलाई नस्वीकार्ने र हेप्ने होच्याउने गर्दछ भने अर्कोतर्फ गरिब तल्लो जातिका मानिस जो निरीह भएर काम गर्न बाध्य भएका छन् भन्ने कुरालाई उपन्यासमा प्रस्ट रूपबाट देखाइएको छ।**

२.३.३. *घामका पाइलाहरू* उपन्यासमा लैङ्गिक सीमान्तीयताको प्रतिनिधित्व

**सांस्कृतिक अध्ययनको अर्को महत्त्वपूर्ण पक्ष लैङ्गिक सीमान्तीयताको प्रतिनिधित्व हो। विशेष गरेर लैङ्गिक प्रतिनिधित्व अन्तर्गत पुरुष र महिला वा छ भने अन्य लैङ्गिकताको पनि खोजी गरिन्छ। उपन्यासभित्र सीमान्त लैङ्गिक समुदायले वा व्यक्तिले आफूलाई कुन भूमिकामा राखेको छ, उनीहरूले कस्तो सङ्घर्ष गर्नुपरेको छ, पितृसत्ताले दिएको उत्पीडन कसरी सहेका छन् र यस बिचमा उनीहरूको प्रतिनिधित्व कसरी आइपुगेको छ भन्ने कुरालाई विश्लेषण गरिएको छ। समाजमा महिलालाई घरभित्रकै काममा लगाई दबाएर राखेको पाइन्छ। उनीहरूलाई सामाजिक क्रियाकलापमा र सहभागितामा प्रतिबन्ध गरिएको छ अथवा गरेको पाइन्छ। यो रङ्गीन दुनियाँभन्दा भित्र भान्सा कोठाको धुवामा उनीहरूको जीवन खोक्दैखोक्दै जाने गर्दछ। अर्कोतर्फ पितृसत्ताले निर्माण गरेका महिलाका स्वभाव र पुरुषका स्वभावलाई रूढ बनाइदिएको छ। उपन्यासमा लैङ्गिक प्रतिनिधित्वको अवस्था कसरी स्थापित भएको छ र उनीहरूले के कस्तो भूमिका निर्वाह गरेका छन् भन्ने कुरालाई यस सन्दर्भमा प्रस्ट पारिएको छ।**

ग्रामीण समुदायमा महिलामाथिको विभेद चरम सीमामा पुगेको देख्न सकिन्छ। महिला हिंसा र त्यसका अनेकन स्वरूपहरू समाजमै देख्न सकिन्छ। यस्तो जटिल

परिस्थितिमा महिलाहरूको भावना प्रकृतिसँगै रोएर वा अगेनुको धुँवाले आएको आँसुसँगै बिरह बनेर बाहिर निस्कने गर्दथ्यो । वास्तवमा यस्तैयस्तै नयाँ प्रकृतिको घटना पनि उपन्यासमा घटेको देखिन्छ : "यता के भनाइ छ कुन्नी नत्र भने उहिले प्रत्येक बासिन्दाले मध्यरातमा नदी किनारमा एउटी आइमाईले आलाप विलाप गरेकी सुन्थे पवनले पनि केटाकेटी अवस्थामा आकलझुकल सुनेको थियो ।"(पृ. ३) पितृसत्तात्मक समाजले महिलालाई जहिले दबाएर राखेको देखिन्छ । उनीहरूले आफ्ना मनका पीडा, भावना र समस्याहरू कसैलाई भन्न सक्दैनन् भनिहाल्यो भने पनि त्यसको कुनै समाधान हुँदैन । उपन्यासको समयताका महिलाहरूले दिनरात बुहारर्तन गर्नुपर्थ्यो भन्ने विभिन्न भनाइहरू, वास्तविकताहरू र अनुभवहरू अहिले पनि सुन्न सकिन्छ । सायद माथिको यस भनाइबाट यो अनुमान गर्न सकिन्छ । त्यस बेलामा पनि मध्यरातमा पानीको मुहानसम्म पुगेर महिलाहरू लुगा धुने र नुहाउने गर्दथे । उनीहरूले नदीसँगै अथवा निष्पट्ट रातसँगै दुःख पिर र वेदनाहरू आलाप र विलाप गरिरहेको उपन्यासमा उल्लेख गरिएको छ । वास्तवमा महिलाहरूको स्थिति समाजमा कसरी किनारमा पुऱ्याइएको छ भन्ने कुरा  कम्तिमा रुनको लागि मात्रै भएपनि उज्यालो उनीहरूले पाउँदैनन् भन्ने तथ्यबाट प्रस्ट हुन्छ । रातमा दबिएर, छिपिएर वा लुकेर आँसु खसाल्नुपर्छ भने देखिने गरी रोए पनि त्यो ठुलो कमजोरी साबित हुन्छ । यसको विकल्पमा महिलाहरू एकान्तमा बिलौँना गर्ने गर्दछन् भन्ने कुरा देखाइएको छ । जसबाट समाजले थिचेर राखेको महिलाहरुको प्रतिनिधित्व प्राप्त हुन्छ । त्यस्तै उपन्यासमा रम्भीले आफ्नो स्वतन्त्रता खुम्चिर कैद भएको भावना यसरी प्रस्तुत गरेकी छिन् :

**पत्नीको दुवै नेत्रबाट गङ्गा जमुनाका अविरल धारा बगिरहेको पीतम्बरले देखे । यति ठूलो वेदना पत्नीको हृदयमा आलो घाउजस्तै सञ्चित रहेको थियो । जसको प्रचण्ड पीडाको टङ्कार उनले ओइराएका एक-एक शब्दको ध्वनि तरङ्गमा आभाषित भइरहेको थियो । "पवनको बा, तपाईंले गाउँको उन्मुक्त आकाश रेखामाथि पखेटा फिजारेर नाचिरहने चरीलाई यस शहरको पिँजडामा कैद गरेर राखिदिनुभयो । लाग्दछ बर पिपल र आँपका रुखहरूलाई जिस्क्याउँदै बाँसको बुई चढेर तिनीहरूलाई निहुराउँदै बग्ने गाउँको हावा अब फोक्सोभरि पिउन पाउँदिनँ । एक्लै बस्यो कि त मेरो मन भुर्र उडेर उही पुग्छ घरको पारिजातको हाँगामा गएर बस्छ । आमा पारिजातको छायामुनि काँचो आँपको**

**रास लाएर दुई दुई प्याक पारिरहनुभएको हुन्छ ।" (पृ. ५८)**

**तत्कालीन समाजमा महिलाहरू चुलोचौकोमा नै व्यस्त हुन्थे । घरको चौघेराभन्दा बाहिर उनीहरूको कुनै भूमिका रहँदैनथ्यो । वास्तवमा बिहे गरिसकेपछि त झन उनीहरू र चुलो पर्याय नै बन्दथ्यो । यहाँनेर रम्भीले पति पीताम्बरसँग आफ्नो हृदयको वेदना अभिव्यक्त गरेकी छन् । प्रस्तुत कथनबाट महिलाहरू हृदयभरि वेदना बोकेर बाँच्न बाध्य भएका र आफ्ना जीवनका तितामिठा र कुण्ठा र सम्पूर्ण भावनालाई सञ्चित गरेर जिउनुपर्ने बाध्यता रहेको कुरा देखाइएको छ । बिहे गरी घरमा भित्रिएपछि बुहारीका पखेटा काटिने र ऊ कुँजिएर बस्नुपर्ने वास्तविकता देखाइएको छ । गाउँमा खेलीखेली हुर्केका महिलाहरू जब पितृसत्ताको संस्कारमा बिहेबारी गरेर घर खान्छन् तब उनीहरूले हावा पनि लिन नपाउने गरी अगेनुको धुँवामा जीवन बिताउनुपर्ने देखिएको छ । जुन भावना पितृसतात्मक समाजको लागि स्वाभाविक रहे पनि महिलाहरूलाई यसले चरम किनारीकृत गरेको देखिन्छ ।**

समाजको परम्परा र केही रहनसहन त्यहाँको हावापानीले प्रभाव पारेको हुन्छ । तराईमा दिनको बिच समयमा खेतिपातिको काम कम हुन्छ । भने अन्य समयमा पनि महिलाले घरभित्रको काम गर्ने र पुरुषले घरबाहिरको काम गर्ने गर्दछन् । महिलाको भूमिकालाई देखाउँदै उपन्यासमा भनिएको छ :

**"छि: छि:, यो पनि कुनै बस्ने ठाउँ हो । नर्क हो कुम्भीपाक । २४ घण्टा आगो बर्सिरहन्छ । के खानु, के लाउनु यहाँ ? यहाँ बस्ने मानिस होइनन्, ती गर्मीका किरा हुन्, कालाकाला कुरूप, घिन लाग्दा । पसिनाले स्त्री पुरुषको सम्पूर्ण शरीरबाट दुर्गन्धको भक्कानो उठ्ने । यहाँका लोग्ने मानिसले दिउँसै कुनै बाक्लो छायाँ देख्न हुन्न, एक धरो गम्छा ओछ्याएर लड्दिन्छन्, आइमाईहरू घर पछाडिको सियाँलामा एकअर्काको चोलो खोलेर दिनभरि कि जुम्रा हेर्छन् कि घमौरा फुटाइरहन्छन् । डाक्टर, कस्तो ठाउँमा ल्यायौ तिमीले मलाई ? "(पृ. ९९)**

**डाक्टरकी पत्नी सम्भ्रान्त वर्गकी देखिन्छिन् । उनलाई तराईको वातावरण र उखरमाउलो गर्मी भनेपछि घृणा छ । त्यहाँका मानिसलाई उनले किरा भन्छिन् भने त्यहाँका**

मानिसहरूको रूपलाई घिनलाग्दो भनेर अर्थ्याएकी छन् । यसरी भौगोलिक कारणबाट होस् वा हावापानीका कारणबाट त्यहाँको जनजीवनमा पर्ने स्वाभाविक असरलाई विभेदको आधार बनाइएको कुरा प्रस्ट रूपबाट देख्न सकिन्छ । गाउँका महिलाहरूको कुनै काम नभएको र दिउसभरि जुम्रा हेरेर बस्ने र घमौराहरू फुटाइरहने देखाइनुले महिलाहरू बेरोजगार अनि फुर्सदी रहेको देखाइएको छ । यसरी यहाँ घरेलु महिलाहरूको सामूहिक प्रतिनिधित्व देखाइएको छ । अर्कोतर्फ महिलाहरू घरबाहिर निस्केर समूहमा काम गर्न र बस्न नपाउने सामाजिक संरचनालाई उपन्यासमा देखाइएको छ :

अहिलेसम्म त्यस पसलमा कुनै महिलालाई चिया खाइरहेको कसैले देखेको छैन । त्यहाँ बस्ने व्यवस्था पनि यस्तो छैन जहाँ आइमाईलाई बसालेर चिया ख्वाउन सकियोस् । दुवैतिर लामा लामा बेन्चहरू तेर्साएर राखेका छन् । जसमा बसेर दुवै लहरमा मानिस मुखामुख गरी हातमा माटोको ठूलो पालामा तातो चिया 'सुर्रसुर्र' ध्वनि गर्दै खाइरहेका हुन्छन् । एक पाला चिया खान झन्डै आधा घण्टा लगाउँछन् र आकाश पातलका गफ चुटिरहन्छन् । .....यो त सामाजिक सङ्कट थियो । (पृ. ११५)

पुरुषवादी समाजले महिलाका सामान्यदेखि अति सामान्य कुराहरूलाई खुम्च्याइदिएको छ । महिलाहरू घरभित्रै बस्नुपर्ने, बाहिर निस्कन नहुने र सभा सम्मेलनमा जान नहुने पुरातन सामाजिक परम्परालाई माथिको भनाइबाट देखाइएको छ । बजारमा वा चोकमा रहेका चिया पसलहरूमा महिलाहरू जानै नहुने, गएर त्यहाँ चिया खानै नहुने र खायो भने यस्तो उशृङ्खल महिला रहेछ भन्दै उसको चरित्रमा औंला उठाउने पुरातन र परम्परावादी समाजलाई यहाँ उल्लेख गरिएको छ । त्यसै ठाउँमा भने पुरुषहरू चिया खाँदै गफिँदै गर्ने स्वतन्त्र पुरुषवादी समाजको चित्रण गरिएको छ । जहाँ आइमाईहरू बसेर चिया खान सक्दैनथे । वास्तवमा यो कुरा अथवा यो विभेद पितृसत्ताले निर्माण गरेको एउटा सामाजिक गम्भीर सङ्कट भएको कुरा उपन्यासमा उल्लेख गरिएको छ । यस परिवेशले हाम्रै परम्परावादी गाउँको बजारको कुनै चोक वा चिया पसललाई देखाउँदै त्यहाँ महिलाहरू उपस्थित हुन नसकेको यथार्थ पनि देखाउँछ ।

उपन्यासले राणाकालको समयलाई बोकेको देखिन्छ । त्यसबखतका राणाकालीन सामन्त समुदायका महिलाहरू उसैगरी शोषणमा बाँचेको पाइन्छ । पीताम्बरकी पत्नी रम्भी पनि त्यही सामन्ती समाजकी उत्पादन हुन । उनी आदर्श र अनुशासित रूपमा पुरुषसत्तालाई संस्थागत गर्ने महिला हुन् । जुन कुरालाई तलको कथनले थप प्रस्ट पार्दछ :

**थकाइ र भोकले कर्कलो ओइलाएकजस्तै लल्याकलुलुक भएकी पत्नी लामो हाई काडेर फेरि सङ्घारमुनि खापामा अडेस लगाएर बस्छिन् । केही नपाएर हातका नङहरू हेर्न थाल्छिन् - आधाजति खिइसकेका छन्, भाँडा माँझ्दामाँझ्दा । भान्सामा पानी खेलाउँदा खेलाउँदा, पुष्ट र पोटिरा औंलाहरू सबै चाउरी परेजस्तै भएका**

**छन् । कुर्कुच्चा सिमेन्टमा टेकी रहँदा पटपटी फुटेका छन् । (पृ.१२१)**

**महिलाहरू घरकै चुलो चौकोमा सीमित हुनुपरेको र त्यसको कारुणिक चित्रलाई पनि उपन्यासले बोकेको छ । समाजमा महिला विभेद र उत्पीडन महिलामाथि गरिने घरेलु श्रम विभाजनको हिंसा र त्यसबाट प्रताडित महिलाको प्रतिनिधित्व यहाँ रम्भीले गरेकी छन् । दिनभरि काम गरेर थाकेकी उनीमा भाँडा माँझ्दामाँझ्दा हात पनि बिग्रिसकेका छन् । सबै छाला आँखा पुष्ट परेको शरीर चाउरिँदै गएको छ । कुर्कुच्चा पटपटी फुटेको देखाइएको छ । जुन कुराले महिला चुलो चौकोमै सीमित भएर चौघेरोमा बस्नुपर्ने यथार्थयलाई किनारीकृत महिलाहरूको रुपमा उपन्यासले प्रतिनिधित्व गरेको देखिन्छ ।**

२.३.४ यहाँदेखि त्यहाँसम्म उपन्यासमा वर्गीय सीमान्तीयताको प्रतिनिधित्व

*यहाँदेखि त्यहाँसम्म* उपन्यास केही मात्रामा *घामका पाइलाहरू*को निरन्तरता हो । यस उपन्यासमा ध.च. गोतामेले अधिक वर्गीय पात्रहरूको छनौट गरेका छन् भने केही सम्भ्रान्तवर्गलाई अगाडि ल्याउँदै तात्कालीन समयको सामाजिक, राजनीतिक, आर्थिक तथा परम्परागत जीवनशैलीलाई उपन्यासको विषयवस्तु बनाएका छन् । उपन्यासमा वर्गचरित्र र व्यक्ति चरित्र गरेर दुवै प्रकृतिका पात्रहरू पाउन सकिन्छ । बुर्जवा शोषकका प्रतिनिधि भद्रनाथ, सामन्ती असुर्फी साहु एवम् भद्रनाथकी आमा उपन्यासमा कठोर र बर्बर पात्रका रूपमा उभिएका छन । भाखी, पार्वती, दुर्गी, गजाधर, गौरी, पवन, पीताम्बर, सेते दमाई, सेती दमिनी, लच्छु, पहलमान, न्हुच्छेमान जस्ता वर्गीय पात्रहरू पनि रहेका छन् । बारा

जिल्लामा पर्ने मुर्की नदी र तोयर नदीको आसपासमा रहेका मानव समुदाय, परम्परा, जीवनपद्धति, विश्वास, स्वार्थ, निरीहता, प्रगति तथा मुर्कीपलियोको उद्‌भवको कथासमेतलाई बोकेर उपन्यास अगाडि बढेको देखिन्छ । जीवन गुजारा गर्न रातदिन काम गर्नुपर्ने वर्ग र परिवार पाल्नकै लागि साहुलाई तेल लगाउने निरीह वर्गको पनि कथानकमा उपस्थिति देखिन्छ । यसरी हेर्दा एकापट्टी प्रभुत्वशाली वर्ग साहुहरू र अकातर्फ भाखी, पार्वती, दुर्गी, गजाधर, गौरी, पवन, पीताम्बर, सेते दमाइ जस्ता सीमान्त व्यक्ति तथा वर्गहरूको प्रतिनिधित्व उपान्यासमा देखिएको छ । उपन्यासको सुरूवात् पवन  वीरगञ्जबाट मुर्कीपलियातर्फ लागेपछि र कमशः घटनाकमसँगै विकसित भएको पाइन्छ । जीवनले घरि वल्लो किनार घरि पल्लो किनारा लगाइदिएको सीमान्त पात्र पवनको गाउँ आगमनलाई यसरी प्रस्तुत गरिएको छ :

> टाढाबाट हेरेर कसैले उसलाई पवन भनी ठम्याउन सक्दैन । तीन वर्ष बित्दा नबित्दै यति सारो परिवर्तन आयो होला भनी उसलाई भेटिहाल्ने मानिसहरूले अड्कल गर्न सक्दैनन् । हीनग्रन्थिस्रावले गर्दा उसको अनुहारमा निरन्तर झुण्डिरहेको स्त्रैण कोमलता र निरीहता एवम् अतिशय भावुक तन्द्रामा लोलाइरहने सङ्कल्पविहीन ठेसाह मन लिएर घर र स्टेसन सम्मको दुरीमा निरन्तर भौतारी रहने पवन अब ऊ थिएन । कञ्चटदेखि कञ्चटसम्म एकपल्ट पनि छुरा नलगाएको ठाउँ ठाउँमा मुजुक्क परेर आएका टाढैबाट देख्न सकिने बाक्ला पातला झुसयुक्त दारी उसका प्रत्येक मांसपेशीको केस्रैकेस्राबाट छचल्किएको उद्दाम र अटिलो पौरुष अनुहारमा एक किसिमको चोखो भाले निस्फिकिले गर्दा लाग्दथ्यो । पवनलाई विगत तीन वर्षको सानो म्यादले हुत्याएर एक कठोर शिलाखण्डमाथि उभ्याइदिएको थियो । जहाँबाट उसलाई अहिलेसम्म आर्जन गरेको अनुभूति आकाङक्षा अध्यावसायको सामल बोकेर नयाँ जीवन यात्राका लागि  प्रस्थान गर्नु थियो । ( पृ.३७)

उल्लिखित कथनबाट हजुरबुबाको उपचारार्थ सहर पसेका पवनका परिवार हजुरबुवाको मृत्यु पश्चात पुनः गाउँ फर्केबाट सकिएको थियो । त्यही सीमान्त कथाको पृष्ठभूमिमा टेकेर *यहाँदेखि त्यहाँसम्म*को पहिलो सीमान्त कथानक अगाडि बढेको छ  । यहाँ पवनको अनुहारमा हीनताभाव भरिएको कुरा बताइएको छ । वास्तवमा पवनको परिवार निम्नवर्गीय परिवार हो  । सङ्घर्षशील र स्वाभिमानी पात्र पीताम्बरको छोरा पवन भौतारिँदै र कुनै पनि सङ्कल्प नभएको शून्य अवस्था लिएर पुनः गाउँ फर्कनुले उसमा जीवनप्रतिको

उत्साह नभएको पाइन्छ । यसको मूल कारण हाम्रो समाज व्यवस्था र सामन्ती प्रवृत्ति हो । जसका कारणले तमाम युवाहरूमा जीवनप्रतिको पश्चाताप र बाध्यात्मक रूपमा नयाँ जीवनको स्वीकार गर्नुपर्ने  र कोही गाउँ फर्कनुपर्ने कोही विदेश पस्नुपर्ने वास्तविकताको भावात्मक प्रक्षेपणको प्रतिनिधित्व  पवनले गरेको देखिन्छ  ।

> निकै दिनअघिको कुरा हो । एकजना अङ्ग्रेज अफिसर ठूलो डफ्फा बाँधेर चारकोसे झाडीमा सिकार खेल्न आएका थिए । सिकार त कति फेला पारे तर तीयर नदीको किनारमा पुगेर यसको स्वभाव देखेर यति प्रभावित भए कि आफ्नो सिकारको खोजीमा हो अथवा खोलाको अध्ययन गर्न हो बगरैबगर दक्खिनतिर झर्न थाले र गडहल आइपुगे । त्यसबखत असुर्फी साहुको पिता नथुनिसाहु आफ्नो गाउँको मात्र होइन सिङ्गै बारा जिल्लाका निकै धनीमानी कहलिएका मानिस थिए । (पृ.५१)

तत्कालीन समयमा रेलवे सेवाको निर्माण भएको थियो । जसलाई ब्रिटिस सरकारले आफ्नो काठतस्करी गर्ने स्वार्थका निम्ति निर्माण गरेको थियो भन्ने इतिहासमा लेखिएको छ । भने अर्कोतर्फ माथिको प्रस्तुत उक्तिबाट मूर्कीपलियामा असुर्फी साहु र उनका पिता नथुनी साहु । जमिनदारको रूपबाट देखिएका छन् । उनीहरू एक सामन्त र सम्भ्रान्त वर्ग हुन् । भन्ने कुरा पुष्टि हुन्छ । भारतबाट आएका अङ्ग्रेजहरूको ठुलो डफ्फा त्यो राति त्यही बसे भन्नुले असुर्फी साहुको प्रभाव नेपाल नभएर भारतका धनीमानीहरूसँग रहेको थाहा हुन्छ । त्यसैले असुर्फी साहु यस उपन्यासमा प्रभुत्वशाली जमिनदार र सम्भ्रान्त वर्गको रूपबाट प्रतिनिधित्व गरेको छ ।

समाजको बनावट प्रभुत्वशाली मात्र होइन; खासमा श्रमजीवी वर्गकै उपस्थिति अधिक हुन्छ । उपन्यासमा विशेषतः त्यस गाउँमा नपढेका व्यक्तिहरू बस्ने, गाउँमा कुनै काम नभएको र पढ्न नपाएकाले खेती किसानी गरेका व्यक्तिहरू मात्रै भएको कुरा उल्लेख गरिएको छ । यसरी हेर्दा उपन्यासमा एकातर्फ नथुनी साहु अभिजात्य वर्गको प्रतिनिधित्व गरेको छ भने अर्कातिर गाउँका मानिसहरू अनपढ, अशिक्षित र निम्न वर्गको रूपबाट प्रतिनिधित्व गरेको तलको कथ्यबाट देख्न सकिन्छ :

> "हजुर हामी सबै गाउँले हौं, भुचन्ड देहाती । हामीमा न इलम छ न विद्या । हाम्रो मुखलाई खाने चबाउने बाहेक अरू केही थाहा छैन, हात हाम्रा रोपनी र कटानी गर्न बाहेक अरू कुनै काम गर्न सक्दैनन् । यी खुट्टा खेतको हिलामा भौतारिन बाहेक कतै

> नयाँ ठाउँअघि सर्दैनन् । यसैगरी यी आँखा धानको रास र परालको डङ्गुरमा सधैँ गढी रहन्छन् अनि हामी जस्ताले हजुरको निकै गहिरो अर्थ भएको कुरा कहाँ बुझ्न सक्नु ।" (पृ.५२ )

माथिको अभिव्यक्तिबाट नथुनी साहुकोमा आएर बसेका अङ्ग्रेजका डफ्फाहरूलाई प्रयोग गर्दै नथुनी साहुले गाउँलेहरू माथि बौद्धिक हैकम बर्साएको कुरा उपन्यासमै उल्लेख गरिएको छ । यस्तो बौद्धिक हैकम जमाउने जुटभेलामा गाउँलेहरू पनि आएर ठेलमठेल गरिरहेका छन् । यसै क्रममा बिचबाट केही आवाज आउँछ जुन आवाजले गाउँलेहरूको प्रतिनिधित्व गरेको छ । गाउँमा पनि श्रमव्यवस्था रहेको हुन्छ जुन गाउँको खास पहिचान पनि हो भन्ने कुरा तलको कथन बाट थाहा हुन्छ :

> अधवैसे मोटो जीउडालको, कालो वर्ण भएको मानिस हाँकडाँका गर्दै साहुको तीन तले घरमुनि बनेको अग्लो पक्की घाटमा धानका बोझा ओसार्नेलाई हकारिरहेको थियो । घटनामा यसपरिदेखि उसपरिसम्म थोत्रा नागढुङ्गाहरू जोरजाम गरेर पुलजस्तै बनाइएको थियो । जसबाट पर्खाल काटेका धानका रास टाउकोमा बोकी सजिलैसित मानिसहरू वारपार गरिरहेका थिए । निकै अघि देखे तापनि त्यो मालिकको अधिकारपूर्वको कुर्लाइ अरू कसैको होइन स्वयम् नथुनी साहुको छोरा असुर्फी साहुको थियो । (पृ.६०)

जमिनको स्वामित्वबाट छुट्टिएका तर जमिनसँगै प्राण गाँसिएका गाउँले कृषकहरू बालीनाली बोकिरहेका छन् । नथुनी साहुको छोरा असुर्फी साहु भने उनै काम गर्नेहरूको छेउछाउ बसेर चिच्याइरहेको छ । काम गर्नेलाई हकारिरहेको छ । त्रास र धम्की देखाइरहेको छ । धानको बाला कतै झार्‍यो भने तिमीहरूलाई जुत्तै जुत्ताले हिर्काएर आज भोग दिन सक्छु नि फेरि भन्नेसम्मको धम्की दिएको छ । श्रमिकहरू केही नबोलिकन खुरुखुरु काम गरिरहेका छन् । यसरी गाउँमा धनीमानी सम्भ्रान्त र जमिनदारहरूबाट कसरी निम्न वर्गका कृषक किसान तथा श्रमिकहरू हेपिएका छन् भन्ने कुरा देखाउँदै गाउँका जमिनदार र जमिनदारको अभद्र व्यवहार सहन बाध्य किसानहरूको प्रतिनिधित्व पनि उपन्यासमा भएको छ । त्यस्तै अर्कोतर्फ निम्न वर्ग सधैँ हेपिएरै बस्नुपर्ने बाध्यता रहेको तथ्य तलको घटनाबाट पुष्टि हुन्छ :

> “कृष्ण मेरो जुत्ता खोल, उभिएर लाटोकोसेरोको जस्तो के हेरिरहेको छस् ? यहाँ छैनन् तेरा भाखी गुरु । मैले भनेको ऐलै मानिहाल नभए मैले अहिले लात्तीभकुण्डो खेलाउँछु तँलाई ।” भद्रनाथ गर्जिन्थ्यो । कृष्ण निहुरिएर जुत्ताको फित्ता खोल्न थाल्थ्यो । यी सबै सुखा काम थिए केटाकेटी उमेरदेखि गर्दै आएकाले यस्तो कामलाई उसलाई नाइनास्ती थिएन तर जब भद्रले गिजोलेको उच्छिष्ट पुरा खान दिइन्थ्यो त्यस बखत कृष्णलाई असह्य हुन्थ्यो । केटाकेटी छँदा खाइहाले पनि अब उमेरले गर्दा बलजफ्ती खान खोज्यो कि फर्केर आउला जस्तो हुन्थ्यो । कमारोको चरम अनुभूति उसलाई तब हुन्थ्यो जब उसका सामु भद्रेको पुरा कुकुरले खाने किसिमबाट भ्यात्त खनाइदिन्थे । (पृ.१७१)

कृष्णत्रे, बाल्यकालको कृष्ण नाम गरेको व्यक्ति हो । ऊ विपुलनाथको समयकी गृहदासीको छोरा हो । कृष्ण र भद्रनाथ बच्चैदेखिका सहपाठी हुन् र सँगै खेल्दै हुर्किएका हुन् । भद्रनाथले भने कृष्णलाई हेपेको व्यवहार गर्दथे र कृष्णसँग ईर्ष्या गर्दथे किनभने कृष्ण मेहनती, तेज बुद्धि भएको, पढनमा जान्ने, विलक्षण प्रतिभा भएका र स्मरण शक्ति भएका व्यक्ति थिए । कृष्णलाई आफ्नो घमा आएको बेलामा भद्रनाथले तुजुक झार्दै उसलाई जुत्ता खोल्न लगाउँछ । जुठो खाना खान पनि लगाउँछ कृष्णको खानलाई गिथल्दिने काम गर्छ । उसको आत्मस्वाभिमानमा चोट लागे पनि उसले बोल्न सक्दैन र ग्लानियुक्त मुखले मुक चीत्कार गरिरहन्छ । यो हेरेर भद्रेलाई सुखानुभूति भइरहेको छ यसरी समाजमा भएका सम्भ्रान्त वर्गहरु निम्न वर्गको वा कमजोर, निरीह र टुहुरा मानिसहरूबाट फाइदा लिन पाउँदा अथवा भनौँ, उनीहरूको आँसुमा पौडी खेल्न पाउँदा आनन्द र मजा लिने गर्छन् । यसर्थ यहाँ कृष्णलाई सम्भ्रान्त वर्गको आघात सहन बाध्य चरित्रको रूपबाट प्रस्तुत गरिएको छ :

> भाखी कृष्णको टाउको पानीपट्टी लगाउँदै थिए । बिस्तारै भने “ त्यो अब आउँदैन पढ्न, उसको विद्यार्जनको कार्य आजदेखि थन्को लाग्यो । मेरो कुरा मान्छस् भने कृष्ण पनि आजदेखि पढ्न छोडिदे । अझ त्यो गाउँलाई नै छाडिदे । भद्रले कुनै दिन पनि तेरो ज्यान लिन सक्छ किनकि अब त मेरो झिनो अदब र त्रासले पनि तेरो लागि कबच हुन सक्दैन त्यसको घर दैलोमा नटेकी आजै त भारतको ग्वालियरतर्फ प्रस्थान गरिहाल । (पृ.१८०)

भद्रेले किष्णेप्रतिको हेपाइलाई उच्च बिन्दुमा पुऱ्याएको छ । चरम अत्याचार र हेपाइबाट आजित भएका उनका गुरुले कृष्णलाई आफ्नो ज्यान जोगाउनका निम्ति भारत प्रस्थान गर्न सल्लाह दिन्छन् । अब पढ्नुको कुनै पनि अर्थ छैन भन्दै आफ्नो ज्यान जोगाउन सल्लाह दिन्छन् । यहाँबाट के प्रस्ट हुन्छ भने सम्भ्रान्त र प्रभुत्वशाली वर्गले निरीह र कमजोर मानिस वा वर्गप्रति कठोर क्रूर बदनियतपूर्ण व्यवहार देखाउँदछन् । त्यस्तै दुष्ट प्रभुत्वशाली वर्गको रूपबाट भद्रेले प्रतिनिधित्व गरेको छ । भद्रेले कृष्णप्रति गरेको विद्रुप अट्टाहास हलुका बनाई बतासमै उडाउन बाध्य भएको छ र निरीह भनेर सहनु परेको छ । भने अर्कोतर्फ सम्भ्रान्त वर्गले आफू जहिले पनि केन्द्रमा रहन विभिन्न हौवा अथा राजनीतिक शक्ति प्रयोग गर्ने कुरा तलको भनाइबाट प्रस्ट हुन्छ :

> "यस जिल्ला भरिमा को छ भद्रनाथ शीत लाप्पा खेल्न सक्ने ? यहाँ हाकिम मात्र होइनन् महाराज चन्द्र शमशेरसम्म मेरो पहुँच छ । हरेक हिउँदमा यहाँदेखि रौतहटको हजमिनिया दरबारसम्म तलबितल पर्न नदी महाराजको सवारी सिकारी चलाउने को ? यही भद्रनाथ हो । कोत भण्डारका डिठ्ठा पण्डित विपुलनाथको नाति नाउ बारा पर्सामा मात्र होइन चुरे र महाभारतका अग्ला डाँडाहरू छिचलेर नेपालका ठूलाठूला दरबारभित्र पनि पुगिसकेको छ । आउन् मसित को जोरी खोज्न आउँछन् ? पहाडलाई कुहिनाले घच्चाको डर हुन्छ ?" (पृ. २०३)

माथिको अभिव्यक्तिबाट सत्तामा, सत्ता शक्तिको आडमा र स्थानीय तहमा आशीर्वाद पाएर बसेका सम्भ्रान्त वर्गका अख्तियारीहरूले आम जनतालाई सन्त्रासमा राखेका हुन्छन् । यहाँ पनि चन्द्रशमशेरबाट अख्तियार पाएका विपुलनाथ र भद्रनाथले चन्द्रशमशेरको धाक देखाउँदै सत्ताको आडमा जनतालाई वा गाउँका मानिसहरूलाई धम्की दिने र ढाडस दिने गरेका छन् । सत्ता र शक्तिको आडमा आम जनतामाथि थिचोमिचो गर्ने प्रभुत्व जमाउने प्रचलनलाई उपन्यासले बोकेको देखिन्छ भने भद्रनाथ प्रभुत्वशाली केन्द्रीय सत्ताको मतियारको प्रतिनिधित्व बनेको छ । अर्कोतर्फ वर्गीय सहभागिताको राम्रो उदाहरण यसरी आएको देखिन्छ :

> मालिक हामी गरिब पनचोरवाहरू हौं । हामी आली धुर काँटछाट गरी पानी गुडाउनका लागि भिरालो कुलेसो बनाई बुङ्ग धुलो उड्ने धुस्रोफुस्रो माटोलाई रसाएर त्यहाँको बाँझो धर्ती हरिलो भरिलो तुल्याई बालिका झुप्पा लर्काइदिन्छौं । नपत्याए सुँघ्नुहोस् हाम्रो हात, यसमा न बारुतको गन्ध गनाउँछ न आलो रगतको रतिभर

> छिर्का फेला पर्नेछ । कुनै गन्ध आउँछ भने त्यो हो हिलो माटो र गोबरको आदि ग्राम्य गन्ध । माटो र पानीसित दिनरात खेल खेलेरै हामी आफ्ना बालबच्चाको पेटको खाडल भर्ने काम गरेका छौं । त्यसकारण मालिक हामीलाई बेरोकटोक आफ्नो काममा  जान दिनुहोस् । नत्र भने हाम्रो जहान परिवारको मुखमा भोलिका दिन माड लाग्ने छैन । (पृ. २२०)

किसानहरू रातको समयमा खेतमा पानी लगाउनका निम्ति राको बालेर खेती किसानी कर्ममा लाग्नको निम्ति मुर्कीको किनारतर्फ जान्छन् । उनीहरूलाई भद्रनाथले समातेर पालैपालो तिमीहरू असुर्फी साहुका मानिस हौ तिमीहरू भरौटे डाँकाहरू भन्दै गाली गर्न थाल्छन् र धम्क्याउन थाल्छन् तर त्यसपछि  सबैजना  पाउलाग्दै माफी माग्छन् । हात जोडेर आफ्नो परिचय दिन थाल्छन् । वास्तवमा यही परिचयबाट उपन्यासमा रहेका निम्नवर्गीय श्रमजीवी मानिसहरूको प्रतिनिधित्व झल्किएको देखिन्छ । उनीहरू रातिमा पानी लाउन आएका किसानहरू हुन् । माटोलाई धुलो र माटोलाई रसिलो बनाई त्यहाँबाट हामी खेतीपाती गर्छन् र जमिनलाई हराभरा र हरियो तुल्याउँछन् । । नपत्याए हाम्रा हातहरू सुघ्नुस् भन्दै उनीहरूले बिन्ती भाउ चढाउँछन् । हामी रातदिन पसिनासँग खेल्ने मान्छे हौं भन्दै  विश्वास लाग्दैन भने हाम्रो पसिना सुघ्नुस्, हाम्रो शरीर सुघ्नुस, बारुदको गन्ध कत्ति पनि आउने छैन भनेबाट उनीहरू खेतीकिसानी गर्ने श्रमजीवी कृषक रहेको कुरा प्रस्ट हुन्छ ।  उनीहरूले भन्छन् कि यदि तपाईंले यसरी रोकेर राख्नुभयो भने भोलि घरमा खाना पाक्दैन छोराछोरीको ओठमा माड लगाउन सकिँदैन । त्यसैले हामीलाई विश्वास गर्नुहोस् भन्दै माफी मागेको कारुणिक दृश्य उपन्यासमा प्रस्तुत भएको छ । यसबाट समाजमा रहेर हैकम चलाउने सामन्तहरूले किसानलाई कसरी आफ्नो प्रभुत्वमा दास बनाउँछन् अनि डर र त्रासमा राख्छन् भन्ने कुरा देखाइएको छ । त्यस्तै उसबेलाको राणाकालीन सामन्ती प्रवृत्तिलाई यसरी देखाइएको छ :

> राणाकालीन सबै व्यवस्थाहरू मूलभूत रूपले आतङ्कमा आधारित हुन्थे । सडक निर्माण भइसकेपछि त्यसको सुरक्षाका लागि पनि त्यही बाटो अपनाइयो । महाराज र उनका लस्कर हिँड्ने सडकलाई पनि निरीह जनताका लागि पवित्रताको वस्तु तुल्याएर कठोर निषेधात्मक पर्खाल खडा गरी सुरक्षात्मक व्यवस्था मिलाइएको थियो । सडक तयार भएपछि नगरा बजाउँदै गाउँगाउँ प्रचार गर्न लगाइएको थियो । ( पृ.३७१)

माथिको कथनले राणाशासकको वास्तविक स्वरूपलाई प्रस्ट पारेको छ । हुन त सत्तामा बस्नेहरूले आम मानिससँग दुरी कायम गरेकै हुन्छन् । तथापि राणाहरूको जाहानीया शासन शासनकै पराकाष्ट थियो । उनीहरू हिँडने सडकलाई पवित्र वस्तु ठानेर स्वस्ती गर्नुपर्ने र निगाहाको जिन्दगी बाँच्नुपर्ने कुरा माथिको भनाइबाट पनि प्रस्ट हुन्छ । यसरी सत्ताले जहिले पनि सर्वसाधरणलाई कमजोर देख्छ र सर्वसाधरण पनि शक्तिविहीन भएको अनुभूति गर्दछन् ।

## २.३.५ यहाँदेखि त्यहाँसम्म उपन्यासमा जातीय सीमान्तीयताको प्रतिनिधित्व

समाजमा जातव्यवस्था विद्यमान रहेको छ । उपन्यासमा पनि जातीय विभेदको कुरूप स्वरूपमलाई देखाइएको छ । जातिवादी कथित विचारको उपस्थिति उपन्यासमा गरिएको छ । छुन हुने नहुने वा तल्लो जात र माथिल्लो जात भनेर उक्त समुदायलाई सीमान्त हुन बाध्य बनाइएको हुन्छ । जुन कुरालाई उपन्यासमा यसरी देखाइएको छ :

> “मालिक हामी किनारमा बसेर झिङ्गा पोठिया जस्ता हिले माछा मारेर पेट पाल्ने मल्लाह । हामीबाट जहाजी काम हुन सक्दैन ती माझी बेग्लै जातिका हुन् । हामी जलकुम्भी थर–थोत्र भएका माझी जो पूर्व देश बङ्गालतिर बस्छन् । तिनलाई रहनसहन बानीव्यहोरा सबै नाउँ वा जहाज सितै गाँसिएका हुन्छन् । तिनीले गाउने गीतलाई समेत माझी गीत भनिन्छ । नाउडुङ्गामा बग्दै देश देशावर भौँतारिरहने उन्माद हाम्रो रगतको बनोटमा हुँदै नभएपछि कसरी हामीले त्यस्तो कामको जिम्मेवारी बोक्ने ? जसरी सबैका कहार मेहना पालकी बोक्न सक्दैनन् त्यसैगरी सबै माझी नाविक हुन सक्दैनन् ।” ( पृ. ५७)

नथुनी साहुले तीयर खोलाको वारपार गरेर व्यापार गर्ने योजना बनाउँछ तर तीयर खोलाको ठुलो र तेजिलो बाहबका कारण त्यहाँ घाटमा नाविकको काम गर्न कसैले पनि चाहँदैनन् । त्यो भन्दा अघिल्लो पल्ट ठुलो दुर्घटना भएको थियो जसबाट धेरै सर्वसाधारण नागरिकहरू बेपत्ता भएका थिए तर उनीहरूको जीवनको सुरक्षा कसैले गरेको थिएन । नथुनी साहुको यो योजनामा साथ दिन कोही पनि तयार भएनन् । उसले धेरै लोभलालच र दोब्बर पैसा दिने प्रलोभन पनि दियो तर कसैले पनि यो काम गर्न मानेनन् । त्यसपछि उनीहरूले माझी जात भएतापनि डुङ्गा चलाउन नजान्ने र माछाहरू मारेर जिउ पाल्ने जाति हुँ भन्दै आफूलाई जनजातिको रूपबाट प्रतिनिधित्व गराएका छन् । भने अर्कातर्फ डुङ्गा

चलाउने माझी जातिहरू र आफूहरु फरक भएको बताएका छन् । उनीहरूको गीत समेत माझी गीत भनिन्छ भन्दै कामानुसारको जाति पनि फरक हुने गरेको र संस्कृति पनि फरक हुने गरेको कुरामा प्रस्ट हुन सकिन्छ । जातीयताको सामाजिक व्यवस्थालाई अर्को उदाहरणबाट पनि प्रस्ट पार्न सकिन्छ :

> "म दमाई हुँ । मालिक सद्दे धरोलाई चिरफार गरेर सिउँछु र काखीमा झोल पार्छु । कुममा भुक्क उकास्छु । पाखुरीमा टिमिक्क पारेर पेस्तोल बान्कीको बाहुला भएको चोलो सिउँछु । अहिले पनि मेरो मगजमा त्यस्तै दमाईको कर्मको जस्तो काटपिट गरी एक पासो ओछ्याउने कुरा फुरेको छ । गाउँभित्र पस्ने ठाउँ जहाँनेर मेरो घर छ त्यहाँको सडकलाई एक पुस्ता गहिरो खनेर खाडल खनेर माथिबाट मसिना झिँजा ओछ्याइदिए त्यसबाट जाने मात लागेका डाँकाहरू एकै चिहान हुनेछन् अनि त तिनीहरूलाई त्यही पुरिदिए पनि हुन्न र ?"( पृ २१५)

जङ्गबहादुरलाई रिझाए मार्फत विपुलनाथले मुर्कीपलिया नदी पारीको फाँट बक्समा पाएका हुन् । त्यसपछि उनले त्यहाँ वैद्य, गुरु, कर्मकाण्डी पुरोहित, दमाई, सार्की, नाउ, धोबी, डुम आदि सबै जातजातिलाई ल्याएर राखेको पाइन्छ । यसै क्रममा माथिको प्रयुक्त कथनबाट दमाई जातिको व्यक्तिले आफ्नो कर्म र जातीय प्रतिनिधित्व खुलाउँदै साहुको काममा आफूले पनि केही गर्न सक्ने कुरा जाहेर गरिएको छ । सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको देखिन्छ । यसरी परम्परादेखि लुगा सिउने, खुट्ने, काट्ने, टाल्ने आदिजस्ता कामहरू गर्ने प्रतिनिधिको रूपबाट यहाँ जनजाति व्यक्ति देखिएका छन् ।

> "ओस्ताजी तपाइँ निष्ठावान् मानिस हुनुहुन्छ र तपाईंको विद्या झन चोखो गुण हो भन्ने कुरा मलाई थाहा छ । ठूलो रुखको छहारी मुनि बस्न पाए मेरा सन्तानले पनि राम्रो फल पाउन सक्ने थिए र ती पनि कालान्तरमा बुढी हुन सक्ने थिए तर के गर्ने म छोइछिटो हाल्नुपर्ने जात भएँ, सबका सामु निमुखा । सिधैं सियोधागोसितै दगुरादगुर नगरी पेटसमेत पालन गर्न नसक्ने । गाउँको किच्चाघानमा म पर्न चाहन्नँ । मेरो बिन्तीभाउ लागोस्, रिसानी नहोस् । म आफ्ना छोराहरू तपाई कहाँ पठाउन सक्दिनँ ।" ( पृ.२४०)

प्रस्तुत भनाइमा सेतो दमाई आफू समाजमा छोइछिटो गर्ने वर्गको व्यक्ति भएको र कसैको पनि नजिक नजाने, नछुने र नबस्ने गरेको कुरा बताएको छ । अभिजात्य वर्गले

निम्न वर्गमाथि थिचोमिचो बढाउँदै गएको पाइन्छ । विभेद, अन्याय र अत्याचारबाट मनोवृत्तिलाई कमजोर  बनाउँदै आफूलाई ठुलोठुलो र उच्च जातको रूपबाट अगाडि बढाएको पाइन्छ । ओस्ताजले सङ्गीत विद्याका निम्ति छोराहरू भर्ना गर्नका निम्ति आग्रह गर्दा गाउँलेहरूको तिरस्कार आउने, मलाई हेप्ने र भोलि पर्सिबाट मेरो सबै काम बन्द हुन सक्छ त्यसैले मेरो हातमुख जोड्न समस्या हुने हुनाले म पठाउन सक्दिनँ भनेर सेती दमाईले भनेको अभिव्यक्तिबाट समाजमा रहेको जातीयता र त्यो प्रथाको समग्र प्रतिनिधित्व यहाँ सेतो दमाईले गरेको देखिन्छ । यसै प्रसङ्गमा कृष्णत्रेको व्यवहारबाट र देखिएको कार्यघटनाबाट जातीयताको के कसरी समाजमा ज्युदो थियो  भन्ने कुरा प्रस्ट हुन्छ :

> "उनले नै पठाएको जा उहाँको चरणमा बसेर आजदेखि सिक्नू  भनेर ।" कृष्णत्रे उठेर गए र दुवैलाई अँगालो हाले अनि टाढा हटेर भने, "तिमीहरू एकएक टाटको टुक्रा ओछ्याएर टाढा बस्नेछौ र मैले दिएको सङगीतको पाठ रफत गरिरहनेछौ ।" दुवै कलिला दमाई पुत्रहरूले सहमतिमा टाउको निहुराए र चरण स्पर्श गर्ने साहस नभएर उनीभन्दा एक हात वरै निहुरे र धुलोमा टाउको गाडी दिए । बस्ताकोटीको मन हुरुक्क भयो, गएर दुवैलाई उठाएर टाउको मुसार्न थाले । शिरमा धुलो भरिसकेको थियो त्यहाँ बस्ताकोटीको स्नेहको प्रथम स्पर्श थियो । (पृ.२४१)

कृष्णत्रे बस्ताकोटी जाति विभेदका विरूद्धमा देखिएका छन् । उनले दमाईका दुवै छोराहरूलाई जसरी पनि सङ्गीत विद्या सिकाउने जिद्दी लिएपछि दुवै छोराहरू पढ्नका निम्ति किष्णात्रेको सङ्गीत पाठशालामा बसेका छन् । सबैजना एकएक टुक्रा ओछ्याउने ओछ्याएर बसेका छन् । सबैजना आउँछन् र कृष्णात्रीलाई पाउ स्पर्श गरेर ढोग्छन् तर दमाईका दुवै छोरा परैबाट धुलोमा ढोग्छन् ।  यसबाट बस्ताकोटी भावुक हुन्छन् र नजिकै गएर उनीहरूलाई मुसार्न थाल्छन् । खासमा बस्ताकोटी जातीय विभेदलाई समाजबाट उच्छेदन गर्ने प्रतिनिधि पात्रको रूपबाट देखिएका छन् भने दमाईका दुई छोराछोरीहरू मानसिक रूपबाट कमजोर दमित र हीनताबोध गर्ने कथित तल्लो जातिका प्रतिनिधि बालकका रूपमा उपस्थित छन् ।

### २.३.६ यहाँदेखि त्यहाँसम्म उपन्यासमा लैङ्गिक सीमान्तीयताको प्रतिनिधित्व

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा वर्गीय पात्रहरूको बाहुल्यता देखिन्छ । त्यसैमाथि लैङ्गिक पात्रहरूको उपस्थिति पनि परम्परागत तथा कोही आधुनिक वैचारिक भूमिकामा

देखाइएको छ । पावर्ती, दुर्गी गौरी, भद्रनाथकी आमा, सेती दमाई, भद्रनाथकी छोरी आदि महिलापात्र र भद्रनाथ, भारवी, कृष्णात्रे, असुर्फी साहु, हरचनवा, पीताम्बर, विपुलनाथ, पवन, नथुनी, दमाई, गजाधर, आदि पुरुषपात्रहरू रहेका छन् । विशेष गरेर पितृसत्ताले भूमिका खुम्च्याइएका नारीहरू र विभेद सहन बाध्य पात्रहरू उपन्यासमा देख्न सकिन्छ । पुरुषले जसरी पनि महिलालाई अधीनस्त बनाएर राखेको सामाजिक संरचना उपन्यासमा प्रस्तुत गरिएको छ । महिलामाथि दमान, शोषण र हिंसा गरेर उनीहरूलाई निरीर र पशुसरह बनाउने काम प्रस्तुत उपन्यासमा भएको देखिन्छ जुन कुरा तलको अभिव्यक्तिबाट प्रस्ट हुन्छ :

> "तपाईँसित नआएर म कहाँ जाऊँ त, मेरो तपाईंबाहेक को छ अब ? जन्मे कटरवनमा शरीर त मेरो अब मुर्कीपलियामै विसर्जन हुनेछ । म त वाग्दत्ता भइसकेर त्यही  दिनदेखि म तपाईंकी भइसकेँ । यी बाजागाजा र ढोल–नरसिङ  त त्यसको सामाजिक परिपुष्टि मात्र हो । अब म बागमतीको हुन्डरी स्वभाव त्यागेर मुर्कीको पत्थर स्वभाव लिनेछु । तपाईंको पुरा खाएर दासीजस्ती बन्नेछु, बस्नेछु । मलाई जनी गरी नछाड्नुस् ।" मलाई जनी गरि नछाड्नुस् । (पृ.२५८)

प्रस्तुत सन्दर्भमा गौरी पितृसत्ताप्रति लाचार भएर  भद्रनाथप्रति आफ्नो जीवन समर्पण गरेकी छन् । उनले आफ्नो जीवनको सारा अस्तित्व भद्रनाथसँगै जिउनुमा देखेकी छन् । अब जीवनभर दासी भएर बस्छु, मलाई नछोड्नुस्, तपाईंको पुरा  खाएर जीवन काट्छु भनेबाट गौरी परम्परागत र पितृसत्ताको पक्षपोषण गर्ने निरीह, कमजोर र लाचार महिलाको रूपबाट प्रस्तुत भएकी छन् । गौरीलाई दबाएर राखेकी सासूको अभिव्यक्तिबाट भने थप हेपाहा दृष्टिकोण प्रस्ट हुन्छ :

> "तिमी कहाँ रोपाइँ हुँदैन होला । बुहारी, घैया छिटा हालेर उब्जा गर्दा होलान् अनि त तिमीलाई रोपाइँको यति बिघ्न विधि विधान थाहा रहेनछ ।" पिँढीमा एकनाससित व्यङग्यात्मक फलाको हालिरहने साद्यः अप्रसन्न, सदा खिन्नमना,  श्वेतवसना बुढिया गौरीले गरेको प्रत्येक कामको छिद्रान्वेषण गरेर मनोवाञ्छित त्रुटिहरू इङगित गरिरहन्थिन् । प्रतिवादी नभएको एकतर्फी सासुवादी मुद्दाको किनारा कसले लाउने ? उनी गौरीको पैरवी र वकालत गर्ने कोही छैन । उनी मुखसम्म आएको अकाट्य सत्य पनि ओकल्न सक्दैनथे । अदब र मर्यादाको लक्ष्मण रेखाबाट विचलन होलान्

> भनी घुटुक्क निलिन्थिन् । उता सासूको सहवासिनीहरू बुढीका हरेक तर्कमा वयावृद्ध जुरीहरू जस्तै गम्भीर सहमतिको टाउको हल्लाइरहन्थे । (पृ.२८६)

प्रस्तुत भनाइमा भद्रनाथकी आमाले गौरीलाई उसको गरिबीप्रति व्यङ्ग्य गर्दै तिम्रोमा त रोपाइँ हुँदैन होला, घैया पनि उत्पादन हुँदैन होला र तिमीलाई यो सबै विधिविधान कहाँ थाहा होला भन्दै घोचिरहेकी छन् । गौरीका प्रत्येक ससाना कुराहरूमा उनले होच्याइरहन्छिन् । क्रूर र कटू सासूको परिचय उनले दिएकी छन् । गौरीप्रतिको अन्याय कसले बोलिदिने ? न गौरी प्रतिवाद गर्न सक्छिन् न अरू बुझिदिने छ । जे जस्तो भए तापनि सासू को लक्ष्मण रेखाबाट उनी बाहिर नआएर सङ्कीर्ण सोचकी सासूको दमनमा बाँचेकी, सहनशील र बुहार्तन सहेकी प्रतिनिधि बुहारीको रूपबाट गौरी उपस्थित भएकी छन् । यसरी गौरी परम्परागत सिङ्गो समुदायको बुहारीकी प्रतिनिधि पात्रको रूपबाट उपन्यासमा देखाइएको छ ।

> गौरी बसेको छायाँ रेखा बाहिरको द्वारमा पस्नासाथ देखिन्थ्यो । उनको कैयौं दिनदेखि चिल्लो नपाएको भत्ताभुङ्ग भएको कपाल चिल्था धोती, कुपोषणबाट दिन प्रतिदिन कृश हुँदै गएको एक मुठी शरीर टाढैबाट देखेर एउटा सिरिङ्ग पार्ने चिसो बतास उनको मुटुलाई छुँदै भित्र बगेर जान्थ्यो तर छिट्टै आफूलाई सहज तुल्याउँथे र उदण्ड र दुर्दमनीय भूस्वामित्वको कठोर रुक्षताको लौहकवतभित्र पसेर यस्ता स्त्रेण मानवीय कमलोपनलाई शरीरमा बिस्तारै कतै घिस्रिरहेको घिनलाग्दो किराजस्तै झड्कारी टाढा फालिदिन्थे । ( पृ.३३०)

गौरी दिनप्रतिदिन सासूको प्रताडनबाट पीडित हुन्छिन् र उनको अवस्था अत्यन्तै दयनीय हुन पुग्छ । न अनुहारमा कुनै चमक देखिन्छ न लुगा न कपाल । एकापट्टि पितृसत्ताको सिकार हुन पुगेकी गौरी अर्कोतर्फ सासूको क्रूर व्यवहारले लैङ्गिक विभेदको सिकार भन्न पुगेकी छन् । भद्रनाथले यो सबै कुरा देखेपनि आफ्नी श्रीमतीलाई सहनशील नारीको रूपबाट व्याख्या गरेको छ । घरको कठोर रहनसहन दुःखजेलो आधा पेट खाएर सुत्नुपर्ने बाध्यतामा बर्बर आँसु खसाल्दै आफ्ना कुरा भन्दा पनि सुनिदिने कोही नहुने अवस्थामा पनि गौरी गम्भीर र अचल भएर बस्नुलाई भद्रनाथले बराठिएकी आइमाई भनेर सम्बोधन गरेको छ । यसरी हेर्दा कैयौं घरेलु हिंसामा परेका नेपाली ग्रामीण समाजका महिलाहरूको एक प्रतिनिधि पात्रको रूपमा गौरी आएकी छन् । भने अर्कोतर्फ सौता दुर्गीको अभिव्यक्तिले पनि महिला हिंसाको कुरालाई थप प्रस्ट पारको छ :

"मेरो नाम दुर्गी हो तर सीतापुरका सबै मलाई प्यारो गरेर लङ्गडी मैया भनेर बोलाउँदछन् । मेरो खुट्टा अलि खोरण्डो छ । खोच्याङ–खोच्याङ गरेर हिँड्छु । त्यसैले मलाई लङ्गडी मैया भनेका । केटाकेटीमा खुट्टा अनारमती  आएको थियो ।  मलाई थाहा छैन बाबा हुनुहुन्थ्यो । धेरै ओझा गुनीलाई देखाउँदा पनि निको भएन र मलाई सधैंका लागि लङ्गडी तुल्याएर गयो । अब त बानी परिसक्यो दुर्गी भनेर कसैले बोलायो भने नरमाइलो लाग्छ । लङ्गडी भनेर डाकेको आफन्त जस्तो लाग्छ । आमै ! मैले त धेरै बोलेँ क्यारे । सबैले भन्थे घरमा धेरै नबोल्नू ।"यति भनेर दूर्गी जिभ्रो काढछिन् । सिङ्गै आँगनका आइमाइहरू गफ्फा मारेर हाँसिदिन्छन् । गौरीसमेत सप्कोले मुख थुन्छिन् । (पृ.३९४)

दुर्गी उपन्यासको अन्तिमतिर आएर पनि महत्त्वपूर्ण भूमिकामा देखिएकी छन् । भद्रनाथको दोस्रो श्रीमतीको रूपबाट भित्रिएकी गौरीले भद्रनाथको सामन्ती प्रकारको पारिवारिक संरचनालाई फेर्न सक्ने ल्याकत राखेकी छन् । कर्तव्यनिष्ठ नारीको रूपबाट चरित्रवान्, नैतिक, अनुशासित, अन्यायको सामना गर्न सक्ने, अमानवीय कार्यको विरोध गर्ने, लोग्नेको बर्बरतालाई तह लगाउने कोसिस गरेकी गरेकी निडर र दृढ नारीको रूपबाट प्रतिनिधित्व गरेकी छन् । जुन हाम्रो समाजको वा पितृसत्तात्मक समाजको आवश्यकता पनि हो । त्यसै बखतमा समाजको अर्को प्रतिनिधि सीमान्त पात्रको अभिव्यक्ति यसरी आएको छ । जहाँ सेती हुलको पुछारबाट उठेर भन्छे :

"तित्राको मुखै बैरी भनेजस्तो हामी दमाईहरूको मुख कैंची जस्तो कचकच काट्ने गरी चल्दछ । मेरो दमाईले महाराजका सामु त जिब्रो फड्कार्न छाडेनन् । यहाँ त सबै आइमाई फरिया भित्र एकनासका छौं । अतः मलाई बुहारीहरूबारे सोधनी भएको थियो । म जातकी दमिनी जहाँ पनि आफ्नै कर्म देख्छु । एउटी बुहारी सियो जस्तो देख्छु भने अर्की ढिँकीजस्ती लाग्दछिन् । बजैको भागमा ढिँकी परेको छ । हजुर के गर्नुहुन्छ ढिँकी राखेर ?" (पृ. ३९७)

प्रस्तुत भनाइमा तथाकथित तल्लो जातिकी दमिनीले आफूलाई अत्यन्तै निरीह र कमजोर रूपबाट चित्रित गरेकी छन् । भद्रेकी आमाको सम्पूर्ण थिचोमिचो थाहा पाएर पनि उनले केही नजानेको जस्तो गरेकी छन् । उनले भनेकी छन् कि मलाई सिलाउन मात्रै आउँछ अरू केही थाहा छैन भन्दै अनविज्ञता प्रकट गरी महिला विभेदलाई अरू संस्थगत गरेको देखिन्छ  तथापि एकातर्फ उनी महिला हुनु र अर्की तर्फ तथाकथित तल्लो जातको

हुनुले उनीमा त्यस्तो स्वर आएको हुन सक्छ । यसरी दमिनी एक तत्कालीन समाजको तल्लो जातको प्रतिनिधिको रूपमा आएकी छे । जुन नेपाली समाजको वास्तविक पात्र पनि हो ।

## २.४ निष्कर्ष

ध.च. गोतामेका उपन्यासमा वर्गीय पात्रहरूको बाहुल्यता पाइन्छ तत्कालीन समयको राणाकालीन सामाजिक संरचना र त्यसले मलजल गरेको सामाजिक परम्परा रीतिरिवाज र समाजको राजनीतिक व्यवस्था सम्पूर्ण रूपबाट अभिजात वर्गको हातमा रहेको कुरा निष्कर्षमा बताउन सकिन्छ । प्रभुत्वशाली वर्गले समाजमा आफ्नो हैकम जमाएर बसेको देखिन्छ । खेतबारीमा होस्, व्यापारमा होस्, निर्णयको तहमा वा विचारको तहमा हरेक क्षेत्रमा प्रभुत्वशाली वर्गानुसारका संस्कृतिहरू र तिनै सम्भ्रान्त वर्गअनुसारका परम्पराहरू विकसित भएर अगाडि बढेको देखिन्छ । सोही अनुसार प्रस्तुत दुवै उपन्यास *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा प्रभुत्वशाली वर्गसँगै उनीहरूले नै चलायमान बनाएर राखेका सीमान्तकृत वा किनाराकृत समुदायको उल्लेख्य उपस्थिति उपन्यासमा देख्न सकिन्छ ।

*घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म दुवै* उपन्यासभित्र वर्गीय, जातीय तथा लैङ्गिक रूपबाट मानिसहरू किनारीकृत भएका छन् । उनीहरू समाजमा आफ्नो शिर ठाडो पारेर आफूले भनेअनुसारकै जीवन जिउन पाएका छैनन् । सक्षमताका साथ नेतृत्व गर्न सकेका छैनन् । जसका कारणले पहिचान पनि गुमनाम बनेको छ । प्रतिरोध गरिहालियो भने पनि आफ्नो अस्तित्व नरहनुका कारणले वा परिस्थिति प्रतिकूल हुनका कारणले आफू बसिरहेको ठाउँ गरिरहेको जागिर छोडेर हिँड्नुपरेको कथा उपन्यासमा देख्न सकिन्छ । यसरी समाजमा प्रभुत्वशाली वर्गले आफू अनुकूलका सामाजिक आचारसंहिता निर्माण गर्ने र सोही अनुसारको सामाजिक न्याय सम्पादन गर्ने गर्दछन् । समाजमा आफ्नो प्रभुत्व जमाएर बसेका साहु, मालिक, डाक्टर, जमिन्दार, व्यापारी आदिलाई उपन्यासमा प्रस्ट रूपबाट देखाइएको छ । अर्कातर्फ समाजमा आफ्नो अधिनायकी अधिनायकत्व निर्माण गरेर बसिरहेका र पितृसत्ताको झोला बोकेर हिँडिरहेका व्यक्तिहरू पनि देखाइएको छ । त्यही पितृसत्ताले च्यापेका महिलाहरूको उपस्थिति पनि उपन्यासको कथानकमा राम्रैसँग प्रतिनिधित्व भएर आएको देख्न सकिन्छ । समाजमा गरिबी, शोषण तथा उत्पीडन व्याप्त रहेको कुरा र ती सामन्तहरू समाजमै लुकेर छिपेर बसेको कुरा वा राज्य सत्ता नै चलाएर बसेको कुरा

*घामका पाइलाहरू*मा देखाइएको छ । राणाहरूले विभिन्न कारणले मानिसहरूलाई निर्वासित गर्ने, सर्वस्वहरण गर्ने, आफूअनुकूल नभएपछि देश निकालासम्म गर्ने  र बहिष्करणसम्म गर्ने कार्यहरू गर्दथे । जुन कुरा *घामका पाइलाहरू* उपन्यासको पृष्ठभूमिको रूपबाट आएको छ भने यही उपन्यासमा सहरिया व्यापारी, साहु, डाक्टर जस्ता अभिजात वर्गको व्यक्तिहरूको प्रतिनिधित्व पनि देखिन्छ । अर्कातर्फ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा असुर्फी साहु, पण्डित भद्रनाथजस्ता चरित्रहरू सम्भ्रान्त तथा शोषक चरित्रको रूपबाट उपन्यासमा प्रतिनिधित्व गरेका छन् । तिनैका क्रूर, असामाजिक, अमानवीय व्यवहार र व्यवस्था पनि उपन्यसमा चित्रित छ । पात्रहरू, पीताम्वर र उसको परिवार,  दुर्गी,  गौरी, पार्वती, श्रीवास्तव, सेती दमाई जस्ता सीमान्तकृत पात्रहरूको प्रतिनिधित्व पनि उपन्यासमा रहेको कुरा प्रस्ट देख्न सकिन्छ । केही सङ्घर्ष र आवाजहरू देखिएता पनि दुवै उपन्यासमा सीमान्तकृत वर्ग र समुदाय प्रभुत्वशाली वर्गको पञ्जामा च्यापिएर शोषण, उत्पीडन र अत्याचारमै पहिचानविहीन बन्न पुगेको कुरालाई दुवै उपन्यासमा प्रस्टताका साथ प्रतिनिधित्व गराई प्रस्तुत गरिएको छ ।

## तेस्रो परिच्छेद

## ध.च गोतामेका उपन्यासमा सीमान्तीकरणको प्रक्रिया

### ३.१ विषयप्रवेश

ध.च. गोतामेका उपन्यासमा सामाजिक यथार्थतासँगै समाजमा विद्यमान रीतिरिवाज, परम्परा र त्यसका आधारमा घटेका घटनालाई मुख्य रूपमा सशक्त भाषाशैलीमा प्रस्तुत प्रस्तुत गरिएको छ । यहाँनेर पनि *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म*मा उपन्यासकार गोतामे वास्तवमा ग्राम्य तथा सहर भनिएर पनि सहरको विशेषता बोक्न नसकेको तराई क्षेत्रको सामाजिक परिवेशलाई उपन्यासको कथानक बनाएको पाइन्छ । विशेषतः सीमान्त पात्रको उल्लेख्य उपस्थिति गराएर केन्द्र र किनाराको असामञ्जस्यपूर्ण सामाजिक संरचनालाई उपन्यासमा प्रस्तुत गरेका छन् । प्रभुत्वशाली वर्ग जसले विचार, भाषा, सत्ता, शक्ति तथा विविध भ्रमहरूबाट आम विपन्न तथा निम्न वर्गका मनिसलाई दबाएरै राखेका हुन्छन् । चाहे सामाजिक ढोगी परम्पराहरूको आडभरोसामा होस् चाहे राजनीतिक शक्तिको आडमा ने किन नहोस् उनीहरूले आफ्नो हैकम जमाएकै हुन्छन् । डर सिर्जना गरेर वा विश्वासै निर्माण गरेर गरिब तथा पहुँच नपुगेकाहरूलाई अधीनस्थ बनाउने गर्छन् । सोही कुरालाई गोतामेका दुवै उपन्यासमा प्रखर रूपमा प्रस्तुत गरेको पाइन्छ ।

गोतामेका उपन्यासमा समाजका छुवाछुत, विभेद, दमन, शोषण तथा उत्पीडनलाई सामाजिक यथार्थको धरातलमा टेकेर सजीव चित्रण गरिएको छ । विशेष रूपमा समाजमा पितृसत्ताको प्रयोग गरे जातीय, वर्गीय तथा लैङ्गिक स्वरूपमा मानिसलाई सीमान्त बनाउने प्रसास गरिन्छ । राजनीतिक केन्द्र र त्यसको ढाढस प्रयोग गरेर, पुर्ख्यौली अभिमानको शक्ति देखाएर, भ्रमहरूको विविध परिघटनाहरू सिर्जना गरेर, लोभलालच तथा भयसन्त्रासको प्रयोग गरेर सामन्त वर्गले समाजमा आफ्नो प्रभुत्व जमाइराखेका हुन्छन् । निम्न वर्गलाई कहिल्यै टाउको उठाउन दिँदैनन् । यस सन्दर्भमा घनश्यम भुसालले (२०६४) विचार अभिव्यक्त गरेका छन् : विचारधारात्मक वर्चस्व अर्को अर्थमा सामाजिक वर्चस्व पनि हो । यसरी वर्गसङ्घर्ष पनि विचारधाराात्मक सङ्घर्ष हुन्छ । श्रमिक वर्गको विचारधारात्क वर्चस्व साँघुरिँदै जान्छ । राज्य आफै विचारधारात्म संस्था भएकाले श्रमिक जनताको विचारधारात्मक प्रभुत्व जति बढी हुन्छ त्यति नै राज्य स्वयम वर्गसङ्घर्षको प्रमुख थलो बन्छ । (पृ.३०२)

यसरी हेर्दा कृतिभित्र पनि राजनैति शक्तिका भरमा निमुखा गाउँलेमाथि दमन गरी विचार लादिएको पाइन्छ । उनीहरू पनि बोल्न नसकेको देखिन्छ । अर्कोतर्फ राज्य संरचनाले निर्माण गरेको सामाजिक व्यवस्थाले मानिस तथा सिङगो भूगोललाई नै सीमान्त हुन बाध्य बनाएको देखिन्छ । यसरी वर्चस्वशाली वर्ग र त्यसमा अधीनस्थ हुन पुग्ने वर्गबिचको सामाजिक व्यवस्था र प्रक्रियालाई सीमान्तीयताको सैद्धान्तिक मान्यतामा टेकेर यस शोधकार्यमा तिनीहरूको सम्बन्धगत अवस्था पहिचान गरिएको छ ।

## ३.२ सीमान्तीकरणको प्रक्रियासम्बन्धी अवधारणा

सामाजिक रूपमा बाहेक बनाउने वा विभेदको सीमा पार गराउने प्रक्रियालाई सीमान्तीकरणको प्रक्रिया भनेर बुझ्न सकिन्छ । सामजिक, राजनीति, आर्थिक, सांस्कृति आदि व्यवस्थाको वर्गान्तरले एउटा परिस्थिति बन्छ जुन परिस्थिथितिमा प्रभुत्व कायम गर्नेले विविध शक्तिका औजारहरूको प्रयोग गरेर  निम्न वर्ग, जाति, लिङ्ग वा समुदायलाई नै पछि धकेल्ने वा अन्यायको छायामा राखिरहने काम गर्छन् । सीमान्तीयताका बारेमा ग्राम्सीका धारणालाई ताराकान्त पाण्डेयले (२०७३) आफ्नो पुस्तक *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*मा यसरी लेखेका छन् :

> ग्राम्सीले जेलभित्र बसेर लेखेको कृति *प्रिजन नोटबुक*भित्र भन्न खोजिएको  उनको मान्यताको मुख्य सार हेजेमोनी (प्रभुत्व वा वर्चस्व) हो । यसको केन्द्रीय सार के हो भने बिनाबल प्रयोग पनि समाजभित्रका विभिन्न वर्गलाई वर्चस्व वा प्रभुत्वले बाँधेको हुन्छ । यो त्यति बेला प्राप्त हुन्छ जब उच्च वर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गर्छन् । यस्तो नेतृत्व प्राप्त गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गरिन्छ र एउटा सामान्य साझा मान्यताको विकास गरिन्छ । ग्राम्सीले ब्रिटेन र फ्रान्सको उदार प्रजातन्त्रको सफलताको आधार यसलाई देखे । प्रभुत्वमा वार्ता (निगोसिएसन) र सहमति (कन्सेन्ट) आधारभूत तत्वका रूपमा रहन्छन् । विचारहरू, मूल्यहरू, विश्वासहरू माथिबाट लादिँदैनन्, न त स्वतन्त्र वा आकस्मिक रूपले नै यसको विकास गरिन्छ । बरू एउटा यस्तो अवस्थाको निर्माण हुन्छ जतिबेला श्रमिकहरू हामी शोषित भएका, ठगिएका वा लुटिएका छौँ भन्ने थाहा पाउँदैनन् । पुँजीपतिले लिएको अतिरिक्त मूल्य पनि उनीहरूको अधिकारै हो भन्ने उनीहरू ठान्छन् । आफ्नो अवस्थालाई उनीहरू आफ्नै पूर्व जुनीको फल ठान्न थाल्छन् । (पृ.६४)

वास्तवमा समाजमा निम्नवर्गीय समुदायले आफ्नो किनारालाई स्वीकारेका छन् । किनकि समाजमा यसरी विभेद र दमन संस्थागत भयो कि हरेक पुस्ताले त्यसलाई पुस्त्यौनी संस्कारको रुपमा ग्रहण गरेको पाइन्छ ।

यसै सन्दर्भमा सीमान्त समुदाय समग्र समाज र राजनीतिले छोडेको वर्ग हो भन्दै रणजित गुहले (सन् १९८२) आफ्नो किताब *भारतको औपनिवेशिक इतिहासका पक्षहरु*मा भनेका छन् कि इतिहास लेखनबाट प्रस्ट रुपमा छुटेका भनेको जनताको राजनीति हो । जनताको जीवन र चेतनाका विशाल क्षेत्रहरू जुन आभिजात वर्गभन्दा बाहिर छ । भन्दै उनले ऐतिहासिक कथाहरूले सवाल्टर्नको आवजलाई थप सीमान्तकृत गरेको कुरा लेखेका छन् । (गुह, १९८२ :४) यसर्थ समाजमा अभिजात्य वर्गहरूले समाजमा आफ्नो इतिहास देखाएर जनताका आवाजहरूलाई दबाउने र सदा समाजको किनारामा राख्ने गरेको कुरा प्रस्ट हुन्छ ।

सीमान्तीयताकै सन्दर्भमा सबाल्टर्न अध्ययनको सम्भावनालाई नेपालको सामाजिक परिवेशसँग समीप रहेर तारालाल श्रेष्ठले (२०६८) उल्लेख गरेका विचारहरू प्रस्तुत गर्न सकिन्छ :

> नेपाल विशिष्ट भौगोलिक परिवेशमा जातजाति, धर्म, संस्कृति, वर्ग, भाषा, भौगोलिक विकटताको आधारमा सबाल्टर्नको पहिचान र अध्ययन विश्लेषण गर्न सकिन्छ । कोही जातका आधारमा उपल्लो वर्गमा परे पनि आर्थिक तथा अन्य हिसाबले तल्लो सबाल्टर्न हुन सक्छ । कोही भौगोलिक विकटको कारण सबाल्टर्न हुन सक्छ । त्यसो त पराधीन आर्थिक, राजनीतिक दृष्टिकोणबाट हेर्दा सबै नेपालीलाई सबाल्टर्न मान्न सकिएला तर कसैले को हुन् त नेपाली सबाल्टर्न भनेर सोधेमा नेपाली परिवेशमा एउटा उदाहरणका रूपमा सरल उत्तर दिन सकिन्छ : कर्णालीका दलित, गरिब, विधुवा, महिला एक नम्बरका सबाल्टर्न हुन् । अन्यलाई अर्को विविध अर्थ, तह र अवस्था अनुरूप सबाल्टर्न मान्न सकिएला । सीमित सङ्ख्यामा रहेका सम्भ्रान्त नवसम्भ्रान्त, राजनीतिज्ञ, व्यापारी उद्योग व्यवसायी एन.जि.ओ.वाला पनि विदेशी शक्तिकेन्द्रका अगाडि पराधीन छन् । ती स्थानीय स्तरमा सम्भ्रान्त देखिए पनि तिनलाई सबाल्टर्न नै मान्न सकिन्छ ।

नेपालको परिवेशमा खासगरेर भूगोल, राजनीति, संस्कृति,तथा प्रथाजन्य विकृतिहरू नै सीमान्तीकरणको औजार बनेको देखिन्छ । देशमा अनुदान र सहयोग ओरिइरहेको देखिन्छ । त्यसलाई समाजमा छरिन्छ र सामाजिक सशक्तीकरणको ढोल बजाइन्छ तर यसले त समाजलाई झन परनिर्भर सीमान्त बनाइरहेको छ । नेपालको राजनीतिले समेत वैदेशीक हस्तक्षेपमा स्वीकार गरेर सोहीहन देशलाई  विभिन्न संस्थाहरुमार्फत चलएको हो कि भनेको जस्तो पनि देखिन्छ यसरी हेर्दा विश्व परिप्रेक्ष्यमा नेपाल सीमान्तकृत देश हो भनेर स्वीकार्न समिन्छ । यसै सन्दर्भमा राजेन्द्र सुवेदीले (२०७३) यस अवधारणालाई यसरी आफ्नो विचार राखेका छन् :

> यहाँ समाज व्यवस्थाका सीमा र तिनका परिधिहरूमा रहेका सम्भावनाहरूलाई अर्थ प्रदान गर्ने स्थितिमा मानिसलाई खण्डीकरण गर्ने र तिनलाई अलगअलग समूहको खण्डमा विभेदित गर्नेजस्ता कामहरू पनि भएका छन् । मान्छेलाई तात्विक सीमामा रहन नदिई निर्मित सीमामा सी मान्तीकरण गरिदिने परम्परा पनि प्रादुर्भाव बन्दै गएका स्थितिमा मान्छे अनेक जात, अनेक धर्म, अनेक लिङ्ग, अनेक सम्प्रदाय,अनेक पहिचान र अनेक क्षमता तथा अनेक कुसङ्केतकताका खेमामा विभाजित बन्न पुगेको पाइन्छ । (पृ.२३४)

यसरी सामाजिक, आर्थिक तथा राजनैतिक रूपमा प्रभुत्वशाली वर्गले निम्न वर्ग वा अधीनस्थ समुदायलाई  सामजिक बहिष्करणमा पर्दछ र विभिन्न खेमामा विभक्त पनि गर्दछ भन्ने कुरा यस सन्दर्भमा प्रस्ट हुन्छ ।

सीमान्तीयताको प्रकियामा खासगरेर दमन, शोषण, विभेद, अन्याय, थिचोमिचो, कसरी घटित भएको छ भन्ने कुरालाई हेरिन्छ ।  उमेरगत , पेशागत, संस्थागत, ओहोदागत, भौगोलिक आदि रूपमा मानिसलाई उत्पीडनमा पारिन्छ । साथसाथै विशेषतःवर्गीय, जातीय र लैङ्गिक रूपमा पनि सीमान्तीयता संस्थागत भएर समाजमा रहेको देखिन्छ । यिनै मान्यता मा आधारित भएर गोतामेका उपन्यासमा अभिव्यक्ति सीमान्त पकियाको विश्लेषण गरिएको छ ।

### ३.३. सीमान्त पात्रको **सीमान्तीकरण प्रक्रियाको विश्लेषण**

ध.च.गोतामेका दुवै उपन्यास *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म*मा सीमान्त वर्गको उपस्थिति त रहेकै छ भने उनीहरूको सामाजिक क्रियाकलाप तथा सहभागिता पनि

प्रशस्तै देख्न सकिन्छ । उपन्यासमा वर्णित पात्रहरू कसरी सीमान्तकृत अवस्थामा पुगेका छन् र उनीहरूलाई त्यहाँसम्म पुर्याउने प्रक्रिया, माध्यम संस्कृति र औजारहरू के के तथा कुनकुन हुन भन्ने विषयमा यस परिच्छेमा अध्ययन र विश्लेषण गरिएको छ । घामका पाइलाहरूमा कर्मचारीतन्त्र, आपसी झगडा, पहाडी र मधेसीको भावना अप्रत्यक्ष दण्ड नीति आदिको वास्तविक चित्रण गर्ने प्रयत्न गरिएको छ भने यहाँ देखि त्यहाँसम्म तराईको गाउँबस्ती, गाउँले जीवन, सामन्त श्रमजीवी किसान किसान र त्यहाँको सम्पूर्ण जीवनशैलीलाई विषय बनाइएकोबाट बनाइएको छ तथापि यहाँ त्यहाँका मानिसहरू कसरी सीमान्तकृत अवस्थामा पुगे भन्ने कुरालाई मुख्य रूपबाट अध्ययन गरिएको छ । प्रभुत्वशाली वर्गले आफ्नै संस्कृति निर्माण गरेर, विचारका माध्यमबाट, भाष्य सिर्जना गरेर अथवा नीति निर्माण गरेर निम्न वर्गलाई कसरी दबाइरहेको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । दुवै उपन्यासमा जाति, वर्ग र लिङ्गलाई आधार बनाएर तिनीहरूको अवस्था कस्तो छ र कसरी अधीनस्थ बन्न पुग्यो भन्ने अवधारणालाई यहाँ मूल मान्यता बनाइएको छ ।

### ३.३.१ *घामका पाइलाहरू* उपन्यासमा वर्गीय **सीमान्तीकरणको प्रक्रिया**

*घामका पाइलाहरू* उपन्यास पूर्वी तराईको परिवेशमा त्यहाँको रहनसहन, जीवनशैली, परम्परा, मानिसहरूको दैनिकी र रेलवे सेवाले ल्याएको परिवर्तनको समग्र परिवेशलाई लिएर लेखिएको छ । प्रस्तुत उपन्यासमा दुर्गानाथको परिवार सामाजिक आर्दश बोकेर बाँचिरहेको छ । सर्वस्वहरणमा परेका उनी तराई झरेर बसेको कथानक प्रस्तुत भएको छ । सीमन्त यो परिवारलाई मूल रूपमा राजनैतिक र आर्थिक परिस्थितिले च्यापेको देखन सकिन्छ । पीताम्बर उसै त बुबाको उपचारमा आफ्नो सम्पूर्ण बलबुता प्रयोग गरेर पविारलाई हातमुखा जोडाइरहेको छ । त्यसमाथि ज्यादा इमान्दार हुँदा साहुको मतियार भएर गलत काम गर्न नमान्दा सेठको नोकरीबाट निष्कासनमा परेको छ । बुवाको मृत्युपछि त झन यो परिवार गाउँ फर्केको छ । यसरी उपन्यासमा सीमान्तकृत पात्र दुर्गानाथ वा पीताम्बरको परिवार र द्वारिकालाई मूल रूपमा देखाइएको छ । प्रस्तुत उपन्यासमा प्रभुत्वशाली वर्गले आफूअनुकूल बनाएर कसरी निम्न वर्गलाई सामाजिक बहिष्करणमा पार्दछ भन्ने कुरा देखाइएको छ । खासमा यो आधुनिकताले पनि एउटा सुन्दर बस्ती वा गाउँलाई नै अल्पविकसित र साहराहीन बनाउँदो रहेछ । सहर हो भनौं भने समृद्ध छैन गाउँ हो भनौ भने सहरिय हैन । सहरी अभ्यासको नखरा गरिरहेको सीमान्त सहर र त्यसमा भुलेका किनारीकृत सन्दर्भलाई यसरी देखाइएको. छ :

> यो  बस्ती शहर र गाउँको दोसाँधमा झुन्डिरहेको  बस्ती  हो । यसमा गाउँ छाडने छटपटी र शहर ओढने तीव्र आकाङ्क्षा रहेका छ । जसबाट यहाँ न गाउँ बिलाएको थाहा पाइन्छ न शहर उदाएको भान हुन्छ । गाउँ र शहर दुवैको तत्व यहाँ छ्यासमिस भएकाले गाउँबाट आउनेले यसलाई सहर र शहरबाट आउनेले यसलाई गाउँ भन्दछन । (पृ. २)

इतिहासमा सीमान्त व्यक्तिको उपस्थिति नभए पनि साहित्यमा भने सदा रहिरहन्छ । प्रभुत्वशाली वर्ग आफू उपस्थित नभएर पनि लक्ष्यित स्थान वा व्यक्तिलाई नदीले बगर लगेर छेउमा राखेजस्तै राखिदिन्छन् वा जटिल भुमरीमा फसाइदिन्छन् । प्रस्तुत माथिको अभिव्यत्तिबाट त्यस ठाउँमा आम जनताको जीवनस्तर उकास्न र आत्मनिर्भर हुन् रेल आएकै थिएन । यसमा भारतीय ब्रिटिस सरकारले नेपालबाट काठ तस्कर गर्नु थियो भने नेपालका राणाहरूलाई रिझाउन जरुरी ठानेका थिए । सहर बोलिए पनि गुमटी खासमा दुई राज्यसत्ताको स्वार्थ खेल्ने रणभूमि बनेको छ । सहर हो भने त्यहाँ विकासका पूर्वाधर र न्यायपूर्ण रोजगारीको अवस्था छैन । व्यवस्थित उत्पादन तथा बजारको. कुनै रौनक देखिँदैन तर पनि मानिस जीवनको बेअर्थमा फसेर सहरिया जीवन बोक्ने कोसिस गरेका छन् ।  तर गाउँ नै छोडेर त्यही बस्न पनि सकेका छैनन् । जसले गर्दा त्यहाँका जीवनशैली झनझन कर्कस, दयनीय  र परनिर्भर देखिएको छ । यसरी हेर्दा यस कथानकमा सिङ्गो सहर नै सीमान्त भएको पुष्टि हुन्छ । जुन कुरालाई तलको कथनले थप प्रस्ट पार्दछ :

> शहरको दक्षिणपट्टि रहेको मिलमा आठ बजेको घण्ट ठोक्यो । शहरभरिका लागि रेलको आगमनबाहेक समय जान्ने साधन यही हो । कति बजेर कति मिनेट गायो त्यो थाहा पाउन त स्टेसन अथवा पोस्ट अफिस  धाउनुपर्छ । ...साँझ बिहान हातमा लोटा लिएर जङ्गल जाने मानिस पोस्ट अफिसमा पसेर आआफ्नो नामको चिठी चपेटा मागेर लैजान्छन । ( पृ. २)

सहरको अभिलाष बोकेको सहर नै अपाङ्ग देखिन्छ । केही सहरिया झझल्को दिने भए ता पनि मानिसहरू कुटो, कोदालो र हलो छोडेर नाम्लो, भारी र कुल्लीमा परिणत भएका देखिन्छन् । यो ठाउँ कच्ची सडक र घुलोको सहर हो तर त्यहाँ कुनै भौतिक पूर्वाधार छैन भन्ने कुरा डाक्टरको भनाइबाट थाहा पाइन्छ । यस सानो सहरको अस्पतालमा कुनै साधन छैन जसले गर्दा रोग असाध्य हन गएको कुरा पनि सोही सन्दर्भमा आएको देखिन्छ । जसले गर्दा यो उपन्यासमा भारती केन्दीय सत्ता र नेपालको सत्ता केन्द्रले स्वार्थमा त्यस

स्थानलाई पारेर जनतालाई सहरको मिठो सामल खुवाएका छन । जनतामा परनिर्भता र अस्तव्यस्तता बढदै गएको देखिएको छ । जुन विषय विद्यमान नेपाली गाउँमा रोजगार नपुगी उद्योगका उत्पादन र वस्तु पुग्नु र पसलहरू खुल्नु जस्तै हो । गाडी पुग्नु तर खेतीपातीमा न गडीको प्रयोग गर्नसक्नु न गोरु र भैँसी नै पाल्नु जसले गर्दा गाउँ झनझन शिथिल हुँदै गएको देख्न सकिन्छ । विशेषतः पुरै उपन्यास करिब यही सहरमा घटित भएको हुँदा आधुनिकताले जन्माएको भाइरस 'किनारा' वास्तवमै खतरनाक देखिन्छ जुन कुरालाई तलको भनाइले पनि पुष्टि गरेको छ :

> नजिकै लोहार पट्टिबाट ताप्के पिटेको एकरसले ट्वाट्वाङ आवाज आइरहन्छ । बैलगाडाले उडाएको धुलोले जलजलाउँदो घाममा एकतमासको विरक्त वातावरण सृजना गरिरहेको हुन्छ । उडेको घुलोले गर्दा सदैव एउटा मसिनो तुँवालोको झिनु बर्को सिङ्गै उदाङ्ग शहरले ओढिरहेको भान हुन्छ । द्वारिका भन्छन् "घाम घाम होइन बानी वा अभ्यास मात्र हो ।" र देखाउँछन् टाढा नदीकिनारको खेतमा भीषण सूर्यताप रहेर उदाङ्ग शरीर हलो जोतिरहेको मानिस । पवनलाई पनि धाम मन पर्छ । चिर्बिराउँदो प्रचण्ड उत्तापमा भुङग्रेजस्तो बालुवामाथि पाइलापाइला टेकेर फड्किँदै जाने बानी पवनको बाल्यावस्थामा थियो । ( पृ. १२)

माथिको सन्दर्भबाट वास्तवमा बनेका सहरहरू पुँजीपति वर्गले श्रमजीवी वर्गलाई शासन गर्न बनाइएको भुलभुलैया हो जहाँ श्रमजीवी वर्ग पसिनामा पौडी खेलिरहन्छ भने प्रभुत्वशाली वर्ग नाफामा आर्थिक उन्नति गरी बसेका हुन्छन् । नत्र उदाङ्ग सहर र विरक्त वातावरण कसरी हुन सक्छ किनकि सहर त विकासको अर्को नाम हो । त्यसैल माथिको अभिव्यक्तिले स्वार्थ सिद्धको सहरीकरणले झन गरिबी र अस्तव्यस्तता ल्याउने कुरा देखाएको छ जसले मानिस आधुनिक रूपमा सीमान्त बन्न पुग्छन् । एक फरक प्रसङ्गमा ब्रिटिसस वातावरणमा हुर्किएका इन्जिनियार अमलेन्दु भट्टाचार्य कै अभिव्यक्तिमा उनी राणाले खटाएका र उनैको इच्छाअनुसार काममा जोतिएको कुरा अभिव्यक्ति गरेका छन् । जुन कुरालाई भट्टाचार्यको अभिव्यक्तिबाट थाहा हुन्छ : भट्टाचार्य भन्छन् "तपाईंको र मेरो उमेरमा त्यति नै अन्तर होला । जति देवशमशेर र चन्द्र शमशेर दुई दाजुभाईको उमेरमा फरक थियो होला । तपाईं देवशमशेरसित धपिएर यहाँ आउनुभयो मैले चन्द्रशमशेरको पछि लागेर यस थलोलाई रोज्नु पर्यो ।"(पृ.३५) दुर्गानाथ त वर्गीय पात्र हुन त्यसमा पनि देवशमशेरसँगै धपिएका व्यक्ति हुन् । यसरी सत्ता अनुसार कर्मचारी र चाकरलाई हेरफेर गर्ने परम्परा

राजनीतिमा व्याप्त रहेको देख्न सकिन्छ । आफ्नो स्वार्थ प्राप्ति र शासनलाई बलियो बनाउन सत्ताशक्तिले जुनसुकै प्रक्रिया पनि अवलम्बन गर्छ ।

अमलेन्दु भट्टाचार्यलाई केन्द्रबाट निर्देशित भएर उनी रवाफिलो र गर्जनपूर्ण रूपमा प्रस्तुत हुने गर्दछन् । स्टाफहरूलाई कायल पार्नसक्ने क्षमता राखेका छन् । जसले गर्दा कर्मचारीहरू उनलाई देख्नासाथ अदबका साथ सतर्क रहन्थे । उनमा सामन्ती प्रवृतिले जग हालेको र तल्लास्तरका मान्छेप्रति गलत धारणा पालेको देखिन्छ । जुन कुरा तलको अभिव्यक्तिबाट थाहा हुन्छ : यस्ता तल्ला स्तरका मानिसलाई बढी लिफ्ट नदेऊ । तिनीहरूसित एउटा दुरी कायम राख्नुपर्छ । जनतामा रेलवे प्रति विश्वास जागृत गर्नमा हाम्रो चरित्रको स्वच्छता पनि ज्यादै चाहेको हुन्छ । (पृ. ४८) सम्भ्रान्त वर्गले निम्न वर्गलाई आफ्नो स्वार्थमा प्रयोग गर्न विविध प्रपञ्चहरू रचिरहेका हुन्छन् । यो उनीहरूको नियमित उपाय हो जसका कारणले सामाजिक सत्ता सदा उनीहरूको मातहतमानै रहन्छ । यस सन्दर्भामा उपन्यासमा पीताम्बरले धारणा आएको छ :

> यही सब कारणले पवनका पिता धनीहरूलाई घृणाको दृष्टिले हेर्छन् । उनी भन्छन्, “आफ्नो हैसियतभन्दा धेरै माथिका सम्पन्नहरूसँग कहिल्यै उठबस गर्नुहुन्न । मैत्री जतिसुकै गहिरो भएपनि सम्पन्न साथी आफ्नो निर्धन मित्रदेखि सदैव सतर्क र सशङ्कित रहन्छ । हरिण व्याधादेखि चङ्ग रहे जस्तै ऊ भन्ठान्छ । धनका भूतारहरूले कुनै बेला पनि आपत्‌विपत्‌को रोदन हालेर नयाँ पासो थाप्न सक्छन् ।” पीताम्बर कहिलेकाहीँ यो पनि भन्थे, “परिश्रम नगरीबाट दिएको दान कहिल्यै स्वीकार गर्नुहुन्न किनभने यस्ता दान अनेक अव्यक्त अभिप्रायले जेलिएका हुन्छन् ।” (पृ.८२)

प्रयुक्त माथिको कथनबाट के थाहा पाउन सकिन्न्छ भने धनीमानी वा समाजमा आधिपत्यता जमाएर बसेका मान्छेहरू गरिबहरूलाई प्रयोग गर्न विविध बाहानाबाजी गर्ने, आफ्ना बनावटी समस्याहरू सिर्जना गर्ने र उल्टै निम्नवर्गको साहनुभूति लिने काम गर्दछन् । सोझा साझा, इमान्दार र श्रमजीवी वर्गले त्यसलाई पत्याएर आफ्नो मूल्य चुकाएर भए पनि उनीहरूकै हितमा काम गर्छन् । पीताम्बरले सम्पन्नहरूको सहयोग रूपी पासो कहिल्यै स्वीकार नगर्न र दानलाई पनि नलिन भनेको छन् । वास्तवमा उनको यो भनाइ समसामयिक र वास्तविक पनि छ । यस्ता सम्पन्न वर्गले निश्चित अभिप्रायसहित नै आफ्नो सहयोगी हातहरू बढाएका हुन्छन् । जसले समाजको केन्द्रमा उनीहरूलाई रहिरहन सहयोग गर्दछ ।

बुबाको उपचारका लागि केही गर्न सकिन्छ कि भनेर सहरमा ज्याला मजदुरी गरेर बसेको पीताम्बरको परिवार उनको बुबाको मृत्यु पछि भने आफ्नै गाउँ फर्कन्छन् । सहरबाट कमाएर प्रायः मान्छेहरू गाउँ फर्कने गर्दछन् तर यहाँनेर यो परिवार अरू खालीखाली भएर गाउँ फर्किएको देख्न पाइन्छ :

> बिस्तारै गार्डको अन्तिम डब्बा पनि घिस्रिएर जान्छ र पछाडिको टेललैमको रातो चीम कलिलो घामको रापले टल्किन थाल्छ । स्टेसनको हाता बाहिर रेल पुगेपछि पवनकी आमा झ्यालबाट मुन्टो झिकेर पछाडि हेर्छिन् । पवन र अरूको धमिलो युगल आकृति एक साथ बिदाको हात हल्लाइरहेको हुन्छ । कुनै लामकिरो जस्तो घिस्रिँदै गएको रेलको पुच्छर भागमा देखिने रातोबत्ती समेत अब बाक्लो आँपघारी भित्र पसिसकेको हुन्छ । (पृ. २३३)

**यसरी घाम उदाउँदा नयाँ किरणको आशा गरेर उनीहरू सहर पसेका थिए । तर सहरको नाम मात्र परेको रेलवे वरपरको अति असामञ्जस्यपूर्ण जीवनलाई पीताम्बरले पनि बिट मारेका छन् । यतै सहरमा बस्ने मन भएपनि बाँच्न धौधौ परेकाले यो परिवार उपन्यासको अन्त्यमा पुनः गाउँ नै फर्केका छन् । उदेकलाग्दो जीवनको उकालीओराली र राजनीतिक, सामाजिक तथा आर्थिक व्यवस्थाले यो परिवार सीमान्त बन्न पुगेको देखिन्छ ।**

३.३.२ *घामका पाइलाहरू* उपन्यासमा जातीय **सीमान्तीकरणको प्रक्रिया**

जात व्यवस्था समाजको कलङ्क हो । मानिसले मानिसलाई कर्मका आधारमा वा भनौं कामका आधारमा जातीय विभेद गर्नु अमानवीय न घृणित कार्य हो । अभिजात वर्गले पहिल्यैदेखि समाजमा आफूअनुकूलको संस्कृति र कुपरम्परा बनाउँदै आए । अफूलाई पूज्य बनाएर अन्यलाई दुत्कार्दै समाजमा कुनीतिको स्थापना गरे जसले जातीयताको स्थापना भएको देख्न सकिन्छ । जसले बढी जोखिम मोलेर काम गऱ्यो वा दुसाध्यपूर्ण काम गऱ्यो अथवा भनौं अत्यधिक शारीरिक श्रम पर्ने काम गऱ्यो त्यसै र तिनैलाई नै सामाजिक बहिष्करणमा पारियो भने अर्कोतर्फ छोइछिटोको व्यवहार गरियो । वास्तवमा यो जातीय विभेदले समाजलाई नै कुरूप बनाइरहेको छ । यस प्रकियालाई संस्थागत बनाउने काम उही सम्भ्रान्त वर्ग, प्रभुत्व जमाएर बसेका वर्ग र धर्मको नामधारी वा उत्तराधिकारी बनेर बसेका ब्रह्मणहरूले गरेको देखिन्छ । जसको शिकारमा श्रमजीवी वर्ग नै परेका देखिन्छ ।

यस उपन्यासमा वर्गीय पात्रहरूको बाहुल्यता भए पनि निम्न जातीय समुदायको बाहुल्यता त छैन् तर समाजमा जात प्रथाले जरा गाडेको छ भन्ने कुरा उपन्यासमा प्रयोग भएको भाषा, उदाहरण तथा प्रसङ्गहरूबाट प्रस्ट भन्न सकिन्छ । किनकि समाजको हरेक व्यवस्था मनिसको संवाद, विचार र व्यवहारमा प्रकट भइरहेका हुन्छन् । जुन कुराका तथ्यहरू उपन्यासमा भेट्न सकिन्छ :

> "यस्तो तल्लो स्तरको काम हो म गर्दिनँ । कुटपिट गर्ने हो भने त यो जितुले कहिल्यै त्यसलाई धुलोपिठो पारेर आउँछ । सबै कुरा गणेशी माथि छाडिदिनुस् । त्यस डाक्टरलाई तपाईंको खुट्टामा घोप्ट्याउन सकिन भने म आफूलाई कुजातले जन्माएको घोषणा गरिदिन्छु ।" गणेशीले आवेशले दाहिने हातको मुड्की दब्रे हत्केलामा हिर्काउँछन् । (पृ.८५ )

माथि गणेशीको भनाइले समाजमा कुनै खास तोकिएको काम गर्न नसके कुजात भइने कुराको पुष्टि गर्दछ । अझ उनको विचारमा त मानिस जन्मदा नै जात बोकेर आएको हुन्छ भन्ने कुराको बोध माथिको अभिव्यक्तिले गराउदँछ । समाजमा विभिन्न प्रचलनहरू चलाइएका छन् । जुन मर्यादा अभिजात्य वर्गद्वारा बनाइएको हो । यस्ता परम्पराले र कुप्रथाले चाहे कामको आधारमा होस चाहे जन्मकै आधारमा किन नहोस् मानिसलाई जातीकरण गरिरहेको देखिन्छ । कथित तल्लो जाति भनिनेका लागि खाने कुराहरू पनि समाजमा अभिजात्य वर्गले निर्धारण गरेको पाइन्छ । कुनकुन काम गर्न हुने, कुन नहुने कुरा पनि पूर्वनिर्धारित रूपमा एक बालकले सिक्छ । तिनै लवाइखवाई, काम, थर, जन्म आदिलाई जाति निर्माणका आधार बनाएर समाज अगाडि बढेको कुरा उपन्यसको निम्न अभिव्यक्तिबाट थाहा पाउन सकिन्छ :

> रेलवेको अफिसरसित बसेर गिलास जुदाएर खान पाउनु गणेशीको लागि सानो गर्वको कुरा थिएन । सानो शहरमा रक्सी खानु सानो जातको लागि मात्र क्षम्य थियो । तर केही प्रतिष्ठा आर्जन गरेका मानिसहरूले घरायसी भट्टीमा झिकेको ठर्रा खानु नितान्त निन्दनीय थियो । लोकोबाबु लुकाएर खाँदैनथे तर उनको अम्बलको साधना प्रतिष्ठाको नापोसम्म पुग्ने किसिमको थियो । अङ्गेजीले बनाएको सुनौलो रङ्गको हिस्की त्यो पनि एकै शीशीको तीस रूपियाँ पर्ने । (पृ.९६)

कथित उच्च जातका मानिसले आफ्नो सामाजिक वर्चस्व जमाउनका लागि आफ्नै खालको सामाजिक संरचनाको विकास गर्दछन् र समाजका मानिस बिचमा हैसियत र स्तर निर्धारण गर्दछन् । जसका आधारमा आफ्नो सामाजिक प्रभुत्व स्थापना गरिरहन्छन । मानिस हो उस्तै छाला, हड्डी, मासु, रातो रगत र प्राणबाट बनेको तर विभेद भने समाजले दिएको घृणित उपहार हो । अर्कोतर्फ उही खानपान र उही तत्वबाट बनेको चिज प्रयोगले पनि सभ्य र असभ्य भनिनु जायज विषय होइन् । त्यसैका आधारमा समाजमा जातिप्रथा निर्माण हुँदै आएको देखिएको छ । सामान्य रक्सी खाए जात जाने र महँगो रक्सी खाए जात नजाने जस्ता हाँस्यास्पद प्रचलनहरूले कामले परिचय बनाएर संसार पालिरहेका वर्गलाई सीमानामा पुऱ्याएको देख्न सकिन्छ ।

**अभिजात वर्गले आफ्नै किसिमको सामाजिक संस्कृति निर्माण गरेको हुन्छ । जसमा**

> **उनीहरूको भूमिका नेतृत्वदायी हुने गर्दछ र सोही अनुसारका लवाईखवाई, पोशाक, बसाइडुलाइ र सहज कामहरू गरेको देखिन्छ भने सीमान्त अथवा तल्ला वर्गका जातिहरूलाई उच्च जोखिमयुक्त कामहरू लगाइएको पाइन्छ । जातीय विभेदले जरा गाडेको उपन्यासको समाजमा पनि सामान्य पसलमा बसेर सामान्य रक्सी खानु तल्ला जातिको कर्म भएको कुरा देखाइएको छ । तथाकथित तल्ला जातिका मानिसहरूले जुन रक्सी खाने गरेका छन् त्यही रक्सी अलग भाँडोमा राखेर अलग ठाउँमा बसेर खाँदा जात बढिहाल्ने अन्यथा घटिहल्ने सामाजिक परम्परा बसालेको देखिन्छ । वास्तवमा कथित उच्च जातका मानिसहरूले श्रमजीवी तथा उच्च जोखिम मोलेर काम गर्ने कर्मशील वर्गलाई जहिले पनि निम्छरो बनाउने अपहेलित गर्ने र आफ्नो कब्जामा राख्ने एउटा विकल्पको रूपमा रक्सी, जाँड, हुस्की, वाइन आदि भनेर नामाकरण गरेको पाइन्छ । यसै कुरालाई तलको भनाइले थप प्रस्ट पारेको देखिन्छ :**

**"किन आफ्ना जातभातका मानिसहरूलाई हँसाउने कुकर्म गर्छस् ? अहिले तँमा पहाड**

> **फोडेर दुई फ्याक पार्ने तागत छ । त्यहाँबाट भाग चाँडो । त्यो आइमाई भरेभोलि भएकी छे । भट्ट भ्याइहाली भने त्यसको न्याल फ्याल र रगत कुना पसेर तँलाई सफा गर्न लगाएनन् भने गणेशजीको मुखमा मुतिदिनू ।" गणेशीले उसलाई टाढाबाट चिच्याइरहेको यस्तो संकट देखियो कि ठिटो थिर रहन सकेन ।**

"के गरूँ गणेशजी, म त मलाई त यो काम आफै गलपगन्ड भइसकेको छ। तर पेट पाल्ने समस्या पनि त छ।" केटो ग्लानियुक्त स्वरमा भन्दछ। (पृ.९८)

नेपालमा पहिलेदेखि केन्द्रीकृत शासन थियो। त्यस बखतमा शासनसत्ताका वरिपरि रहेका वर्गहरूको मात्रै सामाजिक हैसियत थियो। शासन सत्ताबाट पर रहेका वा धेरै टाढाको दुरीमा बस्ने, भौगोलिक विकटतामा बस्ने आम जनताको स्थान पनि सानो बनाइएको
थियो। त्यसमा पनि मधेसका समुदाय र पहाडी समुदायका बीचमा एकआपसमा घृणित भावनाले हेर्ने परम्परा उपन्यासमा देखाइएको छ। विशेषतः पहाडी मूलमा बसोबास गर्ने मानिसहरूले मधेसमा बसोबास गर्ने आदिवासी मधेसीलाई हेप्ने होच्याउने गरेको पाइन्छ किनकि त्यहाँका मानिसहरू प्रायः गरेर निम्न वर्गका हुने र काला वर्णका हुने हुनाले तत्कालीन समयमा त्यसैलाई आधार बनाएर मधेसका आदिवासीलाई सीमान्तकृत गरेको पाइन्छ। कतै काम नपाएको बाध्यतामा अरूका घरमा नोकर बस्नुपर्ने र नोकरलाई जुनसुकै काम पनि लगाउन हुन्छ भन्ने श्रम शोषणको अन्यायपूर्ण प्रवृत्ति समाजमा थियो र विद्यमान छ पनि। त्यसका साथसाथै डाक्टरनीले त झन कामदारलाई आफ्ना भित्री लुगा धुन लगाउने र शरीर मालिस गर्न लगाउने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ। यसरी मधेसमै जन्मिएका कारणले मधेसी जाति भएका कारणले अनावश्यक दलहन सहनु परेको कुरा माथिको गणेशजीको भनाइबाट प्रस्ट हुन आएको छ। काम गर्दा श्रमिकलाई मिठो मसिनो बोलेर काममा लगाउने र पछि बिस्तारै उनीहरूको स्वाभिमानलाई दबाउँदै लगेर जस्तोसुकै घृणित काममा पनि लगाउन पछि नपर्ने पहाडी जातिको प्रतिनिधित्व डाक्टरनीले गरेकी छन् भने मधेसी जातिको सीमान्त प्रतिनिधित्व नोकरले गरेको देखिन्छ साथसाथै उच्च वर्गले निम्न वर्गलाई विभिन्न पारिवारिक काममा लगाएर वर्ण र जातका आधारमा अपहेलना गर्ने गरेको कुरा यस सन्दर्भमा पुष्टि हुन्छ।

जातीय तथा क्षेत्रीय विभेद नेपालमा संस्थागत जस्तै भएको पाइन्छ र त्यसैका आधारमा सामाजिक मूल्यमान्यता तथा बोलिचालीको विकास भएको छ। एक समुदायले अर्को समुदायलाई हेर्ने दृष्टिकोणसमेत सोही तथाकथित मान्यताका

आधारमा विकसित भएको पाइन्छ । तराईका मेधेसमूलका भनेपछि काठमाण्डौ लगायत ठाउँहरूमा अहिले पनि विभेदका स्वरूपहरू प्रस्ट देख्न सकिन्छ त्यसै कुरालाई उपन्यासमा डाक्टरनीको अभिव्यक्तिबाट थाहा हुन्छ : "सबै मधेसी यस्तै गन्दपुरी त होलान् ।" (पृ. १००) सम्भ्रान्त वर्ग गरिबका पसिनामा रमाउन बानी परेका हुन्छन् तर त्यही पसिनालाई तिरस्कार गर्दछन् । उनीहरूलाई न पसिनाको गन्ध थाहा हुन्छ न मूल्य नै । प्रस्तुत माथिको वाक्यांशमा सम्भ्रान्त वर्गको प्रतिनिधित्व गर्ने डाक्टरनीले मधेसी जातिमाथि हेपाईको भाषा प्रयोग गरेकी छन् ।

मधेसका समुदाय श्रमजीवी वर्ग हुन् । सारा नेपाललाई पाल्ने र अन्न उत्पादन गर्ने मधेसी समुदायका निधारमा चौबिसै घण्टा पसिना हुनु त्यहाँको कर्मको निशानी हो । भने अर्कोतर्फे स्वाभाविक प्रक्रियामा मधेसी समुदायका मानिस काला हुनुमा मौसम र मेहनत दुवैको प्राकृतिक फल हो तथापि यसैलाई आधार मानेर उनीहरूमाथि तुच्छ भाषाको प्रयोग गर्ने गरेको पाइन्छ यो भन्दा उपहासको अर्को उदाहरण केही हुन सक्दैन । किनभने काम गर्नु, मेहनत गर्नु, पसिना बगाउनु, प्रचण्ड गर्मीसँग जुधेर बाँझो खेतमा सुन फलाउनु मधेसी समुदायका निम्ति अपहेला तिरस्कार र विभेदको कारण बन्न पुगेको देखिन्छ । तर उनका श्रीमान डाक्टर भने अलि उदार मनोवृत्तिका देखिएका छन् । उनले आफ्नी श्रीमतीको आनीबानी र स्वभावको समीक्षा गर्दै भनेका छन् : "गर्मी सहने र तराईमा रहनेबारे पत्नीको यस्तो अतिवादी विक्षिप्त मनोदशा होला भन्ने परिकल्पना डाक्टरले गर्न सकेका थिएनन् तराईवासीप्रति ज्यादै हेय उपेक्षापूर्ण धारणा उनकी पत्नीको यहाँ टेकेदेखि थियो ।"
(पृ.१०१) यस उदाहरणबाट केन्द्रीकृत शासनमा रहेर पहाडमा बसोबास गर्ने अत्यन्तै रूढ र सङ्कीर्ण सोच बोकेका पहाडिया तथा सत्ता केन्द्रित मनोवृत्ति पालेका सम्भ्रान्त वर्ग हुन् । जसले श्रमजीवी वर्गमाथि आफ्ना शोषण, दमन र त्यस्तै हेपाहा भाष्यहरू प्रयोग गरेर मानिसहरूको मनोविज्ञानलाई सीमान्त बनाइदिन्छन् । यहाँनेर डाक्टरकी पत्नी पनि अतिवादी विक्षिप्त मनोदशा लिएर बसेकी जातिवादी व्यक्ति हुन् । उनीमा मधेसका समुदायप्रति गहिरो घृणाभाव रहेको छ ।

**वास्तवमा उच्च वर्ग हुनु, केन्द्रीय संस्कृतिको हिस्सेदारी हुनु र सम्भ्रान्त वर्ग हुनु जस्ता कुराहरू समाजको स्तरीय सौभाग्य भएको. गलत निष्कर्ष यस सन्दर्भले पुष्टि गर्दछ । टाढा रहनु, रातदिन माटोसँग नाता गाँस्नु, पसिना बगाउनु, देशको भोक मेट्नु र कामप्रति इमान्दार हुनु श्रमजीवी वर्गको लागि निम्न स्तरको दुर्भाग्य बनेको कुरा प्रस्ट भएको  देखिन्छ । जसले उनीहरूलाई जहिले पनि किनारामा राखिरहेको छ ।**

३.३.३ घामका पाइलाहरू उपन्यासमा लैङ्गिक **सीमान्तीकरणको प्रक्रिया**

समाजमा गहिरो  विभेदमध्य सामाजिक व्यवस्थाले निर्माण गरेको लैङ्गिक विभेद अत्यन्तै दुःखद् देखिन्छ । पितृसत्ताको अवधारणमा आधारित भएर महिलामाथि चरम शोषणा र दमन गरिन्छ वा शोषित हुन बाध्य बनाइन्छ । समाज पुरुषवादी रहेकाले महिलामाथि दमन र अत्याचारका विविध शृङ्खलाहरू घटन गर्दछन् । महिला अबाला हुन्छन् । उनीहरू परिवारमा र समाजमा दोस्रो दर्जामा पर्दछन् भने जस्तो व्यवहार गरेर महिलालाई सीमान्त पारिएको पाइन्छ । पुरुषका सङ्कीर्ण सोच र व्यवहारले महिलालाई जहिले पनि दबिएर बस्नुपरेको वास्तविकता उपन्यासमा देखाइएको छ । छोरीलाई घरपरिवारमा कसरी व्यवहार गरिन्छ र छोरालाई कसरी केन्द्रमा राखिन्छ भन्ने कुरा तलको कुराबाट प्रस्ट हुन्छ :

> "सुखदेवको भाइले पठाएको एउटा पोस्ट कार्ड दिनु थियो । उसको घरभित्र सँघार नाघेर के पसेँ देख्छु सुखदेवले आफ्नी छोरीलाई मोटो काठबाँसको लट्ठीले भकुरिरहेको । छोरी सिङ्गै टोल हल्लाउने गरी रोइरहेकी थिई । बडो मुस्किलसित सुखदेवलाई रोकेँ ।"
>
> "त्यत्री छोरी उपर हात छाड्ने के कारण रहेछ ?"
>
> "अन्त म भन्दैछु । छोरीले स्टेसन मास्टरको भाइलाई दुईवटा चिठी लेखेकी रहेछ, कोहीसित पठाउन लाग्दा सुखदेवले समातेछ । स्टेसन मास्टर श्रीवास्तवको भाइ कलेज बिदा भएकाले केही महिनाको लागि आएको छ । चिठीमा घरबाट दुवै भागेर जाने कुरा लेखेके रहेछ ।"(पृ. २०)

सांस्कृतिक रूपबाट समाजमा महिलालाई अत्यन्तै दबाएर राखिएको छ । उनीहरूले समाजमा विपरीत लिङ्गसँगको सम्बन्धलाई लुकिछिपी विकास गर्नुपर्ने बाध्यता रहेको देखिन्छ । प्रेम र सम्बन्ध जस्तो स्वाभाविक विषयलाई पुरुषले गर्दा केही नहुने तर महिलाले

गऱ्यो भने त्यो अनैतिक र असामाजिक मानिने सामाजिक विश्वास रहेको छ । पुरुष प्रभुत्वको समाजमा यहाँ पनि सुखदेवले आफ्नी छोरीलाई श्रीवास्तवको छोरासँग लागेको खबर पाएपछि लट्ठीले पिटेर यातना दिएको छ । त्यही ठाउँमा श्रीवास्तवको छोरालाई केही गरिएको कुरा कथानकमा नआउनुले उसबेला महिलालाई सम्बन्ध विस्तारको स्वतन्त्रता नभएको र निर्णयकार्यमा किनारामा राखिएको भन्ने कुरा प्रस्ट हुन्छ ।

अर्कोतर्फ दुवै उपन्यासमा पूर्वदीप्तीका रूपमा राणाशासनको समयलाई पनि स्मरण गरेर प्रस्तुत गरिएको छ । महिलालाई श्रीमान्को मृत्यु पश्चात ज्युँदै आगोमा पोलीनुपर्ने सतीप्रथा त्यसबखत समाजमा रहेको थियो । वास्तवमा यो पुरुषले महिलामाथि इतिहासमा गरेका पराकाष्ठ हो । यसलाई जति शब्दले घृणा गरेपनि कम हुन्छ । त्यस समयमा सती गइएन भने कुटीकुटी चितामा ज्युँदै हालिन्थ्यो र महिलालाई पशुवत् व्यवहार गरिन्थ्यो । उपन्यासमा पीताम्बरले यो सतीप्रथा चन्द्रशमशेरले हटाएको कुरा गर्दै वर्तमान समयमा पनि त्यसरी नै मर्नुपर्ने त छैन तर मरीमरी पुरुष सत्ताका कुप्रवृतिको शिकार बनेर बाँच्नुपर्ने यथार्थ भने उस्तै छ । जुन कुरालाई पीताम्बरले यसरी बोलेका छन् : “चन्द्रशमशेरले कानुन बनाएपछि पनि हाम्रो देशमा सतीप्रथाको अन्त्य भएको छैन । ती अघि चितामा आत्मदाह गर्थे अब भान्छामा आत्मदाह गर्न थालेका छन् ।” (पृ. ४०) यसरी पीताम्बरले प्रस्तुत गरेबाट के वास्तविकता उद्घाटन भएको छ भने अहिले पनि महिला हेपिएर बस्नुपर्ने बाध्यता देखिन्छ । सतीप्रथा गएपछि सेता लुगा लगाउनुपर्ने, रातो तथा गहना लगाउन नहुने, माछामासु खान नहुने, शिर ठाडो पारेर लोग्ने मानिससलाई हेर्न नहुने र घरभित्रको काम मात्र गर्नुपर्न जस्ता पुरुषप्रदत्त भूमिकामा महिलाहरू खुम्चिन पुगे । वास्तवमा पीताम्बरले भनेको जस्तै महिलाहरू शरीर नमरे पनि हजारपल्ट मरेर बाच्नुपर्ने अवस्थामा पुरुषहरूले राखिरहेको यस अभिव्यक्तिबाट प्रस्ट हुन्छ ।त्यतिबेला अनुहार पनि लुकाएर बस्नुपर्ने वातावरण रहेको कुरा निम्न उदाहरण बाट देख्न सकिन्छ : घरभित्र लामो घुम्टो काढेका, आफ्नै पतिलाई पनि बजारको घुइँचोमा देख्यो भने चिन्न नसक्ने असूर्यं पश्या, पहेला अनुहार भएका आइमाई परपुरुषको दृष्टिपथबाट आफ्नो काया समेत खुम्च्याएर बस्थे । (पृ.४८) महिलाहरू आफ्नो अनुहारलाई ढाकेर हिँड्ने परम्परावादी समाजको चित्र यहाँ प्रस्तुत गरिएको छ । वास्तवमा पुरातनवादी विचारधारा र सामाजिक पुरुष प्रधान समाजले महिलालाई दिनदहाडै पनि अनुहारलाई ढाकेर हिँड्नुपर्ने अवस्था सिर्जना गरेको कुरा देखाइएको छ । अर्कोतर्फ पुरुषवादी विचारको पराकाष्टले महिलाहरू विभेदको सिकार

हुन पुगेका छन् । महिलाले शरीर मात्रै पनि देखाउन नहुने अनुहार हात खुट्टा औंला सबै ढाकेर हिँड्नुपर्ने र कोही परपुरुषले हेऱ्यो भने अशुद्ध हुने जस्ता सामाजिक कुपरम्परा पितृसत्ताले निर्माण गरेको जाल हो जसका कारण महिला सीमान्तकृत हुन पुगेको देखिन्छ ।

एक फरक प्रसङ्गमा रेलको विषयलाई चर्चा गर्दै रेल हिँडेपछि रेलवेस्टेसनमा सन्नाटा छाउने र विरक्तपूर्ण वातावरण सृजना हुने कुराको चर्चा गर्ने क्रममा यो काम गर्नु भनेको तनावको कुरा हो र यस्तो अनियमितताको अपराध कसरी हेर्न सक्छु भन्ने कुरालाई छोरीको बिहे बिम्बसँग तुलना गरिएको छ : प्रतिदिन रेल जाँदा छोरी अन्माएजस्तो मेरो आङ हलुङगो हुन्छ । रेलवेको सबैभन्दा ठूलो अफिसर भएकाले यो अनियमितताको सम्पूर्ण अपराध मेरै हो जस्तो लाग्छ । (पृ.४८) प्रस्तुत भनाइमा रेलसेवामा भएको अनियमितता जथाभावीपन तथा कसैलाई चढाउन सकिने कसैलाई चढाउन नसकिने वा गाली गर्नुपर्ने सम्पूर्ण कुरालाई यहाँ छोरी अन्माएको जस्तो भनेर अपराधको रूपबाट व्याख्या गरिएको छ । अर्कोतर्फ रेल छुटेपछि त फेरि हलुङगो हुने कुरालाले छोरीलाई भारको रूपमा लिने नपाली समाजको चलन रहेको प्रस्ट हुन्छ । वास्तवमा छोरी जन्माउनु र रेल छुटाउनु उस्तै अपराध भयो भन्नुले हाम्रो सामाज पुरुषवादी संरचनामा महिलालाई बिहे पश्चात जीवनको ठुलो उत्पीडन सहनुपर्ने दुःख यातना र शोषणमा रहनुपर्ने वास्तविकता देखाइएको छ । बिहे गरेरै छोरीलाई अन्माउनुलाई अपराध बोध गर्नु वा मन हलुङगो भएको बोध गर्नु दुवैले समाजमा एउटा छोरीहरूलाई बुहारी बनाउने प्रक्रिया विभेदपूर्ण रहेको थाह हुन्छ र  पितृसत्ताको सिकार बन्न पुगेको कुरा प्रस्ट हुन्छ । जुन बिहे भन्ने सामाजिक संस्थाले पनि समाजमा महिलालाई सामाजीकरण गरिरहेको देखिन्छ ।

हाम्रो नेपाली समाजमा कतिपया सामाजि मूल्य, मान्यता, परम्परा तथा संस्कारहरू नै त्यस्ता छन् । जसले महिलाको सामाजिक भूमिकालाई खुम्च्याइएको छ र पुरुषसत्ताबाट सीमान्त पारिएको छ । जुन कुरा तलाको भनाइबाट प्रस्ट पार्न सकिन्छ :

> मलाई अन्माउँदा मैले एकपटक हिक्क भर्दै आमालाई फेरि भने "आमा मेरो गाउँबाट मलाई नगलहत्याउनुहोस् ।" आमा मुर्छा पर्नुभयो । ब्युउँतेपछि रूजेका परेला उचाल्दै कानमा भन्नुभयो छोरीको कर्म यस्तै हुन्छ मन परेको सबै कहाँ पाइन्छ ? तेरो रगरग गर्ने पैताला कोहिलीसित साट्ने स्वर गाउँ बाहिरको अग्लो बरको रुखमाथि झुन्ड्याइदे । तेरा चकचक र उपद्रोहरू सबै पोको पारेर पोखरीमा हुऱ्याइदे । अब

गाउँकी रम्भालाई यही  धुलोमा फालेर पाल्की भित्र गएर बस । सारा गाउँ रुँदैकराउँदै सीमानाको नदी किनारसम्म आयो । मेरो  पालकी उसपारि लगे ।

“ हाम्रो गाउँकी कोइली अर्को गाउँ जान लागी ।”( पृ. ५८)

माथि रम्भीले आफ्नो बिहेका कुराहरूलाई स्मरण गर्दै भनेकी छन् कि विवाह गरेपछि महिलाका स्वतन्त्रताहरू सबै लुटिएर जान्छन् । ऊ एक बन्धनमा बाधिन्छे जुन बन्धनले सदाका लागि पशुजस्तै पारेर राख्छ । वास्तवमा हाम्रा संस्कृतिहरू पनि पितृसत्ताबाट अनुप्राणित रहेका छन् । महिलालाई निरीह बनाउने, चुलोचौकोमा सीमित पार्ने, मुखमा ताल्चा ठोकिने पुरुषको जवाफ फर्काउन नहुने, मात्र यौन चाह पूरा गरेर चुपचाप बस्नुपर्ने र लिङ्ग व्यवस्थाभित्रको लैङगिक विभेदको सम्पूर्ण कुरालाई माथिको भनाइले प्रस्ट पारेको देखिन्छ । खासमा विवाह नै महिलालाई सीमान्तीकरण गर्ने प्रमुख  माध्यम बनेको कुरा यस सन्दर्भमा पुष्टि भएको छ । साथसाथै रम्भीले आफ्नो विवाहका सन्दर्भहरू आफ्ना पति र पावर्तीसँग कहँदै थपेकी छन् : “पवनका बा, तपाईंले गाउँको उन्मुक्त आकाश  रेखामाथि पखेटा फिजारेर नाचिरहेकी चरीलाई यस शहरको पिँजडामा कैद गरेर राखिदिनुभयो । लाग्दछ बरपीपल र आँपका रुखहरूलाई जिस्क्याउँदै बाँसको बुइ चढेर तिनलाई निहुराउँदै बग्ने गाउँको हावा अब फोक्सोभरी पिउन पाउँदिनँ ।”(पृ.५८) प्रस्तुत भनाइले महिलाहरूलाई पितृसत्ताले दाम्लो बाँधिदिएको र त्यसैलाई सहयोग सिद्ध गर्ने संस्कृतिहरू पनि पुरुषैहरूबाट निर्मित भएका देख्न सकिन्छ । छोरीको र छोराको स्वतन्त्रता उस्तै र उही रहनुपर्ने हो तथापि माथिको रम्भीको भनाइ सीमान्त महिलाको मार्मिक र वास्तविक देखिन्छ । त्यस्तै महिला वा छोरी मान्छेका भूमिकालाई पनि रूढि बनाएर समाजले पालिरहेको छ भन्ने कुरा तलको अभिव्यक्तिबाट प्रस्ट हुन्छ :

बाहिरफेरको त के कुरा, घरभित्र समेत तिनका पत्नीहरू खुलेर हाँस्दैनन् । त्यहाँको समाजमा केटीहरूलाई बामे सरेदेखि नै आमाहरू औंला ठड्याएर लहै –“छोरीले ज्यास्ती हाँस्नु छैन भन्छन् । आकलझुकल कोही आइमाई घरमा ठूलो स्वरले हाँसिहाले भने एउटा गम्भीर अदबपूर्ण मालिकको स्वर कतैबाट आएर हाँसोको लागि खुलेको मुखभरिको बुजो लगाइदिन्छ “ए ,भनिदे त्यसलाई यस्तो हाँसो बेस्याहरू हाँस्छन् । अब देखि यसरी यसरी हाँस्नु छ भने जाओस् माइती आफ्ना बुबाआमालाई बत्तीसै बङ्गारा  देखाएर  हाँसोस् । हामी इज्जतदार घरानिया हौं । आइमाईको यस्तो

हाँसो हामी सहन सक्दैनौं ।" कठोर सामन्ती सदाचारको विपरीत अणुको उन्मुक्त हाँसो सुनेर सिङ्गै पसल स्तब्ध भयो । ( पृ.११६)

माथिको प्रसङ्गमा एकातर्फ पितृसत्ता भने अर्कोतर्फ सामन्तीवादी शोषकीय प्रवृत्तिको प्रभावमा आएर महिलाले महिलाई नै कमजोर निरीह बनाउने गरेको तथ्यलाई देखाएको छ । पुरुषले महिलालाई दमन गरिनु एउटा विषय भएता पनि महिलाले महिलामाथि वा भनौं छोरीले छोरी माथि, सासूले बुहारीमाथि, आमाले छोरीमाथि शृङखलाबद्ध रूपमा दबाउने र स्वतन्त्रतामाथि प्रहार गर्ने गरेको पाइन्छ । महिलाहरू बोल्न नपाइने बोलेमा पनि समाजले बुझो लगाइलिने, खुलेर हाँस्न नपाइने जस्ता अमानवीय परम्पराको थमौती विशेषत महिलाहहरूबाटै भएको पनि देखाइएको छ । महिला पुरुषजस्तै व्यवहारमा हिँडडुल गर्न थालेमा उसलाई बेस्या भन्ने सामाजिक कुपरम्पराले महिलालाई किनारामा पुऱ्याको कुरा पुष्टि हुन्छ ।

पीताम्बरकै घरमा पनि रम्भीले परम्परालाई सहर्ष स्वीकार गरेर रुढ पतिव्रता चरित्र देखाएको पाइन्छ । उनले घरमा बस्दा पनि घुम्टो हालेर बस्ने गरेको कुरा तल प्रस्तुत छ :

> बाजेले यति नजिकबाट पवनकी आमालाई कहिल्यै देख्न पाएका थिएनन् । ढोकाको संघार भित्र नै उनको सानो संसार थियो । भान्सा र कोठा गर्दागर्दै दिनभरिमा उनलाई तीन चार मील हिँडेको धपेडी पर्दो हो । कोठा बाहिर बरण्डामा जाने अवसर कहिलेकाहीँ मात्र आउँथ्यो । त्यो पनि ससुराका सामु घुम्टो नहाली उनी निस्किन्न थिइन् । ( पृ. १४१)

लैङ्गिक विभेद समाजमा भन्दा पनि घरभित्रै नराम्रोसँग जेलिएको पाइन्छ । घरभित्रै महिलाले घुम्टो लगाएर बस्नुपर्ने, सासु ससुरालाई सिधा हेर्न नहुने र सधैं घुम्टोले अनुहार ढाक्नुपर्ने जस्ता कुपरम्पराले महिला सधैं पछाडि परेको देख्न सकिन्छ । बाजेले पवनकी आमालाई आजसम्मै मैले देखेकै थिइनँ भन्नुबाट महिला पुरुषको विभेद घरभित्रै मनिखामुजस्तै उभिएर बसेको छ । जसको सम्बन्ध मझेरी र धुरीको जस्तो देखिन्छ । त्यही खामोमा महिलाका सम्पूर्ण क्रियाकलाप र स्वतन्त्रता बाँधिएको छ भन्ने कुरा प्रस्ट भएको देखिन्छ ।

### ३.३.४ यहाँदेखि त्यहाँसम्म उपन्यासमा वर्गीय सीमान्तीकरणको प्रक्रिया

सामाजको ऐना साहिन्य हो । त्यही समाजलाई साहित्यमा देखाउने गरिन्छ । *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा तराईको सीमान्त परिवेशलाई उभ्याइएको छ । समाज सम्भ्रान्त वर्गको कब्जामा रहेको कुरा उपन्यासमा देख्न सकिन्छ । उनीहरूले वर्गीय हितको लागि विभिन्न दमनात्कम जुक्तिहरू प्रयोग गरेका हुन्छन् र निम्न वर्गलाई जहिले पनि अधीनस्थ परिरहेका नै हुन्छन् । कहिले भाष्यको प्रयोग गरेर त कहिले दमन र अत्याचारबाटै प्रभुत्वशाली वर्गले आफ्नो दबदबा बनाइराखेको हुन्छन् । जुन कुरा तलको भनाइबाट थप प्रस्ट हुन्छ :

> गाउँलेहरू उपर आफ्नो बौद्धिक हैकम बिसाउने यति राम्रो संयोग नथुनी साहु कसरी फुत्कन दिन्थे ? उनी बिस्तारै उठे गाउँलेहरूको टोलाइरहेको अनुहारमा झिनो टल्कना आएजस्तो देखियो एउटाले आफूसित ढेसिएर बसेकी दमथरलाई सुस्तरी कोट्यायो–बल्ल यस तेलीको थुतुनो सिलाएछ अब हेर्नु कोलबाट थोपाथोपा तेल चुहिए जस्तै कसरी यसको मुखबाट चिल्लाचापुल्ला गेडी झर्नेछन् । (पृ. ५२)

गाउँमा अङ्ग्रेजका डफ्फाहरू आएर रात काट्नुले गाउँलेहरू शङ्कामा डुबेका छन् । उनीहरूको सोच विचार त्यहाँसम्म पुग्न सकेको छैन जहाँ तक भद्रेले सोचेको छन् । भद्रनाथले बुद्धिले काम लिन्छन् र सारा गाउँलाई आफ्नो बसमा राखेका छन् । गाउँलेहरू उपर बौद्धिकताको क्षमताले आफ्नो प्रभुत्व कायम राखेका छन् । वास्तवमै नथुनी साहु तर्कना शक्ति भएका एक सम्भ्रान्त शोषक हुन् । जसलाई बुझ्न निम्न वर्ग मानिसहरूले सकिराखेका छैनन् । यी र यस्तै षड्यन्त्रका जालोहरू फ्यालेर बोक्रे बौद्धिकता र चिफ्ला गफहरू मार्फत आम निम्नवर्गीय जनताप्रति आफ्नो प्रभुत्व जमाइरहने प्रयत्न समाजमा नथुनी जस्ता शोषकहरूले गर्ने गर्दछन् । फरका प्रसङगमा साहुहरूले खासमा आफ्नो जमिनप्रतिको तथा उद्योगप्रतिको स्वामित्वको आडमा जहिले पनि श्रमजीवी वर्गलाई पैतालमौ कुल्चेर राखेका हुन्छन् भन्ने कुरा तलको कथनबाट प्रस्ट हुन्छ :

> ए छोरीछन, रे रामबचना, मेरो धानको एक बाला पनि उसपारी छुट्न गयो र बेला
>
> डुब्यो भने म तिमीहरूलाई तेल पिएको लाल जुत्ता हिर्काई– हिर्काई तीयर माईलाई आज भोग दिन सकिन भने मेरो नाम असुर्फि होइन । दिनभरिमा पचास बोझ पनि ओसार्न नसक्ने काम चोरहरू आऊ न  आज बनी माग्न मैले जानेको छु । (पृ. ६०)

समाजमा शोषक र सम्भ्रान्त सामन्ती वर्गले जहिले पनि किसान र श्रमजीवी वर्गमाथि हप्काई दप्काई गर्ने आफ्नो दबाब सिर्जना गर्ने र धम्की दिएर आफ्नो प्रभुत्वलाई उच्च बनाउने काम गरिरहन्छन् । न्यून ज्यालामा काम लगाउने वा खान दिएर मात्रै काम लगाउने वा कुनै कुरामा फसाएर श्रम र मेहनत चुसेर लिने काम दमनकारी वर्गहरूबाट हुने गर्दछ । उनीहरूले जसरी भएतापनि समाजलाई आफ्नो अधीनमा तुल्याउने प्रयत्न गरिरहन्छन् । जसका कारणले समाजमा उच्च वर्ग र अधीनस्थ वर्गको सिर्जना भएको छ । कम परिश्रमिकमा काम लगाउने र व्यवसायको अधिकतम नाफ सञ्चित गरेर उनीहरू प्रभावशाली रहिरहेका हुन्छन् । यसरी कसरी उनीहरूले आर्थिक आधारको उपाय अवलम्बन गदर्छन् भन्ने कुरा तल देखाइएको छ :

> टाढाटाढा गाउँका ससाना पयकारहरू जो एक दर्जन सलाई दुई सेर चिनी, नून र छ आठ साबुन हातबाट लगेर गाउँले पसल थाप्थे, अब चिज वस्तु ज्यास्ती परिणाममा ओसारपोसार गर्न थाले । देख्दादेख्दै असुर्फीको आर्थिक अवस्था बिस्तारै उँभो लाग्न थाल्यो । खाली हात पुल तर्ने यात्रुहरूबाट आना दुई आना जगाता लिन थालेकाले बेलुकी अन्नपातको रासका रास बोराबन्दी गरी ऊ घर भित्र्याउँदथ्यो र उता झुसी अन्जुलीभरि पैसा आमाको पोल्टामा हालिदिन्थ्यो (पृ. ६७)

तीयर नदीमा साँगुबाट वारपार गर्ने ठाउँमा पैसा उठाउन थालेपछि असुर्फी साहुको कमाई र व्यवसाय राम्रो चल्न थालेको छ । उसको दिनानुदिन आम्दानीहरू बढेर गएको छ । सामानहरू ओसारपोसार गर्ने मानिसहरूले उसलाई पैसा दिएर मात्रै तीयर तर्न पाउँथे । बिस्तारै उसको आर्थिक स्थिति उभो लाग्न थालेको देखाइएको छ । खाली हात पुल तर्नेहरूसँग उसले आना दुई आना जग्गा लिन थालेको र अन्न पनि घरमा भित्र्याएको देखिएको छ भने आमालाई अञ्जुलीभरि पैसा दिएको कुरा पनि उल्लेख गरिएको छ । यसबाट समाजमा साभ्रान्त र शोषक वर्गले सम्पूर्ण अर्थव्यवस्थालाई आफ्नो अन्जुलीमा लिन्छन् र त्यसबाट अतिरिक्त फाइदा सञ्चित गरेर समाजको धनाड्य कहलाउँछन् । निम्न वर्ग अर्थात आर्थिक रूपबाट कमजोर वर्ग अथवा भनौ श्रमजीवी वर्गमाथि आफ्नो प्रभुत्व जमाइरहने गर्दछन् । जसले केन्द्र र किनाराको सृजना गरेको देखिन्छ ।

### ३.३.५ यहाँदेखि त्यहाँसम्म उपन्यासमा जातीय **सीमान्तीकरणको प्रक्रिया**

जातीय विभेद समाजको घृणित कुप्रथा हो । नेपाली समाजमा जातव्यवस्था संस्थागत भएको देख्न सक्छौं । जुन व्यवस्थामा टेकेर उच्च वर्गले जहिले पनि तथाकथित

दलित जातिमाथि घोर अन्यय गर्दै किनारामा पुऱ्याएको पाइन्छ । जातिवाद तथा नश्लीय ब्रह्मणवादका आधारमा विभेद गर्ने र उक्त वर्गप्रति अपहेलानापूर्ण व्यवहार गर्ने गरेको पाइन्छ जुन कुरा उपन्यासमा पनि यसरी प्रकट भएको पाइन्छ :

> "जदौ मालिक, सबैलाई सेतीको बिन्तीभाउ लागोस् । तित्राको मुखै बहिरी भनेजस्तो यस दमाईको थुतुनो आज फेरि अर्गेलो भएर उठेको छ । मेरी दमिनी मलाई बारम्बार अर्ती दिइरहन्छे – तीन माना चामलको भात हसुरेर पचाउन सक्छौ भने तीन तोला कुरा पेटभित्र पचाउन सक्दैनौ ? सक्दिनँ प्रभु अनि त आज..."
>
> भद्रनाथ भद्रनाथको धैर्य हरायो । उनी बिचैमा पड्किए– "हेर सेते, अहिले हामीलाई दमाई दमिनीको दन्तबझवान वा सुनिरहने फुर्सद छैन अर्थ न वर्थको कुरोकन्थो झिकेर हाम्रो समय खेरा फाल्ने काम नगर । अहिलेको हाम्रो कामसित सरोकार राख्ने कुनै सल्लाह साउती तेरो गिदीमा छड्किरहे छ भने त्यो भन नत्र भने जा आफ्नै दमिनीसित घरमा बसेर जेजे पचाउन सक्छस् पचा । भद्रनाथको उपहासपूर्ण उक्ति सुनेर सबैजना हाँसिदिए सेते पनि आफ्नो दुवै कान समातेर नरम हाँसो हाँसो । (पृ.२१४)

मुर्कीपलियामा डाँकाहरूले आक्रमण गर्ने हल्ला चारैतर्फ फिजिएको हुन्छ । यस हल्लाबाट सुरक्षित गर्नका निम्ति भद्रनाथले सबैसँग सल्लाह माग्छ । सबैलाई आग्रह गर्छ कि अब पालैपालो गाउँको रक्षा गर्नुपर्छ । अन्यथा गाउँ कमजोर हुनेछ । गाउँमाथि लुटेरहरूले सबै लुटेर लानेछन् र उसले गाउँका मानिसलाई प्रयोग गर्न आफूलाई अत्यन्तै कमजोर र निरीह बनाएको छ जसले गर्दा गाउँलेहरूलाई सम्पूर्ण रूपमा प्रयोग गर्न पाइयोस् । समाजमा जातीय विभेदले जरा गाडेको र अभिजात वर्गले सधैँ हेपेर राखिरहेको कुरा तित्राको मुखै बैरी भन्ने सूत्रात्मक भनाइबाट प्रस्ट हुन्छ । तल्ला जातिका मानिसहरू बोल्यो भने त्यो अशुभ हुन्छ, त्यो कुरा मानिँदैन, त्यो कुरा पूरा हुँदैन जस्ता कुपरम्पराहरू समाजमा विद्यमान छन् । यसै क्रममा सेती दमाईले आफ्ना कुरा राख्न खोज्दा भद्रेले भने उसलाई राख्न दिएको छैन । यसरी तल्लो जातिका मानिसहरूले सोच्नै सक्दैनन्, केही कुरा जान्दैनन् भन्ने रूढिविश्वास सम्भ्रान्त वर्गले पालेका हुन्छन् । निम्नवर्गको कुनै पनि कदर हुँदैन अथवा विचार सुनिँदैन । उपहासपूर्ण रूपबाट भद्रनाथले सेतेलाई चुपचाप बस्न आग्रह गरेबाट सम्पूर्ण उपस्थित मानिस हाँसेका छन् भने ऊ चुपचाप निन्याउरो मुख लाएर बसेको देखिन्छ । यसरी दलित जातिका मानिसलाई हाम्रो समाजमा सीमान्तकृत गरी सामाजिक

भूमिकाबाट र निर्णय सहभागिताबाट अलग्याइएको वा अलग्याइने सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ :

> असुर्फी साहुले जसरी गणित लगाएका थिए त्यसको उत्तर पृष्ठमा त यही प्रस्ट लेखिएको हुनुपर्थ्यो कि गाउँका मानिसले यसको कुनै सुईको सम्म पाउने छैनन् । भद्रनाथ उपर हात छाडेको कुरा विजयोन्मादमा सुनाउँदै हिँड्नु असर्फी साहुका लागि पनि किमार्थ हितकर थिएन् । पानी  नचल्ने तल्ला जातका मानिसले एक कुलीन बाहुनलाई शारीरिक यातना दिनु त्यसबखतको धप्प बल्दो राणाशासनका लागि पनि सह्य हुन सक्दैनथ्यो । यसका लागि हिउँदमा हजमिनिया दरबार सवारी हुँदा महाराज चन्द्रशमशेरको इजलासमा साहुलाई ठड्याउन बेर लाउने थिएनन् । (पृ.२९९)

प्रस्तुत माथिको भनाइबाट तत्कालीन समयमा राणाशासन र तिनीहरूका पोस्य जातको रूपबाट ब्राह्मण बाहुन वा उपल्ला जातका थिए । उनीहरू राज्य सत्ताबाट संरक्षित भएका कारणले कसैले पनि उनीहरू उपर सिधा हेर्ने अथवा गलत मनशायले कुनै काम हुँदैनथ्यो  किनभने त्यतिखेरका ज्ञानका स्रोतहरू बाहुनहरू नै  थिए जो राणाहरूलाई राज्य सत्ता सञ्चालनका निम्ति अनिवार्य चाहिन्थ्यो । समाजमा एउटा यस्तो व्यवस्था बसेको थियो जति अन्याय गरेपनि तथाकथित तल्ला जातका मानिसहरूले बाहुन माथि वा आफूभन्दा माथिल्ला उपल्ला वर्गका जातिमाथि कुनै किसिमको प्रतिक्रिया जनाउनु हुँदैन भन्ने व्यवस्था रहेको थियो । जसका कारण जहिले पनि निम्न वर्ग  अथवा तथाकथित तल्ला जातका मानिसहरू जहिले पनि उत्पीडन, पीडा र प्रताडनमा रहिरहन बाध्य भए ।  यसरी हेर्दा सम्भ्रान्त वर्गले आफ्नो जातीय स्वामित्वको जालो केन्द्रदेखि स्थानीय तहसम्म फिजाएका थिए र अलग प्रकारको जातीय व्यवस्था र सामाजिक संरचना निर्माण गरेका थिए । वैधानिक रूपबाट प्रभुत्व वा सत्तामा रहेका मानिसहरूले निम्न वर्ग वा दलित वर्गलाई जहिले पनि हेपेर होच्याएर बोल्न नदिइकन दमन गरेर राख्ने गरेको कुरा माथिको प्रयुक्त कथनबाट प्रस्ट हुन्छ ।

### ३.३.६ यहाँदेखि त्यहाँसम्म उपन्यासमा लैङ्गिक सीमान्तीकरणको प्रक्रिया

यौनिकताका आधारमा महिला र पुरुषको फरक त प्राकृतिक छ तर समाजले त्यस्तो पितृसत्ताको निर्माण गर्‍यो जसले महिलाई किनारामा लगेर हुत्याइदियो र लैङ्गिकताको

निर्माण भयो । पुरुषले आफूअनुकूलका संस्कृति मूल्यमान्यता र सामाजिक आचारसंहिता बनाउँदै लगे र महिलालाई जहिले पनि सीमान्त बनाइरहे । महिला शालीन हुनपर्छ, ठुलो आवज गर्नु हुन्न र पैताला बजाएर हिँड्नु हुन्न जस्ता कुपम्परा पनि समाजमै देख्न सकिन्छ । जसले महिलालार्य किनाराम राखेको छ । जुन कुरा तलको कथनबाट थप प्रस्ट गर्न सकिन्छ :

> "यो लख मैले अघि नै काटिसकेको थिएँ । गाउँको चलनचल्ती बिथोल्ने पार्वती बाहेक को हुन सक्छ ? मैले कतिचोटि भनिसकेँ–पार्वती तिम्रो स्वभावबाट दिनप्रतिदिन आइमाईमा हुनुपर्ने गुण कोमलता लज्जालुपन हट्दै गएर कठोर पुरुष स्वभाव पो उब्जिन थालेको देख्छु । तिमीमा पौरुषग्रन्थि प्रबल हुँदै गएको छ । यस्तौ हो भने एकदिन तिम्रा गाला च्यूडोमा पनि पवनको जस्तै झ्यापझ्यापतीको दाह्रीजुँगा आउने छ ।" (पृ.९६)

पार्वती पाँचै वर्षमा विधुवा हुन पुगेकी एक सङ्घर्षशील नारी हुन् । आफ्नो सतित्वलाई र आत्मसम्मानलाई जोगाएर बसेकी समाजमा डटेर आफ्ना कुराहरू राख्ने एक प्रतिनिधिमूलक सत्पात्रको रूपबाट पार्वती उपन्यासमा अगाडि आएकी छन् । प्रस्तुत माथिको सन्दर्भमा विशेषतः पार्वतीको चरित्रमाथि दोषारोपण गर्ने र पितृसत्ताको आँखाले हेर्ने काम गजाधर पण्डितबाट भएको छ । गजाधर पण्डितले पार्वतीलाई तिम्रो स्वभावमा अब परिवर्तन गर्नुपर्छ नारीमा कोमलता, लजालुपन र हार्दिकता हुनुपर्दछ भनेको छ । तर तिमीमा त पुरुष ग्रन्थि वृद्धि भएर गइरहेको छ नि भन्ने विचार र अभिव्यक्तिबाट के थाहा हुन्छ भने हाम्रो पितृसत्ताले महिलालाई कमजोर बनाएको छ । महिलामा दृढता ,स्वच्छता, स्पष्टता वीरता, कठोरता, निष्पक्षता, प्रस्टता हुनै हुँदैन भन्ने भ्रमको सिर्जना गरेर महिलाहरूलाई जहिले पनि लैङ्गिक शोषणको प्रपञ्चमा पारिरहने कुरा बुझ्न सकिन्छ । भने अर्कोतर्फ रोगी, अपाङ्ग र विधुवाा महिलालाई त झन अस्तित्व जोगाउनै धौधौ हुनेगर्छ जुन कुरालाई पनि उपन्यासमा एक प्रसङ्गमा प्रस्तुत गरिएको छ :

> "अबला पार्वतीको संरक्षण, जसका लागि हात थापिदिने कोही छैन । बरू कति सुःखद हुने थियो पार्वतीबाट यो सुनेर कि पवन तिमी गाउँमै आयो अब ढुक्क भएर म बस्न सक्छु । मेरो लागि हाँकडाँक गरिदिने को छ र यस संसारमा ? म बबुरी एक्ली बिधुवी कुनै पौरुषको आड नपाई कसरी आफ्नो अस्तित्वलाई पवित्रताका साथ

जोगावट गरेर बाँचिरहन सकुँला, त्यसकारण पनि तिम्रो आगमन मेरो लागि वरदान हुन गएको छ ।" (पृ. १०५)

गाउँमा पार्वतीमाथि वक्रदृष्टि लगाउने पुरुषहरूको सङ्ख्या बढी छ । उनी फरक विचारले क्रान्तिकारी सोच राखेर अगाडि बढ्ने हुनाले पनि उनलाई गाउँमा पाइलापाइलामा जोखिम रहने कुरा प्रस्तुत गरेकी छन् । गाउँमा पवनको आगमन भएपछि उनलाई सहारा मिलेको छ । उनले आफ्नो अस्तित्व जोगाएर पवित्रताका साथ बाँचिरहन अफठ्यारो परेको कुरा बताएकी छन् । जसबाट के थाहा हुन्छ भने समाजमा महिलाहरूलाई पितृसत्ताले पुरातनवादी सोच र व्यवहारमा कैद गरिरहेको छ । जुन कुरा अहिलेको समाजमा पनि देख्न सकिन्छ । एकातिर महिलाका कार्यहरू पुरुषप्रधान हुनु भने अर्कोतर्फ पुरुषलाई जोडेर हरेक महिलाको अस्तित्वलाई अर्थ्याउने परम्परा पनि रहेको कुरा तलको कथनबाट प्रस्ट हुन्छ :

"पार्वती, तिमी जङ्गलीको काठ हौ । जीवनभर कुकाठ नै रहिरहन्छ्यौ । अरूलाई शोभा र आनन्द दिने वस्तु तिमीबाट प्राप्त हुन सक्दैन काठमाथि रञ्जा दिएपछि मात्र त्यसको जङ्गलीपन र रूक्षता छ्याकन भएर निस्कँदै जान्छ । रुखोसुखो काठभित्र कसरी चिल्लो र सुकुमारी काष्ठ पदार्थ निस्केर आउँछ । तिमीले पनि त्यस्तै रन्दा पाएकी भए तिमीभित्रको लज्जालु नारी भुइँमा दुवै आँखा गाडेर मस्किँदै निस्केर आउँथी होली । तर के गर्ने तिम्रो आदिम स्वभावको कठोरता छ्याकन भएर झर्न पाएन विधिलाई यही स्वीकार रहेछ ।" (पृ. १०९)

प्रस्तुत माथिको भाखीको भनाइमा पार्वतीलाई शोभा र आनन्द नदिने वस्तुको रूपमा एउटा जङ्गली काठ रुखो काठ जसमा सुन्दरता र चिप्लोपन नभएको कठोर भनेर आरोपित गरिएको छ । नारीत्व तिमीमा छैन भन्ने कुराको अभिव्यक्तिबाट हामी के बुझ्न सक्छौं भने पितृसत्ताले गहिरो अमिट रूढि परम्परा मस्तिष्कमा बोकेर बसेको छ । महिलाहरूमा लजालुपन, यौनिकता, उनीहरूको बोलीचालीमा विनयता, सरलता लजालुपन, नाजवाफपन, कामुकता आँखा चिम्म गरेर हस् भन्ने स्वभाव नभएसम्म महिला हुन नसक्ने भन्ने भ्रमहरू पुरुष सत्ताबाट प्रचारित भएर समाजमा सोही अनुसार व्यवहार र सोही अनुसार व्यवहिर्त भएको देख्न सकिन्छ । जसले लैङ्गिक सीमान्तीयताको वातावरण समाजमा सिर्जना गरिरहेको छ । जसलाई तलको अभिव्यक्तिले थप प्रस्ट पारेको छ :

> "यी दुर्गा भवानी हुन् । यिनलाई कसैले छोयो भने यो आफैं भस्म भएर जानेछ । भद्रनाथको के पिताम ? यी रणचण्डीका सामु को टिक्ने ? ऊ त रुभ्केको बिरालो जस्तै लुसुक्क बाटो काटेर जान्छ । " भद्रनाथ माथिबाट रुन्चे हाँसो हाँसिरहे पनि भित्रभित्रै मुर्मुरिरहेका हुन्थे । मैले मैले जानेको छु । यस राँडीमुडीलाई, यसलाई आफ्नो खुट्टामा निहुर्‍याएर भन्न लाउनेछु– भद्रनाथ जनीं, तिमीले जे भन्छौ म त्यही गर्नेछु, । मेरो सबैथोक आजबाट तिम्रै हो । (पृ. १२३)

भद्रनाथ र पार्वती बालसखा हुन् यद्यपि जहिले पनि पार्वतीले भद्रनाथको विरोध गरिरहन्थिन् । पार्वतीको यौवन र जवानीबाट भित्रैबाट आकर्षित भएको उसले बदनाम गरेर पार्वतीलाई कुनै पनि किसिमको बदला लिहाल्न सक्दैन । पार्वतीले भद्रनाथलाई देख्नासाथ नङ्ग्याइदिन्थिन् तर यसपटक भने भद्रनाथले आफ्नो सम्पूर्ण ग्राम्य शक्ति सामन्ती शक्तिको प्रयोग गरेर पार्वतीमाथि आक्रमण गर्ने प्रयास गरिरहेको छ । यसरी समाजमा सामन्त र शोषकहरूबाट सचेत शिक्षित महिलाहरू नै जोखिममा परिरहेका र षड्यन्त्रमा फस्नुपर्ने अवस्था सिर्जना हुने कुरालाई देखाइएको छ । बिना गल्ती पनि प्रपञ्चहरूबाट प्रताडित हुनुपर्ने महिलाको बाध्यात्मक स्थितिलाई पनि यहाँ देखाइएको छ ।

> हिजो पार्वतीले अनर्थ गरिन्, गढीमाईको मेलामा गएर दुवै हात भरिभरि रङ्गीचङ्गी चुरा लगाएर आइन् । सुन्छु, मेलाको मुसलमान चुरौटेले यिनको सिङ्गै चोला खोल्न लगाएर हात कमलो पार्नका लागि नारीदेखि पाखुरासम्म धेरै बेर मुसारी रह्यो । राडी आइमाईले यसरी चुरा लाएर गाउँघरमा हिँडेको मैले कहिले सुनेको छैन । यो हामी सबैका लागि हाँको यस यसबारे गहिरिएर विचार गर्नुपर्ला । मालिक यसले गर्दा गाउँघरमा नराम्रो हावा अबदेखि चल्न थाल्छ । यसका चुरा जुनसुकै युक्तिले पनि फुकाइछाड्नुपर्छ । अनि मात्र त्यस चोथाले बिधुवीको तुजुक झर्नेछ । यति भनेर पुजारी कुनै स्तोत्रको श्लोक भट्याउँदै शिवालयतिर लागे । (पृ.१२६)

गाउँमा पार्वतीको प्रगतिशील व्यवहार त्यहाँका पण्डितलाई ग्ग्रह्य भएको थिएन भने अर्कोतर्फ भद्रनाथ स्वयम् पार्वतीसँग चिडिरहेको थियो । किनभने पार्वती भद्रनाथको स्वार्थमा प्रयोगमा आइरहेकी थिइनन् । पार्वतीले गढीमाईको मेलामा गएर हातभरि चुरा लगाएर आएको प्रसङ्गले गाउँभरि हल्ला फिजिएको छ र सम्पूर्ण गाउँलेले धुवा मडारिएको जस्तो कुरा काट्दै हिँडिरहेका छन् र पार्वतीलाई सच्याउनका निम्ति पञ्चायतको भेला गरिन्छ र अविलम्ब चुरा फुकालेर फाल्नका निम्ति आग्रह गरिन्छ । नत्र अनर्थ हुने र गाउँमा विकृति

फैलने कुरा बताइन्छ । यसै प्रसङ्गमा गाउँको भेलामा पार्वतीलाई माफी माग्न दबाब सिर्जना गरिन्छ । यसरी समाजमा प्रभुत्वशाली शोषक र पुरुषवादी सोच भएका परम्परागत संस्कृतिका छदम भेष लिएर बस्ने तथाकथित पण्डितहरूबाट महिलाहरू दमित र उत्पीडनमा परेको कुरा प्रस्ट हुन्छ । तलको भद्रनाथको कथनले त झन महिलाहरू विभेदको दयनीय कुरीति भोगिरेका छन् भन्ने प्रस्ट हुन्छ :

> "हेर पार्वती, तिमीले ठट्टाको फलामलाई ठट्टाले नै काट्यो । भैगो त्यसबारे मलाई केही भन्नु छैन । तिमीलाई यहाँ डाकेको कारण तिमीले हिजो मेलामा लगाएको चुरा हो । हाम्रो धर्म र समाजले नरूचाउने काम तिमीले गऱ्यौ । पञ्चायत तिमीलाई यस अधर्मी काम बापत ठुलो सजाय दिन सक्छ तर पहिलो पटकलाई नरम नीति नै लिनु ठिक भएकोले तिमी पञ्चायतको आज्ञा मानेर ती सबै हातका चुरा अहिले फुकाएर पञ्चायतलाई सुम्पिदेऊ । कुरा आयो गयो हुन्छ सकिहाल्छ । तिमी आफै विचारवान् आइमाई छौ । पञ्चायतको कुरा काट्ने छैनौ भन्ने  मैले मनमा लिएको छु । (पृ. १२७)

समाजमा महिलाहरूलाई कथित धर्मका नाममा र संस्कृतिका नाममा दबाबमा राखिरहिन्छ । समाजले नरुचाउने कुरा र धर्मले स्वीकार नगर्ने कुरा भन्दै विभिन्न अदृश्य र अमूर्त परम्परा र ढोङ्गी धर्मका नाममा महिलाहरूमा पुरुषवादी र सामन्तवादी सोच लादिन्छ । जसको सिकार बन्न पुग्दछन् निर्दोष नारीहरू ।  पुरुष प्रभुत्वले भरिएको समाजमा महिलाले आफ्नो अस्तित्वको खातिर सही न्यायपूर्ण तर्क सङ्गत कार्य गर्दा पनि अधर्मी भइने गाउँबाट बहिष्कृत हुनुपर्ने अवस्था सिर्जना भइरहेको सामाजिक यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ ।

## ३.४ निष्कर्ष

ध.च. गोतामेका *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुवै उपन्यासमा सिमान्तकृत समुदाय र त्यसमाथि आफ्नो प्रभुत्वलाई जमाएर बसेका सामन्तहरूको उपस्थिति देख्न सकिन्छ । विशेषतः यस परिच्छेदमा तिनै सीमान्तकृत पात्रहरू कसरीकसरी किनारीकृत हुन पुगे भन्ने कुराको विश्लेषण प्रस्तुत गरिएको छ । सामन्तहरूले चालेका विभिन्न किसिमका षड्यन्त्र, भ्रम तथा ललाइफकाई गर्ने, मिठा बोलिहरू बोल्ने र विभिन्न भाष्यहरू प्रयोग गरेर निम्नवर्गीय मानिसलाई सीमान्तकृत बनाइरहेको कुरा देख्न सकिन्छ  ।

तिनै प्रभुत्वशाली वर्गले समग्र निम्न वर्गलाई आफ्नो अधीनमा राख्न बौद्धिक चातुर्य प्रयोग गरेको जसलाई निम्न वर्गले बुझ्न नसकेको कुरा दुवै उपन्यासमा देख्न सकिन्छ । सहरका व्यापारी, साहु, महासेठद्वारा पीताम्बरलाई उसैगरी सीमान्त पारिएको छ । असुर्फी साहुको सामन्ती प्रवृत्ति जसले गर्दा गाउँ र समाजमा रहेका शोषित, उत्पीडित, श्रमजीवी वर्गहरू सीमान्तकृत बन्न पुगेको देखिएको छ ।

निष्कर्षमा भन्नुपर्दा दुवै उपन्यासमा एकातर्फ सम्भ्रान्त वर्गले निम्न वर्गमाथि आफ्ना विभिन्न औजारहरू प्रयोग गर्दै अधीनस्थ बनाएको देखाइएको छ भने अर्कातर्फ पितृसत्ताको प्रयोग गर्दै पुरुषवादी पुरुषहरूले महिलाहरूलाई समाजको किनारामा राखेको पाइन्छ । त्यसलाई पक्षपोषण गर्ने गरी महिलाहरूबाट महिलाहरू नै सीमान्तकृत हुनुपरेको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । जुन कुरा यो शोधबाट पनि प्रस्ट हुन आएको छ । अर्कातर्फ मानिसलाई कामका आधारमा, खान्पानका आधारमा, उसले राखेका थरका आधारमा, तल्लो जात वा दलित वर्गको नामजस्ता आधारमा समाजमा सीमान्तकृत अवस्थामा पुऱ्याइएको प्रस्ट हुन्छ । यसरी प्रस्तुत उपन्यासमा जातीय, वर्गीय, लैङ्गिक, पेशागत, आर्थिक, पदगत आदि कुराहरूबाट निम्न वर्गलाई अरू झन सीमान्तकृत बनाउने काम प्रभुत्वशाली वर्गबाट भएको देखाइएको छ । जुन प्रक्रियामा विरोध र आवाजहरू निकाले पनि त्यसै प्रक्रियामा सहभागी हुन उनीहरू विवश देखिएका छन् ।

# चौथो परिच्छेद

## ध.च. गोतामेका उपन्यासमा आवाज र प्रतिरोधी चेतना

### ४.१ विषयप्रवेश

सीमान्त समुदायको आवाज र प्रतिरोध चेतनासँग यो परिच्छेद सम्बन्धित छ । खास गरेर यस परिच्छेदमा सीमान्त समुदायको आवज र प्रतिरोधलाई अवधारणागत रूपमा प्रस्ट परिएको छ भने अर्कोतर्फ ध.च. गोतामेका *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुवै उपन्यासमा अभिव्यक्त वर्ग चेतना र त्यसको स्वरूपलाई विश्लेषण गरिएको छ । समाजको तल्लो संरचना वा अधीनस्थ समुदाय जो जहिले पनि खेदाइ, हेपाइ, दलहन, उत्पीडन, शोषण तथा बाध्यकारी रूपमा दबिएर बस्नुपर्ने रहेको हुन्छ । जब समाजमा विभेदले चरम रूप लिन्छ तब त्यो आवज भएर वा विचार बनेर कुनै न कुनै रूपमा प्रकट हुन्छ । यस्ता सीमान्तकृत आवजलाई प्रभुत्वशाली वर्गले विभिन्न बाहानहरू बनाएर आफ्नो रुचिअनुरूप व्यक्तिगत रूपमा प्रयोग गर्दछन् । उच्च वर्गले गरेको अमानवीय हर्कत र विभेदले समाजमा प्रतिकारका आवजहरू सुसाउन थाल्दछन् । जुन कुरालाई यस परिच्छेदमा सूक्ष्म र सघन रूपमा समीक्षा गरिएको छ । उपन्यासमा विभेद पराकाष्ट नाघेपछि कसरी समाजमा विरोधी धारको जन्म हुन्छ र प्रतिवाद विकसित हुन्छ भन्ने कुरालाई पनि परिच्छेदमा मुख्य रूपमा अध्ययन र विश्लेषण गरिएको छ ।

### ४.२ सीमान्त वर्गको आवाज र प्रतिरोधसम्बन्धी अवधारणा

समाजमा विभेदका शृङ्खलाहरू बढ्दै जान्छन् । अन्याय अत्याचारले सीमाना नाघ्छ अनि दमित वर्ग समुदायमा प्रतिनिधि आवजहरू उठ्दै जान्छ । क्रमशः ती सङ्गठित आवजहरू संस्थागत हुँदै जान्छन् र समाजमा विद्यमान संरचना भत्कन पुग्छ तथापि यो कार्य पूर्ण हुनुभन्दा अगाडि सीमान्त वर्गहरू सलवलाउन थालेका हुन्छन् जसको परिणमस्वरूप प्रतिरोधी आवाजहरू मुखरित हुन थाल्दछन् । यस्ता आवजहरू वा चेतनाहरू राज्यसत्ता वा शक्तिकेन्द्र विरूद्ध जाइलाग्छन् । यसरी सक्रिय रूपमा आवजहरू बोल्न सक्ने भएपछि वर्गीय, जातीय तथा लैङ्गिक चेतना जागरूक भएर आउने गर्दछ । सधैं किनारामा रहनुपर्ने, बहिष्करण सहनुपर्ने, पैतालाको धुलो मुसार्नुपर्ने, आफ्ना पसिनाले खेत सिञ्चाइ गर्दा पनि दुई छाक खान धौधौ पर्ने, हड्डीदेखिको बल लगाएर काम गर्दा पनि लात्ती खानुपर्ने जस्ता कार्य तथा हर्कतहरूले दमित आवाजहरू सामन्तहरूको जालझेल र षडयन्त्र तोडेर

बाहिर प्रकट हुन  थाल्दछन् । यो पुस्ता  सीमान्तकृत पुस्ताको सचेत पुस्ता मानिन्छ तथापि उपन्यास भित्र  कृतिमा यस्ता उत्पीडित वर्गले कसरी र कुन रूपमा आवज उठाएका छन् अर्थात उनीहरूका वर्ग चेतना आफै बोलेका छन वा कोही बोलिदिनुपर्ने बाध्यता छ सो कुरालाई यस अवधारणाअनुसार विश्लेषण गरिएिको छ ।

सीमान्त वर्गमाथि विभिन्न दबाबहरू लादिन्छन् वा उनीहरू बोल्नै नसक्ने बाध्यता पनि रहन्छ भने अर्कोतर्फ उनीहरू सामाजिक बहिष्करणको डरले पनि प्रकट हुन सक्दैनन् अथव अज्ञानमा पनि रहेका हुन्छन् । त्यसैले उनीहरूको आवाजलाई समाजका शिक्षित प्रतिनिधिले बोलिदिनुपर्ने अवस्था पनि आउँछ । यसै क्रममा  सबाल्टर्न वर्गको प्रतिनिधित्वको सामार्थ्य र उनीहरूको प्रतिरोधी क्षमताका विषयमा मोहनराज शर्माले (२०७०) भृकुटी पत्रिकामा अबरजन अध्ययन र साहित्य शीर्षकको लेखमा लेखेका छन् :

> गायत्री चक्रवर्ती स्पिभाकले के अबरजन बोल्न सक्छन् भन्ने प्रश्न उठाएकी छिन् । यस प्रश्नको उत्तर पनि उनले नै दिएकी छिन् । उनका विचारमा अवरजन आफ्ना निम्ति आफैं बोल्न सक्दैनन् । तसर्थ बौद्धिक वर्गले तिनका लागि बोलिदिनु पर्छ भन्ने उनको मान्यता रहेको छ । त्यसो त अबरजन आफ्ना दु:ख सुख व्यक्त गर्न सक्दैनन् भन्ने होइन तर त्यस्ता अभिव्यक्तिको स्वर ज्यादै मसिनो भएकाले नसुनिएर आफैं दबिन्छ वा अरू कसैले नसुनोस् भनेर शक्तिशालीद्वारा दबाइन्छ । स्पिभाकका विचारमा अवरजन आफ्नो प्रतिनिधित्व पनि आफैं गर्न सक्तैनन् । तसर्थ बौद्धिक वर्गले तिनको प्रतिनिधित्व गरिदिनुपर्छ । (पृ :३१८)

गायत्री चक्रवर्ती स्पिभाकले सीमान्तकृकत समुदाय सम्भ्रान्त वा प्रभुत्वशाली वर्गका विरूद्धमा बोल्न चाहेर पनि बोल्न सक्दैनन् भनेर भनेकी छन् । यसमा बुद्धिजीवीले बोलिदिनुपर्ने र मौन आवाजलाई मूर्त रूपमा ल्याइदिनुपर्छ भनेकी छन् । तथापि कतिपय सन्दर्भमा समाजको उत्पान सम्बन्धले निर्मित वर्गीय अन्तरले तीव्र असन्तुष्टि र विद्रोहको रूप लिन्छ र किनारीकृत वर्गले आफ्नो हितका पक्षमा बोल्न वा अभिव्यक्ति हुन सुरू गर्दछन् । सोही कुरालाई घनश्यम भुसालले मार्क्सवादको चर्चा गर्ने क्रममा भनेका छन् :

> जब उत्पादनसम्बन्ध उत्पादक शक्तिका लागि बाधक बन्छ । तब ती  दुईका बिचमा अन्तरविरोध उत्पन्न हुन्छ । मानिसले आफ्नो हित कहाँ छ भन्ने बुझ्न थाल्दछन् । विद्यमान उत्पादन सम्बन्ध रहिरहनुमा आफ्नो हित छ कि नयाँ मा आफ्नो हित छ

> भन्नेबारे मानिसले विचार गर्न थाल्छन । सचेत बन्दै जान्छन् । उत्पादक शक्ति र सम्बन्धको अन्तरविरोध नै यस्तो चिज हो जसले मानिस आफै चाहेर वा नचाहेर पनि त्यस अन्तरविरोधबारे बुझ्न थाल्छ । यसरी अनन्त समाज दुई ध्रुवमा विभाजित हुन्छ । ( पृ.१८४)

यसरी समाजमा वर्गन्तर निर्माण हुन्छ हुन्छ जसले वर्गसङ्घर्षको अवस्था सिर्जना गर्दछ र समाजमा निम्नवर्गीय आवज तथा कन्तिका स्वरहरू विस्तारै बोलिन,बोलाइन वा व्यक्त हुन सुरू हुन्छ । जुन आवाजहरू व्यक्तिगत तथा समूहिक जसरी पनि हुन सक्दछ । अर्कोतर्फ समाजमा महिला र पुरुषको विभेद पनि गहिरिएर गएको पाइन्छ । समाजमा सामाजिक भूमिकामा जहिले पनि पुरुषहरू केन्द्रमा रहने र महिलाहरू परिधिमा पारिनुले प्रतिरोधी चेतना र आवजहरू विस्तारित हुँदै गएको पाइन्छ । राजेन्द्र सुवेदीले (२०७३) लेखेका छन् :

> प्रकृतिलाई प्राकृतिक रूपमा रहन नदिइ निर्मित रूपमा स्वास्नी बनाएर र पुरुषलाई प्रकृतिक रूपमा रहन नदिई लोग्ने बनाउने कममा मान्छेको मान्छेको समाजले गहन भूमिका खेलेको छ । मान्छे नै त्यस्तो विशेष प्राणी हो जसले प्रकृतिक तात्विक विषयमा विकृतिको भण्डाफोर गर्नेकाम गरेको छ । सभ्यताको यात्रामा नारी स्वतन्त्रता र तात्विक भिन्न नरहेर निर्मित भिन्नका रूपमा स्थिर बन्न पुगेका आधुनिक युगमा यस भिन्नताका यस भिन्नताका विरुद्धमा विद्रोहका भावनाहरू प्रतिपादन भएका छन । (पृ.२३७)

यसरी समाजले निर्माण गरेको कृत्रिम व्यवस्थाभित्र जब सीमान्तप्रतिका व्यवहारहरू कठोर र दमनात्मक हुन्छन् तब ती आवाजका रूपमा कुनै न कुनै माध्यमबाट बाहिर आउँछन् । वर्गीय, जातीय र लैङगिक स्वरूमा विविध धारबाट आवाजहरू व्यक्तिगत वा सामूहिक तवरले प्रकट हुने गर्दछ यद्यपि सामाजिक संस्कृतिको संरचनाले सीमान्तका आवाजहरू मौन पनि रहन सक्छन् ।

## ४.३ सीमान्त पात्रको आवाज र प्रतिरोधको विश्लेषण

यस परिच्छेदमा ध.च.गोतामेका दुवै उपन्यासमा सीमान्त वर्गको आवाज र प्रतिरोधी चेतना कसरी अभिव्यक्त भएको छ भन्ने कुरालाई विश्लेष्य विषय बनाइएको छ । प्रभुत्वशाली वर्गले सीमान्तकृत वर्गलाई सधैँ उत्पीडनमा राखिरहेका हुन्छन् । यस सन्दर्भमा

निम्न वर्गले आफ्नो भूमिका, पहिचान, प्रतिनिधित्व र अस्तित्व खोजेका छन् कि छैनन् भन्ने कुरालाई केलाउँदै आवाजविहीनहरूको आवाजलाई उपन्यासभित्र खोज्ने प्रयत्न गरिएको छ । सामाजिक संस्कृति, वर्चस्वशाली संस्कृति र त्यसबाट निर्माण भएको विभेदयुक्त सामाजिक परम्परा आदिलाई आधार बनाउँदै अध्ययन अगाडि बढेको छ । अभिजात वर्ग, मध्यम वर्ग र निम्न वर्ग एकातर्फ भने छुत–अछुत, तल्ला–माथिल्ला, शुद्ध–अशुद्ध जस्ता कथित जातिवादी अवधारणा अर्कोतर्फ समाजमा भेटाउन सकिन्छ । महिला–पुरुषजस्ता पितृसत्ताले निर्माण गरेको विभेदयुक्त विशृङ्खलित समाजमा कसरी सीमान्त वर्गले आफ्ना आवाजलाई बोलेका छन्, बोल्न लगाएका छन्, कोही बोलिदिएको छ वा मौनताको संस्कृति अवलम्बन गरेको छ भन्ने कुरालाई मूर्त–अमूर्त आवाज र प्रतिरोधको अवधारणामा यस परिच्छेदमा उपन्यसाको अध्ययन विश्लेषण गरी प्रस्ट पारिएको छ ।

### ४.३.१ *घामका पाइलाहरू* उपन्यासमा वर्गीय सीमान्तहरूको आवाज र प्रतिरोध

*घामका पाइलाहरू* उपन्यासको परिवेश राणाकालीन सामन्ती शासन व्यवस्थाको हो । राणा शासनले निर्माण गरेको सामाजिक र राजनैतिक संरचना वर्गीय कित्ताकाटमा आधारित थियो । समग्र राज्यव्यवस्थाको प्रभुत्व राणाहरूको गोजीमा थियो । यस उपन्यासमा विशेषत सीमान्त व्यक्ति वा समुदायको आवाज र त्यसको प्रतिरोधलाई पनि देखाइएको अमलेन्दु भट्टाचार्य, पण्डितदुर्गानाथ, पीताम्बर, द्वारिका, श्रीवास्तव, रम्भी, पवन, अणु, गणेशी तथा उपकथाका रूपमा गङ्गादत्त, पोष्टम्यान, रामप्यारे आदि कथानकसँग एकान्वित भएर अगाडि बढेका छन् । विशेषतः उपन्यासमा वर्गीय पात्रकै बाहुल्यता बढी रहेको छ भने तिनीहरूका आवज पनि बाहिर आएको देखिन्छ ।

उपन्यासमा पवनका परिवार हजुरबुबाको उपचार गर्ने भन्ने विषयले सहरमा पस्दछन् । उनका बुबा पीताम्बर भरियाको काम गर्दछन् तर पवलाई पढाउने कुरा समस्याको विषय बन्दछ । त्यसपछि पवनले जमिनदारको सिफारिसमा स्कुलको फिस माफ पाएको छ । यो खबर सबै उसका स्कुलका साथीहरूले पनि थाहा पाएका छन् र पवनलाई गरिब केटो भनेर नाम राखेका छन् । जसले शिक्षकमा प्रतिरोधको चेतना जागृत भएको छ । जुन निम्नलिखित सन्दर्भबाट पुष्टि हुन्छ :

> भौंदुमलका छोराहरू शरम लाग्दैन आफ्नो फर्स्ट ब्वायलाई पुअर ब्वाय भन्दा ? धनको तुजुक स्कुलमा देखाउने हो ? यहाँ त विद्याको तुजुक देखाउनुपर्छ मोरा हो,

पढेर मेहनत गरेर पवनलाई तल झार्न सक्छौ  भने झार । तिम्रा बुबाले दुनियाँ ठगेर पैसा बटुलिरहेका होइनन् । आजउप्रान्त कसैले पवनलाई त्यस्तो उच्चारण गरेको सुनेँ भने म तिमीहरूको पिठ्युको छाला गाडेर डमरू बनाउनेछु । शिक्षक ज्यादै जण्ड स्वभावका थिए । सारा क्लास मौन भयो । भन्छौ फेरि ? शिक्षकले गर्जन गरे । (पृ. ६९)

पवन गाउँबाट आएको युवक हो । घरमा हजुरबुबा बिरामी परेकाले आर्थिक रूपमा पैसा तिरेर पढ्न निकै गाह्रो भएकाले साहुको निगाहाले स्कुलमा गएको थियो । तर यही विषयलाई सबै साथीले उसलाई गरिब भनेको सुनेपछि शिक्षकमा रिस पैदा भएको छ । विद्यालय साझा र विभेदरहित स्थान हो जहाँ देशका कर्णधारहरूको निर्माण हुन्छन् तर तिनै संस्थाहरू पनि आजभोलि वर्गीय रूपमा विभक्त हुँदै गएका छन् । जसले निम्न वर्ग शिक्षा लिने कार्यबाट वञ्चित भएका छन् । यहाँ यही वञ्चितीकरणमा परेको पवन स्कुलमा पढ्न आएकोमा खुसी छाएको छ  भने गरिब भनेर गिज्याउने विद्यार्थीलाई डाँटेका छन खासमा यो पनि सामन्त प्रभावको गतिलो प्रतिवाद हो किनकि ती विद्यार्थीहरूमा गरिब मान्छेहरू तल्ला क्लासका हुन भन्ने बुझाइ पारिएको छ । शिक्षकमा पनि हुनुपर्ने प्रगतिवादी आवाज देखिएको छ । फरक प्रसङ्गमा  उच्च वर्गले आफ्नो दबदबा राखिराख्न निम्न तथा श्रमजीवी वर्गमाथि अन्यायका उपगमहरू प्रयोग गरिरहेका हुन्छन् । एक फरक प्रसङ्गमा रेलवे सेवाका कर्मचारी श्रीवास्तवमाथि हातपात भएको छ जसका कारण ऊ डाक्टप्रति आन्दोलित भएको छ जुन स्वर त्यहाँका सम्पूर्ण कर्मचारीको आवाज बनेर आएको कुरा तलको भनाइबाट प्रस्ट हुन्छ :

“सर यस घटनालाई बडो गम्भीर सम्झनुपर्छ । रेलवेका स्टाफलाई भोलि जसले पनि अपमानित गर्न सक्छ । अनि त के रहला हाम्रो इज्जत ?” श्रीवास्त बोल्दै जान्छन् तर अमलेन्दु भ्रष्टाचार भट्टाचार्य मौन छन् । बीचमा एकपटक सुगेजस्तो गरी केही थोपा हुस्की पिउँछन् ।

श्रीवास्त फेरि कोट्याउँछ – “हाम्रो इज्जत हजुरको हातमा छ । यस अपमानले गर्दा म कहिँ मुख देखाउन सक्दिनँ । ड्युटीमा पनि मेरो मन लाग्ने छैन ।”

लोकबाबु अखबारको पाना पल्टाउँछन् –श्रीवास्तव  अलिकति हुस्की पिउँछौं ?

“पिउँदिनँ सर । जसले यति अपमान पिइसक्यो त्यसलाई रक्सीले के छुन्छ म बडो आस लिएर यहाँ आएको छु । मेरो लागि न्याय गरिदिनुहोस् ।”( पृ.८०)

डाक्टर बौद्धिक चरित्रका व्यक्ति हुन् । उनमा अभिजात्यपन पाइन्छ । उनले रेलवेका कर्मचारिहरूमाथि त्यस्तै व्यवहार देखाउँछन् । डाक्टरले टिकट काउन्टरमा काम गर्ने श्रमजीवी श्रीवास्तवलाई हात हालेका छन् । आफ्नो दबदबा बनाएको छन् तर पनि डाक्टरसँग कोही बोल्न सक्दैनन् । यहाँ श्रीवास्तवले सधैँ जसो यस्तो अन्यय हुने कुरा बताउँदै अब सहन नसकिने कुरा मूर्त रूपमा रेलवेका अधिकारी इन्जिनियर अमलेन्दुलाई प्रकट गरेको छ । तर पनि अमलेन्दुले त्यो कुरालाई दबाउन चाहन्छन् । सबै कुरा बुझ्े पनि तात्कालिक आफ्नो हित देखेर उनले श्रीवास्तवलाई विस्तारै भुल्दै जाऊ भनेका छन यद्यिपि श्रीवास्तव त्यहाँबाट थप आन्दोलित हुँदै निराश भएर फर्कन्छ । यसरी अनेकन प्रतिरोधहरू स्वरूप तलको पीताम्बरको भनाइबाट पनि प्रस्ट पार्न सकिन्छ । पवनकै पिताको विचारलाई प्रस्ट पार्दै उपन्यासमा भनिएको छ :

> यही सब कारणले पवनका पिता धनीहरूलाई घृणाको दृष्टिले हेर्छन् । उनी भन्छन् आफ्नो हैसियतभन्दा धेरै माथिका सम्पन्नहरूसँग कहिल्यै उठबस गर्नुहुन्न मैत्री जतिसुकै गहिरो भएपनि सम्पन्न साथी आफ्नो निर्धन भित्रदेखि सदैव सतर्क र सशङकित रहन्छ । हरिण व्याधादेखि चङ्ग रहे जस्तै ऊ भन्ठान्छ धनका धुतारहरू कुनै बेला पनि आपतविपतको रोदन हालेर नयाँ पासो थाप्न सक्छन् । पीताम्बर कहिलेकाहीँ यो पनि भन्थे, “परिश्रम नगरी छदम रूपबाट दिएको दान कहिल्यै स्वीकार गर्नुहुन्न किनभने यस्ता दान अनेक अव्यक्त अभिप्रायले जेलिएका हुन्छन् ।” (पृ.८३)

उपर्युक्त भनाइमा पीताम्बरको प्रतिरोधी चेतना अत्यन्तै प्रखर र पाको रूपमा प्रकट भएको देखिन्छ । अभिजात्य वर्गले निम्न वर्गका मानिसलाई जहिले घृणाको नजरले हेर्ने गर्दछन् भन्दै तिनीहरूले विभिन्न प्रभुत्व जमाउने जालहरू फिजाउने गर्दछन् । कहिले विभिन्न प्रलोभनहरू पनि देखाउने गर्दछन् त कहिले छदम रूपबाट मित्रजस्तै, आफन्तजस्तै बनेर सामन्तहरूले गरिबहरूलाई कठपुतली बनाउने कुराप्रति यहाँ पीताम्बर आन्दोली भएको देखिन्छ । पीताम्बरले आफ्नो छोरामा प्रतिरोधको बिउ रोपेको कुरा देख्न सकिन्छ । उपन्यासमा सहर बन्न नसकेको सहर र सहरिया बन्न नसकेका सीमान्त समुदायलाई पनि प्रस्तुत गरिएको छ । सहरमा ठुला साहु महाजन, साना व्यापरी, खुद्रा व्यापारी तथा

टाँगाहरूको सामन्य चहलपहल पनि उपन्यासमा देखाइएको छ । एक अधबैसे आइमाई टाँग चढ्न नजिक आउँछे र सहरको तथा त्यहाँ बस्ने स्थानीय मधेसमूल समुदायप्रति घृणको भवना अभिव्यक्त गर्छे जुन कुरालाई टाँगावालाले सुन्नै सक्दैन र तुरुन्त यसरी प्रस्तुत हुन्छ :

> टाँगावाला युवक आफ्नो पुर्ख्यौली थलोको अनादर भएकोमा केही उत्तेजित हुन्छ – "आफ्नो इन्द्रासन छाडेर किन आज यस नरकमा पाल्नुभयो त वर्षभरि पसिना बगाएर हलोको मुख र कोदालीको बिँड हातबाट हट्न नदिई यहाँका खेतालाले भित्राइसकेको बाली उठाउन आउनुभएको होला । तपाईं आफ्नो एक दिन मात्र खेतालाको दिनसँग साटेर हेर्नुहोस् अनि थाहा पाउनुहुनेछ उब्जाउनु र सोहोर्नुमा कति फरक रहेछ । हामी तपाईंको अन्नदाता हौं । तपाईंको उच्च संस्कार भव्य पोशाक र भाषाको बनोटमा हाम्रो पसिनाको आशीर्वाद पनि लुकेको छ ।" ( पृ.१११)

यस माथिको एक्कावालाको अभिव्यक्तिले तत्कालीन र अहिलेको पनि नेपालको सामाजिक संरचनालाई बोकेको छ । रातदिन खेतबारीमा काम गर्ने, हलो जोत्ने,  बालीनाली तयार गर्ने श्रमजीवी कृषक हुन्छन् तर आफ्नै पसिनाले उत्पादन गरेपनि वर्षभरि पेट भर्न धौधौ हुने गर्दछ किनकि उत्पादनको सबै खर्च आफूले व्यहोर्दै उत्पदित अन्नको आधा हिस्सा पनि साहुलाई बुझाउनुपर्ने बाध्यता रहेको छ । जुन कुराको वर्गीय चेतना र विद्रोह टाँगावाला युवकमा प्रखर रूपमा आएको देखिएको छ । पोशाक, भाषा र हाउभाउका माध्यमबाटै भएपनि सम्भ्रन्त वर्गले निम्न वर्गमाथि आफ्नो वर्चस्व जमाइरहेको हुने कुराप्रति गहिरो वितृष्ण र विद्रोहको गतिलो जवाफ युवकले पेश गरेको देखिन्छ ।  अर्कोतर्फ साहुको बोरा बोक्न बसेको पीताम्बर अत्यान्तै इमान्दार र कर्मठ तथा विद्रोही देखिन्छ । घरमा श्रीमती बिरामी परेका बेला उसले आत्मसमीक्षा गर्दै आफ्नो विचार अभिव्यक्त गर्दछ :

> "बोरा गन्दागन्दा मेरो त रुचि नै विकृत भइसकेको छ । कहिलेकाहीँ त म आफैलाई विचित्र जन्तु जनावार जस्तो लाग्दछु । मेरो शरीर भित्रको कोमलताको कुण्ड कसले सुकाइदियो किन त्यो रगतमा मिसिएर नाडी तन्त्रसित मुटुसम्म स्वाभाविक सञ्चार गर्दैन । पवनकी आमा मलाई लाग्दछ कुन दिन म सडकमा निर्वस्त्र भएर चिच्याउँदै सूर्यतिर हेरेर जोरी खोज्न पाखुरा निमोट्छु । बादललाई जथाभावी फोहर गाली गर्छु । बगिरहेको बतासमा निरन्तर थुकिरहन्छु र अन्तमा यस सहरको चार दोबाटोमा उभिएर पान खाँदै पिकको बाक्लो धार चिउडोदेखि नाभिसम्म बगाएर

सेतासेता चुनका ठुलाठुला घराहरू धर्काउने गरी हाँस्छु । सृष्टिको अनन्तकालसम्म हाँसिरहन्छु.....।" ( पृ १४५ )

गाउँबाट बाबुको उपचार गर्न सहर पसेको पीताम्बर सहरमा कम्पिनीभित्र भरियाको काम गरेर गुजारा गरिरहेको हुन्छ । सहरमा मौलाएको कालो बजारी, श्रमिकहरूप्रति हुने अन्यायअत्याचार तथा प्रभुत्वशालीहरूले मुठ्ठीमा राखेको सम्पूर्ण अर्थव्यवस्थासँगै निम्न वर्गले सहेको अपमान भोगेर देखेर पीताम्बर पनि वाक्क परेको छ । यहाँ उसले अब सामाजिक अव्यवस्थाप्रति सूर्य, बादल तथा स्वयम् सडक बनेर युगको विद्रोह गर्ने सङ्केत गरेको देखिन्छ । भने अर्कोतर्फ त्यही परिवारमा पीताम्बरका बुबा मृत्युको पर्खाइमा धेरै दिनदेखि रोगसँग लडेर बसिरहेका थिए । उनमा पनि सामाजिक अन्यायप्रति प्रतिरोधी चेतना प्रखर भएर आएको देखिन्छ :

"मृत्यु भयले मानिसलाई आत्मकेन्द्रित गर्दछ  र काँथर तुल्याउँछ । यसले न्यायलाई अङ्गीकार गर्ने र अन्यायको प्रतिकार गर्ने पवित्र मानवीय भावनाको स्मरण हुने मनुष्य भित्र रहेको नैसर्गिक विवेकको झिल्कोलाई ओसिलो तुल्याएर उसलाई उपमानवीय प्राणीको कोटीमा पुऱ्याइदिन्छ । जहाँ पुगेपछि मनुष्य र मनुष्यत्तर जीवजन्तुलाई चेतनाको स्तरमा छुट्याउने प्रयत्न झिनो रेखासम्म मात्र रहन जान्छ । अन्याय जस्तोसुकै होस् त्यसको प्रतिकार नगर्नु मानव संस्कृतिको विकास प्रक्रियालाई कुण्ठित तुल्याउन खोज्नु हो । देशको हित र समाजको असलको लागि अन्यायको विरोध नगर्नु त्यसको पक्षधर हुनु हो । अन्यायमा सहभागिता जस्तो पाप मानिसको लागि अरू कुनै होइन ।"(पृ.२०८)

अन्यायका विरूद्ध शिर ठाडो पारेर बोल्नुपर्ने र दबिएर बस्न नहुने सन्देश जीवनको अन्तिम समयमा दर्गानाथले बोलेका छन् । देवसमशेरसँगै  सर्वस्वहरणमा परेका उनको विचार प्रस्ट देखिन्छ । अन्यायबाट बच्न र प्रतिकार गर्न मृत्युको भयबाट पर रहनुपर्ने विचारले वास्तवमा दुर्गानाथ सच्चा प्रभावशाली, गतिशील तथा प्रगतिशील भएर प्रतिरोधी आवजको प्रतिनिधि बनेका छन् ।

### ४.३.२ घामका पाइलाहरू उपन्यासमा जातीय सीमान्तहरूको आवाज  र प्रतिरोध

*घामका पाइलाहरू* उपन्यासमा समाजका जातीय व्यवस्थाको विषयलाई पनि समावेश गरेको देखिन्छ । समाजमा वर्चस्वशली वर्गले सामाजिक रूढि व्यवस्थालाई

अङ्गाल्दै अमानवीय व्यवहार गर्ने गरेका छन् । सामाजिक, आर्थिक तथा राजनैतिक रूपमा तथाकथित तल्लो जातिलाई किनारीकृत गराउने गरिएको पाइन्छ । त्यसैत समाजले हेपेको परिस्थिति उसैमाथि तिनै सम्भ्रान्तमा भर परेर जीवन गुजारा गर्नुपर्ने बाध्यता रहेको देखिन्छ । उपान्यासमा  काठामाडौंबाट डाक्टर दम्पती सेवार्थ त्यहाँ पुगेका हुन्छन् । डाक्टर त जसोतसो आफ्नो काम गरेकै हुन्छन् तर उनकी श्रीमतीमा भने आफ्नो भूगोलप्रति गौरव र तराईप्रति घृणा रहेको देखिन्छ । त्यस्तै कामगर्ने श्रमिकका पसिना र तराईमा बस्ने मधेसी जातिका मानिसप्रति अपमानजनक भाषा र व्यवहार देखाउँछिन् । जुन कुरालाई उपन्यासमा भोक्ता बनेर  श्रीवास्तवले भनेका छन् :

> "डाक्टरले हाम्रो पानी लिन जाने बाटो बन्द गरिदिए । यो अघि पानी लिन गएको थियो । डाक्टरले हाम्रो धारामा पानी थाप्न अबदेखि नआउनु म मधेसी मोराहरूसित कुनै सरोकार राख्न चाहन्नँ भनेर रित्तै हात फर्काइदिए । त्यो त सरकारी धारा हो । कुन त्यसको बाबुले दाइजो दिएको हो ?"(पृ.७८)

श्रीवास्तव वास्तवमा हकी र स्वाभिमानी स्वभावको देखिन्छ । दुर्गानाथको उपचार गर्न जान नमानेको डाक्टरलाई श्रीवास्तवले प्रस्ट कुरा राखेको छ तर त्यसको बदलामा डाक्टरले हेपाहा प्रवृत्ति देखाउँदै उसलाई झापड हानेको छ ।  डाक्टरकी श्रीमती त झन जातीय विभेदकी केन्द्रीय पात्र बनेकी छन् । मधेसका युवाहरूलाई कथित मधेशी शब्दको प्रयोग गरेर अपमान गरेकी छन् । घारामा पानी थाप्दासुद्ध नदिने  घोर निन्दनीय कार्य गरेको देखिन्छ । जसको प्रतिवादस्वरूप श्रीवास्तवले सिधा रूपमा त्यसको प्रतिरोध गर्दै डाक्टरकी श्रीमतीलाई ठाडो चुनौती दिएको छ । त्यस्तै पूर्व नोकरले पनि काम छोडेर डाक्टरसँग आफ्नो वर्गीय चेतनालाई यसरी अभिव्यक्त गरेको छ :

> "तँलाई अलि बढी धपेडी परेको मलाई थाहा थियो । के गर्छस् मेरी स्वस्नी गर्मी सहन सक्दिन । त्यसैले तँ भागिस् होइन ?" उनी फेरि सोध्छन् । रामधनीले अदबका साथ भने, "मालिक म जातले कहार हुँ । पालकी बोक्नेतर सबैको इज्जत हुन्छ र मालिकनी नाङ्गै जस्तो लडिरहेको म हेर्न सक्दिनँ । बडो कस्तो लाग्थ्यो घाममा डडेर काला भएका छौं भनेर हाम्रो वर्णलाई साह्रै घृणा गर्नुहुन्थ्यो ।" भन्नुहुन्थ्यो, "मोराहरू तिनीहरू भन्दा त पशु बेस ।" (पृ. १०२)

डाक्टरकी श्रीमतीको व्यवहार सहन नसकेर धेरै कामदारहरूले त्यहाँ कामगर्न पनि छोडेका छन् । स्वस्नीले कामदारलाई जातीयताको आधारमा अथवा क्षेत्रीयताको आधारमा रङ्गको आधरमा विभेद गरेको  डाक्टरलाई पनि थाहा थियो तर पनि त्यतिसारो सम्झाउन सकेको छैन । घरमा काम गर्ने पूर्व नोकर जो जातको रूपमा कहार रहेको छ भने वर्णमा स्वाभाविक कालो वर्णको रहेको छ । त्यसैलाई आधार बनाएर हेपेको प्रसङ्ग निकालेर उसले डाक्टरलाई हाम्रो पनि इज्जत हुन्छ त्यसरी स्वाभिमानमा चोट पुगेको मैले हेर्न र भोग्न सकिनँ भन्दै घर छोडेर आफ्नो अस्तित्व खोजेको देखिन्छ जुन विचारको जग नै प्रतिरोधी विचारधारा हो ।

### ४.३.३ *घामका पाइलाहरू* उपन्यासमा लैङ्गिक सीमान्तको आवज र प्रतिरोध

सांस्कृतिक अध्ययनको एक महत्त्वपूर्ण पक्ष लैङ्गिक आवाज र प्रतिरोध पनि हो । यस सन्दर्भमा *घामका पाइलाहरू* उपन्यासमा लैङ्गिक सीमान्तीयताको उपस्थिति देख्न सकिन्छ । उनीहरूका आवाज विभिन्न तवरबाट अभिव्यक्त भएको पाइन्छ । पुरुषवादी समाजमा महिलाहरू प्रताडित भएर चुलो चौकोमा सीमित भएर अवाक भएर बस्नु परेको छ । एकातर्फ पितृसत्ताको दमनात्मक उपहार भने अर्कोतर्फ महिलाले महिलालाई नै गर्ने लैङ्गिक विभेदको पराकाष्ट समाजमा विद्यमान पाइने गर्दछ । पुरुष सत्ताको गलत अभ्यासलाई महिलाले पनि अनुशीलन गर्दै गएर समाजमा लैङ्गिक विभेदको स्वरूप विकराल भएको देख्न पाइन्छ । यस्तो अवस्थामा महिलाहरू पुरुष केन्द्रित संस्कृतिको संरक्षण गर्दै बोल्न नसकेको स्थिति उपन्यासमा देखिन्छ भने अर्कोतर्फ आफ्ना आवाजहरूलाई विभिन्न तरिकाबाट प्रकट गरेको पनि पाइएको छ । लैङ्गिक विभेद अन्याय र अत्याचारका विरूद्ध आफ्नो अस्तित्वलाई कायम राख्न महिलाहरूले सहेर बस्ने होइन त्यसलाई बाहिर प्रकट गर्नुपर्छ भन्ने मनाशय पात्र मार्फत लेखकको रहेको देखिन्छ ।

सीमान्त वर्ग आफैलाई बोल्नुपर्छ भन्ने पनि कतिपय अवस्थामा थाहा हुँदैन । त्यस्तो अवस्थामा कसैले वा सचेत वर्गले त्यसको प्रतिनिधित्व गरिदिनुपर्छ । उपन्यासका प्रमुख स्वाभिमानी पात्र पीताम्बर सचेत महिलालाई कुनै किसिमको दमनमा राख्नुहुन्न भन्ने मान्यता बोकेको देखिन्छ । उनी महिलाको भावना बुझ्ने कुशल श्रीमान्को रूपमा उपन्यासमा आएका छन् र महिलाकै आवज पनि बनेर प्रस्तुत भएको कुरा तलको भनाइबाट देखिन्छ :

> तह नलगाएर छरपस्ट भएको धुस्रो फुस्रो कपाल,पसिनाले निथ्रुक्क भिजेको चोलो र मैलो धोतीमा एक मुठी शरीर बनेर उभिएकी पत्नीलाई देखेर पीताम्बर एक्कासि कराउँदथे, "यो के रूप बनाएकी तिमीले ? चारजनाले देखे भने के भन्छन् मलाई ? स्वास्नीलाई कमारीभन्दा पनि हेला गरेर राखेको छ । कति पटक भनैं साबुन दलीदली नुहाउने गर, तिमी नजिक आयो भने मलाई ह्वास्सै काँचो मसला गनाउँछ । तिमी मानिस हौ कि पञ्चपाले ।" (पृ .१२२)

समाज पुरुषवादी रहेता पनि पीताम्बर भने प्रगतिशील व्यक्तित्वको रूपबाट उपन्यासमा देखिएको छ । खासमा परिस्थितिले बाँधिएर पूर्णरूपमा कान्तिकारी हुन सकेको छैन् । उसले भारी बोक्ने काम गर्नुपरे तापनि पीताम्बर पितृसत्ताको विरूद्धमा रहेको देखिन्छ । पीताम्बरले नचाहँदा पनि उसकी श्रीमती अत्यन्तै परम्परागत हुँदा जहिले पनि पीताम्बरले फरक मत राख्ने गरेको देखिन्छ । श्रीमती घरयासी भैदिँदा परम्परागत रूपबाट चुलोचौको गन्ध लिएर बाहिर भित्र गर्दा उसलाई पटक्कै मन पर्दैन । उसले आफ्नो श्रीमतीलाई स्वतन्त्र भएको सजिएको घरबाट केही बाहिर निस्किएको हेर्न चाहन्छन् । मसला जस्तै सिलौटोमा पिसिएको ऊ हेर्न चाहँदैन । उसले आफ्नो श्रीमतीलाई कमारी भन्दा पनि स्वावलम्बी नारीको रूपबाट रूपमा देख्न चाहन्छ । जुन कुरा उपन्यासमा पीताम्बरको आवाज बनेर आएको छ । एक फरका प्रसङगमा पीताम्बरलाई भारतीय स्वतन्त्रताको विषय उठाउँदै द्वारिकाले महिलामा हुने उच्च त्यागलाई यसरी प्रस्तुत गरेका छन् :

> "पीताम्बरजी, पवित्र उद्देश्यको प्राप्तिको लागि दूषित साधना पनि प्रयुक्त गर्नु दोषयुक्त हुन सक्दैन । गएको विश्वयुद्धमा आफ्नो देशको स्वतन्त्रताको रक्षाको लागि कैयौं देशभक्त कुमारी केटीहरू शत्रुपक्षमा गएर विषयावृत्ति अपनाई र शत्रुका अनेक घातक योजनाको पूर्वसूचना पठाएर आफ्नो देशको स्वतन्त्रताको रक्षा गर्न समर्थ भए । त्यस्ता महिलालाई के तिमी अनैतिक आचरण भएको भन्छौ ? ती त सम्पूर्ण देशबासीको लागि प्रातःस्मरणीय पार्वती र सीता समान हुन् ।"(पृ.१६५)

वास्तवमा कहिलेकाहीं क्रान्तिको स्वरूप अलि विद्रुप किसिमको हुन्छ । इतिहासमा यस्तो देखिने पनि गरेको छ । विश्वयुद्धको प्रसङ्ग ल्याउँदै द्वारिकाले राम्रो उद्देश्य प्राप्तिका निम्ति कहिलेकाहीं नराम्रो काम पनि गर्न अगाडि बढ्नुपर्छ भन्ने सन्दर्भमा विश्वयुद्धमा विजयी बनाउनका निम्ति त्यहाँका महिलाहरूले आफ्नो कायालाई लिलामी गरेको प्रसङ्ग

उठाइएको छ । विस्तारवादी सैनिकहरू व्यभिचारी थिए । राम्रा युवतीहरूलाई लगेर जबरजस्ती करणी गर्थे । उनीहरू साम्राज्यवादी मात्रै थिएनन् यौन पिपासु पनि थिए भन्ने कुरा माथिको कथनबाट प्रस्ट हुन्छ । वास्तवमा यही गलत प्रवृत्तिलाई समाउँदै भारतीय महिलाहरूले  देश स्वतन्त्र भयो भने हामी स्वतन्त्र हुन्छौं  किनकि देश सबैभन्दा पहिलो स्वाभिमान हो भन्ने भावना राखेर  दुई चार महिला नरहँदा के हुन्छ भन्दै शरीर अङ्ग्रेजलाई सुम्पिएर देशको स्वतन्त्रता सङ्ग्राममा महत्त्वपूर्ण भूमिका खेलेको देखाइएको छ । यहाँ महिलाको प्रतिनिधिमूलक प्रयास, प्रतिरोध र समग्र उन्मुक्तिमा महत्त्वपूर्ण योगदान दिएको दृष्टान्त प्रस्तुत भएको छ । अर्कोतर्फ समाजमा महिलाहरू उन्मुक्त भएर विचरण गर्नुपर्छ भन्ने आशयमा उल्लेख गरिएको छ :

> अणु कुनै सङ्कोच नमानी एउटा बेन्चको छेउमा गएर के बसेकी थिइन् । अरू बसेकाहरू बिजुलीको झड्का लागे जस्तै गरी उठेर त्यस बेन्चलाई रित्तो पारी एकछत्त अणुका लागि छाडिदिए । पवन साथै गएर बस्यो । चिया पसलेले ग्राहकलाई भन्यो, “लौ जो जो चिया खाइसक्नुभएको छ पैसा तिरेर पाल्नुहोस् । जो खान बस्नुभएको छ उहाँहरूले मेरो पसलमा आउनुभएकी मैयाँको विचार गरी शिष्टतापूर्वक कुराकानी गर्नुहोस् । म बीस वर्ष कलकत्ता बसैं । त्यहाँको लागि यो अति साधारण कुरा हो, महिला-पुरुष आउँछन् तर यस शहरको कुरै नगर्नुस् ।” (पृ.११६)

उपन्यासको समाजभित्र चिया पसलमा बजारमा होटलमा महिलाहरू गएर बस्ने खाने र गफिने गर्ने परम्परा छैन । वास्तवमा यहाँ अणु स्वाभाविक रूपबाट चिया पसलको बेन्चमा गएर बसेकी छन् । उनी बसेको देखेपछि सबै पुरुषहरूले फटाफट आफू बसेको ठाउँबाट करेन्ट लागेको जस्तै भागेका छन् । अणु भने निसङकोच त्यहाँ गएर बसेकी देखिन्छ । चियापसलेको अभिव्यक्तिबाट अझ थप के थाहा लाग्छ भने त्यो गाउँमा महिला कोही पनि बाहिर ननिस्कने र निस्किन पनि नदिने कुरा बताएको छ । सबैजना भागाभागको जस्तो स्थिति देखिन्छ । यता अणुको उन्मुक्त हाँसो र समान व्यवहारले स्त्री जातिको प्रतिनिधित्व गर्दै उनीहरूको आवाजलाई व्यवहारबाट स्वाभाविक रूपबाट प्रस्तुत गरिएके छ । वास्तवमा बोलिनु मात्रै आवाज होइन औंला ठड्याउनु मात्रै प्रतिकार होइन, यहाँ अणुले व्यवहारबाट सामाजिक कुपरम्पराको विरोध गर्दै स्वाभाविक रूपमा अगाडि बढेको देखिन्छ । यता अणु आफ्नो दिल फुकाएर हाँस्दा पनि समाजलाई अफठ्यारो हुने कुरा उपन्यासमा

आएको छ तर अमलेन्दु भने अणुको हाँसो अझ सशक्त भएर आउनुपर्ने कुरा व्यक्त गर्दै भन्छन् :

> "बेबी, के कुराले गर्दा हाँसेकी, मलाई पनि त्यस ठट्टाको अंशियार तुल्याउनौं । हो, यसैगरी हाँस्नुपर्छ, उन्मुक्त र स्वतन्त्र । पहाडबाट ठुलो बेगले फाल हाल्दै तल झरेको छहरा जस्तो । स्वास्थ्यको लागि यो भन्दा ठूलो पोष कुरा केही छैन ।" लोकबाबु वेतको मेच हालेर हरियो चौरमा 'अमृत बजार' पत्रिका लिएर बसेका थिए बडो प्रसन्न र खेलाँचीको मुडमा । (पृ.११८)

अमलेन्दु प्रशासक र अनुभवी इन्जिनियर हुन् । बङ्गालबाट आएको इन्जिनियर बङ्गालको सामाजिक परम्परामा महिलाको स्थिति नेपालको भन्दा अत्यन्तै सशक्त रहेको कुरा उपन्यासमै उल्लेख गरिएको छ । तत्कालीन अवस्थामा महिलाहरूले स्वतन्त्र रूपबाट उन्मुक्त जीवन जिउन नपाएको स्थितिलाई यहाँ देखाइएको छ । अमलेन्दुले आफ्नो छोरी अणुलाई अरूलाई सिधा बताउँदै भनेका छन् कि अब हाँस्ने जमाना हो । अब मनमा आएको कुरा बोल्नुपर्छ । अन्याय, असत्य र अधर्मको पक्षमा उन्मुक्त आवाजहरू उठाउनुपर्छ । ठूलो पहाडबाट झरेको झरना जस्तै ठूलो शक्ति राखेर तिमी एउटा बलियो मान्छे बन्नुपर्छ भनेर सम्झाउने र बुझाउने गरेका छन् । समाजको सीमान्त पात्रहरूको आदर्श प्रतिनिधित्व गरेकी अणुको आवाजलाई उनका बुबाले बोलेर बाहिर ल्याएका छन् । यहाँ बुबाले सीमान्तको आवज बोलेको देखिन्छ भने अणु सोहीअनुसार हाम्रो जस्तो पितृसतात्मक समाजको निम्ति क्रान्तिकारी मसाल हुन् ।

समाजमा पुरुष भनेपछि ठुलो साहसभएको र बहादुर भनेर हेर्ने गरिएको कुरा देखाउँदै महिलाहरूले त्यसको उपहास गरेका छन् । पितृसत्ताले महिलालाई नामर्द र शक्तिहीन रूपमा अर्थ्याएको पाइन्छ भने उनीहरूले दुसाध्य कार्य गर्न नसक्ने भन्ने कुप्रचलन विद्यमान छ तर उपन्यासमा यही धारणामा हुर्केका महिलाले आफ्नो असन्तुष्टि पोख्ने सत्य कुरा अभिव्यक्त गर्ने मौका यसरी पाएका छन् :

> "एउटी अबलाको ज्यान लाग्न जान लाग्दा पनि उभिएर रमिता हेरिरहने नपुंसकहरूलाई धिक्कार छ । आफ्ना स्वास्नीहरूको पेटिकोट भित्र सुरक्षित भएर बस्न जाऊ । जसले यसको ज्यान जोगायो त्यो मर्द मात्र होइन, हामी सबैका लागि देवता समान हो । हामी सबै तिमीलाई आशीर्वाद दिन्छौ । दुःखी र असहायलाई

> सहयोग गर्न तिम्रो आयुर्दा हजारौं वर्षसम्मे रहिरहोस् ।" जतिजति प्रकाश बढ्दै जान्थ्यो आइमाईहरूको घुम्टो त्यही अनुपातमा निधार, आँखा र अब नाकसम्म झर्दै आइसकेको थियो । (पृ.१६७)

परम्परागत समाजमा महिलाहरू आफ्नो अनुहार अनि आफ्नो काय सम्पूर्ण रूपबाट ढाकेर हिँड्नुपर्ने बाध्यता रहेको कुरा देखाइएको छ । तर वास्तवमा त्यो छोपाई भित्र ठूलो प्रतिरोधको आवाज रहेको कुरा देख्न सकिन्छ । महिला नुहाउन पोखरीमा पुगेको प्रसङ्ग र त्यहाँ एकजना महिला पानीमा डुबेर मर्न लाग्दा कोही पुरुष हाम फालेर जोगाउन गएको छैन । यसक्रममा महिलाले पुरुषलाई आफ्नो मनभित्रको सम्पूर्ण भावना निकाल्दै आक्रोश व्यक्त गरेको पाइन्छ । पुरुषलाई बहादुर र मर्द भनेर समाजले व्याख्या गरेको छ । सन्तान उत्पादनको क्षमताको निर्णय पनि पुरुषको रसमा निहित हुने कुरा समाजमा परम्परित छ भने अर्कोतर्फ जो पुरुष हुतियारा छ त्यो महिलाको पेटिकोट वा सारीमुनि बस्छ भन्ने कुउक्ति समाजमा रहेको कुरा माथिको महिलाको आक्रोशपूर्ण अभिव्यक्तिबाट प्रस्ट हुन्छ । तथापि माथिको आक्रोशमा सामान्य पुरुषलाई गाली गरेको देखिए तापनि यसमा प्रयोग भएका शब्द र विम्बले पितृसत्तात्मक समाजको प्रतिछायाँ र आवाजलाई प्रतिनिधित्व गरेको छ ।

लोकोबाबु रेल सेवाका प्राण मानिने प्रशासक हुन् । उनको स्वभाव कामदारको लागि सामन्ती प्रकृतिको देखिन्छ । एकदिन उनी बिरामी परेपपछि भने त्यही सेवालाई आधार मानेर जीविकोपार्जन गरिरहेका सबैमा भूकम्प गएको छ र घरका महिलाहरूमा पनि जीवनप्रतिको आशावादी आवाज प्रकट भएको देखन्छ :

> लोकोबाबुले आफ्नो प्राणभन्दा पनि प्यारो तुल्याएर हुर्काएको रेलवे यदि उहाँको अनुपस्थितिमा अनियमित र अव्यवस्थित हुन गयो भने हाम्रो लागि योभन्दा धिक्कारको कुरा के हुनेछ । जुन रेल्वेको नुन खाएर हामी आफ्नो परिवारको लालनपालन गरिरहेका छौं । त्यसलाई नष्टभ्रष्ट अवस्थामा हुन दिनु हाम्रो लागि साह्रै अनैतिक हुन जानेछ । ड्युटीमा तैनाथ त हाम्रा पुरुषहरू नै रहलान् । त्यो हाम्रो क्षेत्र पनि होइन तर तिनीहरूलाई समयमा खानेपिउने व्यवस्था गर्ने उर्दीका पहिरनहरू टकिटकाउ तुल्याइराख्ने र तिनको मनमा घरको चिन्ताको कुनै धर्सो पनि पर्न नदिने काम हाम्रो हुनेछ । हाम्रो यस सानो सहयोगले निश्चय पनि ती आफ्नो कार्यक्षेत्रमा दोब्बर जाँगर र मेहनतका साथ आफ्नो कार्य गर्न सफल हुनेछन् । (पृ.१८२)

लोकोबाबु बिरामी परेपछि रेल्वेको सम्पूर्ण पद्धति बिग्रिन आँटेको कुरा सम्पूर्ण महिलाले अनुमान गरेका छन् । वास्तवमा यहाँ अब ध्यानपूर्वक अगाडि नबढ्ने हो भने रेल नचल्न पनि सक्छ भन्ने निष्कर्ष महिलाहरूले निकाल्दै सीमान्तकृत महिलाहरूको साझा आवाज बनेर सामूहिक आवाज बाहिर आएको छ ।  रेल सेवामा आफ्ना श्रीमान्हरू काम गर्ने र घरको चुलोचौको चलेको र हातमुख जोड्न पाइएको कुरा अभिव्यक्त गर्दै महिलाहरू अब हामी पनि सहयोगी बन्नुपर्छ भन्दै अगाडि बढेको देखाइएको छ । सधैँ घरको चुलोचौको गरेर बस्ने महिलाहरूले रेलवे सेवाको साझा मुद्दामा सामूहिक स्वर बनाउँदै अब पुरुषलाई कुनै चिन्ता नदिने र आफ्ना श्रीमान्हरूमा कामप्रतिको दोब्बर जाँगर र मेहनत लगाउन सक्ने ऊर्जा थप्ने निर्णय गरेका छन् । जुन कुरा आफैमा प्रगतिशील र गतिशील आवाजको र कदमको रूपमा देखिन्छ । अर्कोतर्फ एक फरका प्रसङ्गमा दुर्गानाथले महिलावादी विचार अभिव्यक्त गर्दै रम्भी बुहारीलाई भनेका छन् :

> "बोलचालमा भुल हुने ? तपाईंलाई भेट्टाउने कोही आइमाई छैन । तपाईं किन आफूलाई हीन समझनुहुन्छ ?" पवन भन्छ ।
>
> "कुवाको भ्याकुता भएर घरमा कति बसिरहन्छ्यौ ! सो बाहिरको संसार पनि त हेर, तिमीमा त यति गहिरो ज्ञान भरिएको छ कि कहिलेकाहीँ म पनि लज्जित हुन्छु । तिम्रो बिछट्ट बुद्धिका कुरा सुनेर पीताम्बर तिमीलाई बराबर पण्डितनी बजै भन्दछन् ।" बाजे कठबार भित्रबाट भन्नुहुन्छ । (पृ.१९३)

पीताम्बरका बुबा दुर्गानाथ जीवनको कथाले किनारामा पुऱ्याएका व्यक्ति हुन् । तथापि उनमा प्रशस्त रूपबाट मानवीय भावना र उदार सोच रहेको पाइन्छ । उनी आफ्नो परिवारभित्र महिलाहरूको स्वतन्त्रताको पक्षमा उभिएका छन् भने समाजमा अन्यायको विरोध गर्ने एक प्रतिकारी व्यक्तिको रूपबाट देखिएका छन् । आदर्श पुरुष र प्रतिष्ठित व्यक्ति दुर्गानाथले आफ्नी बुहारीलाई यताउता समाजको पनि ज्ञान राख्न आग्रह गरेका छन् । कुवाको भ्याकुतो जस्तै घरमा नबस्न भनेका छन् । जुन कुरा पितृसत्तात्मक समाजलाई बोकेर हिँडेकी र उनी जस्तै अन्य महिलाका निम्ति प्रगतिवादी आवाज बनेको देखिन्छ ।

### ४.३.४  यहाँदेखि त्यहाँसम्म उपन्यासमा वर्गीय सीमान्तहरूको आवाज  र प्रतिरोध

समाजको आर्थिक, सामाजिक तथा राजनैतिक व्यवस्था उच्च वर्गबाट निदेर्शित हुन्छ । उनीहरूको अन्याय, अत्याचर, शोषण र दमनको शिकार निम्नवर्ग परिरहेका हुन्छन् ।

केही समय नबोले पनि ती आवाजहरू विस्तारै बाहिर आउन थाल्छन् र एउटा स्वरूप ग्रहण गर्दछ जुन आवाज नै वर्गीय आवाज तथा प्रतिरोध बन्दछ । सामन्तीले समाजमा विभिन्न शोषणका र दबाबका प्रपञ्चहरू रच्ने कुरा तलको कथनबाट प्रस्ट हुन्छ :

> गजाधार पण्डितले वाक्य नटुङ्ग्याउँदै पार्वतीले त्यसलाई चुँडालिदिन्छिन् । "कसको शत्रु ? केको शत्रु ? गाउँ गाउँका सोझा मानिसलाई केही थाहा छैन । यो सब तपाईँहरू र त्यस भद्रेको प्रपञ्च हो । यस्ता जालमाले कुरा गरेर पार्वती सहन सक्दिन । यस ठालु भद्रनाथको शत्रु भयो भन्दैमा गाउँभरिको शत्रु हुन गया ? भद्रनाथको भकारी भरिको धान चामल सबैको आहारा हुन सक्दैन भने उसको शत्रु सबैको शत्रु कसरी हुन सक्छ ?" (पृ.९७)

समाजमा उच्च सम्भ्रान्त वर्गले जहिले पनि निम्न वर्गलाई दमनमा राखेको हुन्छ । समाजमा रहेका किसान, श्रमिक, भरिया, बेसहाराहीन मजदुर अथवा महिलामाथि यस्ता वर्गले जहिले दमन गरिरहेका हुन्छन् तर ती निम्न वर्गहरूले खुलेर विरोध गर्न सक्दैनन् । यसै बीचमा समग्रताको प्रतिनिधित्व गर्दै दमनको पनि हद नाघेपछि अतिमा अत्याचार भएपछि लास पनि प्रतिरोधमा उत्रिन्छ भन्ने कथन रहेको छ । माथिको प्रसङ्गमा पार्वती भद्रनाथसँग अत्यन्तै चिडिएकी छन् र आफ्नो प्रतिरोधको आवाजलाई बुलन्द गरेकी छन् । भद्रनाथले भकारीभरि धान चामल राख्ने आम सर्वसाधारण र गाउँले भोकै बस्ने ! उसको धान कसैको हुन नसक्ने तर उसका शत्रु सबैका शत्रु हुने भन्दै ठालु महाजन भद्रनाथको विरोध गरेकी छन् । यो सबै गरिब गुरुवाहरूलाई युद्धमा अगाडि सारेर वा लडाइँमा अगाडि धकेलेर पछिपछि आफू ठुलो हुने प्रपञ्च मात्रै हो भन्दै पार्वतीले प्रतिरोधको आवाज बुलन्द गरेकी छन् । कथाकै  सिलसिलामा पवलाई भाकी गुरुले वर्चस्वशाली वर्गका पात्र र चरित्रलाई अर्थ्याउँदै सम्झाएका छन् :

> गुरु लाउके भनेको, के कताबाट आयो यो शब्द ?
> "मलाई लाग्छ यो संस्कृतको उलुक शब्दबाट अक्षरको साटफेर भई आएको हो । अर्थात उल्लु ती उल्लुजस्तै त हुन नि मालिकले जतिसुकै असत्य बोले पनि त्यसको प्रतिरोध गर्न सक्दैन ।" भाखी गुरुले अर्थ्याएपछि पवनलाई हेक्का भयो । गुरुले भाषामा रफत गरेका रहेछन् र पो त यिनलाई भाखी गुरु भनिएको छ । (पृ.२८१)

माथिको भनाइबाट समाजमा जमिनदार नाइकेहरू आफ्नो प्रभुत्व जमाएर बसिरहेका हुन्छन् भने त्यसलाई चुपचाप सहन बाध्य हुने श्रमजीवी वर्ग जहिले पनि दलहन सहेरै बसेको हुन्छ । मालिकले जतिसुकै नराम्रो कुरा बोले पनि त्यसलाई समर्थन गर्नुपर्ने निरीह बनेर पक्षमा उभिनुपर्ने किन भन्ने प्रश्न यहाँ भाखी गुरुले गरेका छन् । व्यञ्जनात्मक तरिकाबाट हेर्ने हो भने कसैले पनि प्रतिरोध गर्न सक्दैनन भन्ने मनशय व्यक्त गरेबाट समाजमा अस्वाभाविक रूपबाट दमनात्मक परिस्थितिको सिर्जना गरेर उच्चवर्गले निम्न वर्गलाई दबाइ राखेका हुन्छन् भन्ने कुरालाई प्रश्नात्मक तरिकाबाट भाखी गुरुले अर्थ्याएका छन् । जुनबाट भाषाका विद्वान् व्यक्तित्वले विरोध स्वरूप अभिव्यक्त भएको बुझ्न सकिन्छ । भाखीको शिष्य कृष्णत्रे पनि समाजको सामान्ती र शोषकीय प्रवृत्तिबाट आजित भएका छन् र भनेका छन् :

> "यो मुर्की नदीको पानीको प्रत्येक थोपा यस गाउँको प्रत्येक धुलाको कण मेरो पनि सबै सरह हक छ ।  यो गाउँ छाडेर जा भन्ने कसको तागत छ ? म हेरूँ त कसले यस गाउँको सीमाना कटाउँदो रहेछ ? मलाई ग्वालियर महाराजको दरबारमा ठूलो मान दिएर राख्ने प्रस्ताव गरेका थिए । मैले झलझली आफ्नो यो सानो गाउँ सम्झेँ । मैले भनिदिए संसारको कुनै पनि सुखको प्रलोभनले पनि मलाई आफ्नो गाउँको धुलो र हिलो बिर्साउन सक्दैन । मेरो रक्तकोषको संरचना यही गाउँका सबै तत्त्वहरूको समिश्रणबाट भएको छ । म अन्यत्र न बाँच्न सक्छु न आफ्नो कलाको विकास गर्न सक्छु । अत सबै त्याज्य ठानेर काँधमा फगत एक तानपुरा बोकेर बारा जिल्ला चेरावन प्रगन्नाको यस गाउँमा आइपुगेँ । तर माता सरस्वतीको उपर असीम छ  । अन्याय र धम्की धमासबाट म डराउने होइन । मलाई यस गाउँको बाट गलहत्याउनका लागि दूरभिसन्धिको रचना गर्ने त्यो भद्रे आओस् मेरो सामु म जुध्न तयार छु ।  देओस् मलाई यातना जति दिनु छ,  म आफ्नो थलो यो गाउँ छाडेर कहिँ जाने होइन । अब मलाई कुनै शक्ति छैन रोक्न सक्ने ।" (पृ. ३०७)

भद्रनाथले कृष्णात्रे बस्ताकोटीमाथि गरेको अन्याय अत्याचार अब उनले सहन नसक्ने अवस्थामा पुगेको देखिन्छ । उनले परम्परागत सामन्ती व्यक्ति जो भद्रनाथप्रति गहिरो विद्रोहको भावना राखेका छन् ।  उनी जङ्गिदै प्रस्तुत भएका छन् । यो मुर्की नदीको प्रत्येक पानीको थोपासँग मेरो रगतको थोपाको सम्बन्ध रहेको छ र यहाँको माटोसँग मेरो मुटुको सम्बन्ध रहेको छ भन्ने भावाशय व्यक्त गर्दै आफ्नो गाउँ छोडेर कहीँ नजाने र जस्तोसुकै

प्रलोभन दिए पनि यही ठाउँमा बसेर रमाउने उनले प्रण गरेका छन् । उनलाई सङ्गीत सुनाएर संसारलाई लट्ठ बनाउने विभिन्न प्रस्ताव नआएका होइनन् तर उनले सम्पूर्ण कुरा त्यागेर गाउँलाई नै रोजेको देखिन्छ । उनले आफूमा सम्पत्ति नभए पनि सरस्वतीको बास रहेको बताउँदै अब कुनै पनि अन्याय, अत्याचार र धम्की धमासबाट नडराउने कुरा बताएका छन् । आफूलाई गाउँबाट निकाल्ने कुरा सुनेपछि मलाई कसले निकाल्न सक्छ भनेर विद्रोहत्मक भावना प्रस्तुत गरेका छन् ।

### ४.३.५ यहाँदेखि त्यहाँसम्म उपन्यासमा जातीय सीमान्तहरूको आवाज र प्रतिरोध

नेपाली समाजमा जातव्यवस्था विकराल समस्याको रूपमा संस्थागत भएको देखिन्छ । दमन र शोषण चरम बिन्दुमा पुगेपछि तथाकथित निम्न वर्गका आवाजहरू पनि आन्दोलित हुन्छन् जुन कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "लौ न मर्न लागें भाँखी काका, पेट दुखेको अहिल्यै मुर्छा परुँला जस्तो भइरहेछ ।" त्यहीबेला सेते दमाई रुँदै भाकी काका कहाँ आउँछ । "लोभी दमाई हरेक भोजभतेर तैले भ्याउनुपर्छ खानेबेला आँखा देखेन अहिले रुँदै कराउँदै म कहाँ आउँछ । कहिल्यै पेट हेरिस आफ्नो ? त्यो तैंले बजाउने दमाहा जस्तो भएको छ । ल्या हेरूँ यता ।" भाखी गाली गर्दै पेट छाम्न अगाडि सर्छन् । सेते दमाई छाम्न दिँदैन । छोइन्छ भनेर केही पाइला पछि घचेटिन्छ । "हेर सेत यहाँ छोइछिटोको विठ्याङ छैन न तँ दमाई होस् म बाहुन यहाँ त एक रोगी होस् र म वैद्य ।"(पृ.१६४)

उपन्यासमा अभिजात वर्गका पात्रहरूसँगै तथाकथित तल्ला वर्गका जातजातिका मानिसहरूको पनि उपस्थिति रहेको देख्न सकिन्छ । त्यस्तै यहाँ पनि सेते दमाई र दमिनीको भूमिका उपन्यासमा देख्न सकिन्छ । पेट दुखेर सेते दमाई भाखी गुरुकोमा पुग्छ र आफ्नो पेट दमाहा जस्तो भएको कुरा बताउँछ । भाखी गुरुले पेट छाम्न थाल्दा सेतो दमाईले छाम्न दिन्न किनभने छोइछिटो चल्छ भनेर । नचल्ने तपाइँ र म तपाईंलाई छुन सक्दिनँ भन्ने भावाशय उसले व्यक्त गर्छ । समाजमा तल्ला वर्गका जातिलाई हेलाहोचो गर्ने, छोइछिटो गर्ने, बोल्न नदिने, सामाजिक सहभागिता बहिष्कार गर्ने, बहिष्कृत गराउने, सामाजिक संस्कार र संस्कृतिमा अछुत बनाएर परै राख्ने जस्ता कुपरम्पराहरू ब्राह्मणवादी अथवा अभिजातीय वर्गहरूबाट विकसित भएको संस्कृति हो । सोही संस्कृतिको विरोध गर्दै भाखी गुरुले यस्तो नचाहिने कुरा आफूसँग नगर्न र म सबैको डाक्टर हुँ भन्ने परिचय

प्रतिरोधात्मक तवरले दिएका छन् । म बाहुन पनि होइन, म ठूलो व्यक्ति पनि होइन, यतिखेर तिमी बिरामी हौ र म डाक्टर हुँ  भन्दै एउटा उदार शिक्षित विचार बोक्ने आदर्श व्यक्तिको रूपबाट अगाडि आएको देखिन्छ । जातीय प्रतिनिधित्वको लागि कहिलेकाहीँ सजातीय व्यक्तिले प्रतिनिधित्व गर्न नसक्दा बौद्धिक सचेत र जागरुक अन्य वर्गले यसको प्रतिनिधित्व गर्नुपर्ने कुरा यस सन्दर्भले प्रस्ट पार्दछ ।

### ४.३.६ यहाँदेखि त्यहाँसम्म उपन्यासमा लैङ्गिक सीमान्तहरूको आवाज  र प्रतिरोध

पितृसत्ताले समाजमा महिला र पुरुषका भूमिकालाई सीमित बनाएको छ । जसबाट महिलाहरू अत्यधिक उत्पीडित भएको देख्न सकिन्छ । समयको परिवर्तनसँगै ती शोषणका चरणहरू उच्छेदन गर्न विभिन्न आवजहरू र प्रतिकारहरू निर्माण हुँदै जान्छन् जुन कुरा उपन्यासमा पनि यसरी प्रस्तुत गरिएको छ :

> "पवन, लैजाऊ तिम्रो मानिसलाई गाउँको सिमानासम्म छाडेर आऊ । यी पानी मरुवा छेराउटीका छोराहरूमा कति ह्याउ रहेछ म हेर्छु । आफ्नो बाबुको चोखो बिउबाट जन्मेका हौ भने छोइ मात्र देओ । तिमीहरूलाई आज मुला जस्तै काटी तिम्रा टाउकोहरू उनेर घुँडासम्मको माला लगाउनेछु र  तिम्रो तात्तातो रगत अञ्जुलीले पिउनेछु । आज म गाउँकी पार्वती होइन ।" क्रोधको प्रचण्ड आवेगले उनको सम्पूर्ण शरीर थरथर कामिरहेको थियो । आँखा राताराता भएर त्यसबाट ज्वाला निस्किरहेको जस्तो देखिन्थ्यो र मुखबाट फिँज आइरहेको थियो । डम्म दोहोरी जिउ भएकी केही अग्ली र गोरी पार्वतीले विकराल रूप देखेर जुम्लेहा ठिटाहरू अलमलमा परे । पार्वतीलाई लछारपछार पार्दै त्यस मानिसहरूसम्म पुग्नु अब ज्यादै कठिनको कुरा थियो । (पृ. ९२)

असुर्फी साहुका मानिसहरू पवनलाई छोड्न गाउँसम्म आइपुग्छन् तर गाउँलेहरूले असुर्फी साहुका मानिसलाई वा पवनलाई छोड्न आएका मानिसलाई पिट्न खोज्ने र यसै र उसै रित्तै नपठाउने भन्दै घेरा हाल्न थाल्छन् । यसै क्रममा पार्वती यी दुई गाउँ बिचको दुश्मनीका विरुद्धमा आउँछिन् । उनले त्यस गाउँका सारा मानिस भद्रनाथको उक्साहटमा लागेको देखेर उनमा क्रोधको सिर्जना हुन्छ । सामन्त र अर्को सामन्त दुईजना लड्दा आम सर्वसाधारणलाई सिकार बनाएकोमा उनले दुःख व्यक्त गर्छिन् । उनले हाकाहाकी क्रान्तिको आवाज उठाएकी छन् । कोही चोखो बिउबाट जन्मेका हौ भने आऊ, छोएर मात्रै देखा

तिमीहरूको टाउको काटेर माला बनाउनेछु भन्दै अञ्जुलीमा रगत पिउनेछु भनेर भन्छिन् । म गाउँकी पार्वती हो, दुर्गा हुँ भन्दै पार्वतीदेवी चढेकै जस्तै भएर प्रचण्ड आवेगले जिउ थरथर पार्दै काम्दै बोलिरहेकी छन् । जुन हाउभाउ अन्यायका लागि समर्पण वा त्याग गर्नसक्ने कान्तिका कियाकलाप हुन् । अझ उनल थप गर्दै भन्छिन् :

> हेरिहालूँ, न तिमीहरू मेरो के लछार्न सक्छौ –को आकृतिमा ठिङ्ग उभिइन् । उनको कानमा पिठ्यु पछाडि झुन्डिरहेको सबको टनटनी कम्मरमा कसिन दुवै खुट्टा सानो दुरीमा फटाइन् र दुवै हात नाच्ने जस्तो बान्कीमा कम्मरमा राखिन् । पार्वती यसरी उभिएको देखेर भद्रनाथ भरङ्ग भए । मुटुभित्र कतै चिसो बतास कुमारेर गएको जस्तो लाग्यो । कसैले चाल पाएन तर उनी अगावैदेखि नै यो रौद्र रूप देखेर टाउको देखि पैतालासम्म कामी सकेका थिए । कताकता उनको मगजमा पश्चातापको एउटा हलुका रेखा कोरियो –विनासित्ती यस रणचण्डीसित म जोरी खोज्न अघि सरेँ । तर छिट्टै आफूलाई बाहिर स्वस्थ देखाउँदै ठट्टा गरे । “पार्वती, तिमी त पञ्चायतलाई कुनै नाच पो देखाउन उभिएको जस्ती  छौ ।” घोडाको पिठ्युमा बातले घडीले झ्वाट्ट हिर्काए जस्तै पार्वतीले  भनिन्, “मसित मस्किने होइन भद्रनाथ तिमीले जाऊ तिमी आफ्नै पलङ्ग घरमा गएर मुख गाड ।” (पृ.१२६)

एक फरक प्रसङ्गमा विधुवा पार्वतीले चुरा लगाएकोमा गाउँभरि हल्ला फिजिन्छ । उनलाई बैठक राखेर माफ माग्न लगाउने नमाने हदैसम्मको कारबाही गर्ने जस्ता गाइँगुई हल्लाहरू चलेका हुन्छन् । आज उनको सेखी झार्न भद्रनाथ पनि तयार देखिएको छ भने अन्य केही प्रभुत्वशाली वर्गका मतियारहरू पनि पार्वतीका विरुद्धमा उभिएको देख्न सकिन्छ । यो सबै कुरा सुनिसके पछाडि  उनमा प्रतिरोध उत्पन्न हुन्छ । पार्वतीले सिधा चुनौती दिँदै भन्छिन्, “को रहेछ मसँग आउने जोरी खोज्न हेरू त ।”दुवै हात कम्मरमा राखेर पार्वतीले भित्रैबाट पुरै साहस निकालेर रिसाएको जस्तो अनुभव अनुहार बनाउँदै यो देखेर भद्रनाथ पनि भरङ्ग  भएको छ । यसरी पार्वतीले आफूलाई प्रतिकारको उत्कर्षमा राखेकी छन् :

> “भद्रे धेरै भो । तँले अशिष्टताको सीमा नागिसकिस । तँ यदि आफ्ना छाडा आँखा फर्काएर लगिनस् भने म सिंहीनीजस्तै झम्टेर अहिले तेरो तात्तातो रगत पिउनेछु । एउटी महिलालाई गाउँको पञ्चायत जस्तो पवित्र ठाउँमा उभ्याएर यसरी हुर्मत लिने त्यो पनि पञ्चायतकै नाइकेले; यस्तो सिङगै बारा जिल्लाको कुनै गाउँमा नहुँदो हो । यो गाउँलाई त यस विषधरले डसेर विचेत पारिदिएको छ । गाउँबासीमहरू नपुंसक

भएका छन्, तिनमा अब विवेकको दम्सो पनि शेष रहेको छैन । यस चुसाहको जालभित्र परेर यी बाँचुन्जेल छटपटाइरहनेछन् ।" चर्को स्वरमा बोलेकाले केही मानिस भद्रनाथको बडघडाको, जहाँ पञ्चायत भेला भएको थियो, छेउछेउ मडारिएका कान थापिएका थिए । धेरै बोलेकोले पार्वतीको दम फुलेरको थियो । (पृ. १२९)

पार्वतीलाई भद्रनाथले ठुलो सजाय दिने पञ्चहरूबाट निर्णय गराएर ठुलो सजाय दिने तयारी थालिरहेका हुन्छन् । यसका विरुद्धमा पार्वतीले अत्यन्तै खरो स्वभावबाट आफूलाई उभ्याएकी छन् । जो अन्यायको पक्षमा लाग्छ र जसले मेरो विरूद्धमा अन्याय गर्छ त्यसको तात्तातो रगत पिउनेछु भन्ने अत्यन्तै क्रान्तिकारी आवाज उनीबाट प्रस्तुत भएको छ । दिनहीन अलावा नारी देखेर हेप्न खोज्ने प्रवृत्ति समाजमा रहिनै आएको छ तथापि यस उपन्यासभित्र पार्वतीले त्यसको गहिरो र प्रचण्ड विरोध गरेको देख्न सकिन्छ :

"म यो चुरा त कुनै अवस्थामा प्राण गए पनि खोल्दिनँ । यस्ता धुपौरे डफ्फाले भन्दैमा लोते कान लाएर रुँदै बिलौना गर्दै हातको चुरा फुकालेर सुम्पिदिने बबुरी आइमाई पार्वती होइन । मलाई अधर्मी मानिस मानिस भद्रे तैँले । तँ बडो धर्मको रक्षा गर्ने यस गाउँको कृष्णजी भएर जन्मिस् । तँ कति कुकर्मी छस् त्यसको एक–एक बयानको लागि बही फुकाऊँ ? तँ पानीमाथि ओबानो भएर बस्छस्  तर तेरो आन्द्रा कति लामो छ त्यो पार्वतीलाई थाहा छ । ...यस गाउँको कुनकुन घरमा चाल मारेर चोर बिरालो जस्तो पस्छस् । देखाइदिऊँ, यहीबाट औंला ठड्याएर । यस चुराबारे बढ्ता गलफत्ती गरिस् भने म पनि यो पञ्चायत मात्र होइन सिङ्गै गाउँका मानिस भेला गराएर तलाई उदाङ्ग पार्छु । ग्राममासीहरूसँग न्यायअन्याय छुट्याउन आग्रह गर्छु । मैले लाएको यो चुरा आलुको चुरा हो । यो भिर्न हुन्न भन्ने भनिदेओ आजदेखि आलु पनि खान हुन्न ।" (पृ.१२९)

थप फरक प्रसङ्गमा पार्वतीले आफूलाई विधुवा कहलाउने र हेप्न खोज्ने समाजप्रति विद्रोहको औंलाउँदै उनले चुरा खोल्न मान्दिनन् । कसैले रोइकराई गरेर कसैले  बिलौना गर्दैमा मैले चुरा फुकाल्दिनँ भन्दै पार्वतीले भद्रेलाई अधर्मी व्यक्तिको रूपबाट अगाडि पहिचान गरेकी छिन् । उनको प्रतिवाद चरम उत्कर्षमा पुगेको छ र यहाँ पार्वतीको विद्रोहत्मक आवाज देख्न सकिन्छ :

> पार्वती भद्रनाथको गौरीप्रतिको क्रूर व्यवहार देखेर धेरै क्रुद्ध सर्पिणी जस्तै विषमन गरेर भद्रनाथलाई उचालेर हिँडिरहेकी थिइन् । त्यस दिन गौरीलाई भेट्न पार्वती एक लोटा ताजा दुध लिएर गएकी थिइन् । गौरीको अवस्था देखेर पार्वती जस्ती दरो मिजास भएकी आइमाई पनि आफूलाई थाम्न सकिनन् । हातको लोटा खस्ला जस्तो भयो । त्यही पिढीमा गौरीसित ढेसिएर बसिन् तर घोप्टो परेर बरबर आँसु काँढ्न थालिन् । (पृ.३४५)

भद्रनाथले गौरीसँग क्रूर व्यवहार गर्न थाल्छन् । उसले दोस्रो बिहे पनि गरेर गौरीलाई विभिन्न दोषारोपण र लाञ्छाना लगाएर घरबाट अलग्गै राखिदिन्छ । यो कुराबाट पार्वती अत्यन्तै क्रोधित हुन्छिन् र भद्रनाथलाई नङ्ग्याउन पनि पछि पर्दिनन् । उनी यस कार्यबाट भद्रनाथसँग सर्पिणी जस्तै क्रुद्ध देखिन्छिन् अनि यो सबै थाहा पाइसके पछाडि शक्ति स्वरूप उनका आँखाबाट बर्बर आँसु खस्न थाल्छन् । वास्तवमा यी आँसु कमजोरीका आँसु वा दया करुणाका आँसु नभएर एक क्रान्ति विद्रोह र विभेदको जलनको आँसु थियो सो कुरालाई यस सन्दर्भमा प्रस्तुत गरिएको छ :

> "हामीलाई सरकारी अड्डा अदालतबारे के अत्तोपत्तो त्यो कहाँ छ काहँ छ ? गाउँलेहरूको मन जित्नु नै ठुलो मुद्दा जिते जस्तो पो तिमीले त त्यो पनि गरेनौ । गौरीले कत्रो पहाड जत्रो अपराध गरेकी रहिछन् जसले गर्दा तिमीले उनलाई त्याग्न बाध्य हुनुपऱ्यो ? के मलाई मात्र भएपनि तिमी सुटुक्क भन्न सक्छौ । तिम्रो निर्णय न्यायपूर्ण रहेछ भने म गाउँभरिका मानिसलाई महुवामुनि लाम लगाइदिन्छु । तर मलाई थाहा छ त्यसबारे उच्चारित गर्ने तिमीसित एक हरफ पनि छैन । जुत्ता फेर्दा बरू तिमी एक पटक विचार गर्दा हौ तर पत्नी फेर्दा तिमीले कुनै सोच विचार गरेनौ । आइमाईका लागि पतिवञ्चित हुनु ठूलो सजाय हो । त्यही तिमीले गौरीका लागि तजबिज गऱ्यौ । यस शोकाकुल असह्य र निमुखा नारीको नुनिलो पानीको एक एक थोपाले तिमीलाई जीवनभर पश्चातापको आगोमा डढाइरहनेछ ।" (पृ.३४९)

प्रस्तुत अभिव्यक्तिमा भद्रनाथसँग पार्वतीले स्पष्टीकरण मागेकी छन् । उनी स्पष्ट वक्ताको रूपबाट सिधा र प्रस्ट रूपबाट गौरीका कमजोरीहरू के हुन् भन्नैपर्छ  भन्दै भद्रनाथसँग कुरा राखेकी छन् । वास्तवमा पार्वतीको कुनै पनि अपराध थिएन तथापि भद्रेले अर्को बिहे गरेर गौरीलाई हेला र परिवारबाट वञ्चितीकरण गरेको देखाइएको छ । पार्वतीले

भद्रनाथको व्यवहारको विरोध गर्दै भद्रनाथलाई गाली दिन्छिन् । असहाय र निमुखा नारीको आँसुले एकएक थोपाले तिमीलाई जीवनभर पश्चातापको आगोले पोलिरहनेछ । भनेर प्रतिरोधात्मक आवाज प्रकट गरेकी छन् । जुन कुरालाई थप तलको भनाइबाट प्रस्ट पार्न सकिन्छ :

> "न म ठूलो मानिस हुँ, न कुनै भारदारी । म कटरबनकी गौरी मात्र हुँ । जसलाई मेरो आमाबाबुले खतिवडा खानदानको सेवा टहल गर्न पठाइदिएँ । हाम्रो सन्चो बिसन्चोको कुनै महिमा छैन । पतिको स्वास्थ्य राम्रो रहेसम्म हामीलाई कुनै रोगव्याधिको छायाँले पनि छुन सक्दैन । लोग्ने मानिसहरूलाई के छ एउटीलाई बिसन्चो भयो भने त्यसलाई नदी किनारको छाप्रोमा छाडेर बाजा बजाउँदै आर्की गजधम्मी लगत्तै घरमा भित्र्याइहाल्छन् तर हामी त परित्याक्त भएपनि निठुरी पतिकै सत्य धानेर बसिरहन्छौं ।" (पृ.३५०)

गौरीले थप प्रसङ्गमा महिलाहरू यदि पुरुष मरे भने आजीवन विधवा बस्नुपर्ने तर लोग्ने मान्छेहरूले अर्को विवाह गरेर आनन्दसँग बस्न पाउने सामाजिक व्यवस्थाप्रति पनि विद्रोहको भावना प्रस्तुत गरेकी छन् । समाजले विधुवा बनाएर सम्पूर्ण जीवनका कुराहरू परित्याक्त भए तापनि महिलाका निम्ति यो समाज निकै जटिल भएको कुरा आफ्नो दृढ आभाससहित प्रस्तुत गरेकी छन् :

> "भाँडाहरूमा एक गेडो अन्न छैन । गौरी के खान्छिन् ? सयौं कोठीभरि एकसेएक मसिनो चामल कुहाएर पनि यसलाई खान नदिई मार्न लागेका छन् । यो पाप हो । यस घरमा बस्ने हामी सबैलाई ठुलो अनिष्ट हुनेछ । सौता हो त के भयो ? हाम्रो धर्ममा विषालु सर्पलाई त लावा, दूध खुवाउने चलन छ । यो त मानिस हो ।" पिता भन्नुहुन्थ्यो, "जस्तोसुकै शत्रु भएपनि त्यसलाई घृणा गर्नुहुन्न स्नेह र माया दिएर आफ्नो नजिक ल्याउनुपर्छ ।"( पृ.४०८)

भद्रनाथकी दोस्री श्रीमती दुर्गी अत्यन्तै साहसी, निडर र सामाजिक अस्तव्यस्तताको र विकृतिका पक्षमा अथवा लैङ्गिक विभेदका पक्षमा आवाज उठाउने स्पष्ट वक्ता नारीको रूपबाट उपन्यासमा चित्रित गरिएको छ । उनको विचारमा जहाँ नारीलाई सम्मान हुन्न त्यस्तो ठाउँ त्यो घरमा दशा लाग्नेछ भन्दै जस्तोसुकै जे भएतापनि गौरीलाई भोकभोकै राखेको विषयबाट उनी झन क्रोधित हुन्छिन् । चिच्याउँदै भन्छिन्, "यो कसको खटन पटन

हो ?" भनेबाट सम्पूर्ण विद्रोहत्मक नारीको प्रतिनिधित्व गर्दै लैङ्गिक विभेदका विरूद्धमा उनले आवाज बुलन्द गरेकी छन् ।

## ४.४ निष्कर्ष

जमिनदार, शोषक र सम्भ्रान्त वर्गले देशमा, समाजमा अथवा व्यक्तिगत रूपमा परिवारभित्रै पनि आफ्नो प्रभुत्व जमाएर बसिरहेका हुन्छन् । उनीहरूले जातीय, लैङ्गिक तथा वर्गीय दमन र शोषणलाई आफ्नो शक्तिको माध्यम बनाउँदछन् । जसका कारणले समाजका केही तह, तप्का, वर्ग वा व्यक्ति सीमान्त अवस्थामा पुग्दछन् । यस्ता प्रभुत्वशाली वर्गले समाजमा क्रूर अमानवीय दुर्घटनाहरू निम्त्याई वा फकाइफुल्याइ गर्नका निम्ति विभिन्न षड्यन्त्रहरू गरेर वा भाष्यहरू निर्माण गरेर आम सर्वसाधारणलाई दमन गरिरहेका हुन्छन् । यसलाई थाहा पाउने काम निम्न वर्गबाट अत्यन्तै कम हुन्छ । यसमा बौद्धिक वर्ग वा सचेत वर्गले जानकारी दिनुपर्ने अवस्था पनि रहन सक्छ । तथापि जब अत्याचार, दमन, शोषण, दासत्व, सामन्ती क्रूरता, अमानवीयता, असामाजिकता, विभेद तथा हेपाइ बढ्दै जान्छ तब ती सीमान्तकृत वर्ग समुदायले आफ्ना आवाजहरू व्यक्त गर्दछन् । जुन आवाजहरू आफै पनि बोलिन सक्ने अथवा अरूबाट बोलाइन पनि सक्छन् । गाइँगुइँ समाजमा हल्ला गरेर, साउती गरेर, एक आपसमा निम्न वर्गले बिस्तारैबिस्तारै प्रतिरोधको सङ्गठन निर्माण गरिरहेका हुन्छन् । जसले समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

यस सन्दर्भमा घामका पाइला उपन्यासमा दुर्गानाथ, पीताम्बर, श्रीवास्तव जस्ता पात्रहरू सामाजिक अन्याय अत्याचारका विरुद्धमा आवाजहरू बुलन्द गर्ने र स्वाभिमानका साथ आफ्नो कर्ममा विश्वास गरेर न्याय र सत्यको मार्गमा हिँड्ने प्रयत्न गरेको देखिन्छ । विशेषतः उनीहरू प्रगतिवादी र जागरुक औन्यासिक पात्रको रूपमा आएका छन् । किनभने उनीहरू सीमान्त भएपनि समाजबाट वा काम गरेका स्थानबाट हेपिए पनि आफ्ना आवाजहरूलाई र असत्यलाई बोल्दै, छेक्दै, प्रतिरोध गर्दै अगाडि बढिरहेको देखिन्छ । पार्वती, गौरी, पवन, दुर्गी, कृष्णात्रे जस्ता पात्रहरू विद्रोही आवाज लिएर आफूप्रति भएका अन्याय अत्याचारको विरोध गर्दै प्रभुत्वशाली वर्गमाथि धावा बोलिरहेका छन् र सीमान्त वर्गको सामूहिक आवज बनेर आएका छन् ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

ध.च.गोतामेका उपन्यासहरू *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म*मा सीमान्तीयताको विश्लेषण अर्थापन र निष्कर्ष प्रस्तुत शोध कार्यमा गरिएको छ । सीमान्तीयताको अवधारणालाई आत्मसाथ गरेर प्रयुक्त उपन्यासभित्र सीमान्त पात्रको अवस्था, उनीहरू त्यस अवस्थामा कसरी पुगे र उनीहरू कुन तरिकाबाट जीवनयापन गरिरहेका छन् वा मुक्ति खोजिरहेका छन् ? जस्ता प्रश्नहरूमा आधारित रहेर सीमान्तीकरणको अवस्था, प्रक्रिया, आवाज र प्रतिरोधलाई शोध प्रबन्धको केन्द्रीय समस्या र समाधान बनाई शोधकार्य सम्पन्न गरिएको छ । विशेषतः वर्गीय, जातीय र लैङ्गिक रूपमा उपन्यासको समाजभित्रको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिकलगायत विविध सन्दर्भमा सीमान्तको सहभागिता, उपस्थिति, बोली र प्रभुत्वशाली वर्गको भूमिकालगायत विविध पक्षलाई यस शोध प्रबन्धमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धमा समाजभित्र प्रभुत्वशाली वर्गले सीमान्त वर्गमाथि कसरी आफ्नो हैकम जमाएको छ र के कस्ता षड्यन्त्र लोभजाल, मायाजाल वा विचार लादेर, मानिसको प्रयोग गरेर सिमान्त बनाएको छ भन्ने कुरालाई विश्लेषण गरिएको छ । वर्गीय जातीयताको अवस्था कस्तो छ भन्ने कुरालाई पनि विश्लेषणको आधार बनाइएको छ । केन्द्रीय शक्ति र किनारीकृत शक्तिबीचको शक्ति सङ्घर्ष, अधीनस्थताको स्थितिसँगै सीमान्त वर्ग र समुदायको सहभागिता, पहिचान र परिस्थितिको सूक्ष्म विश्लेषण गरिएको छ । अर्कातर्फ प्रभुत्वशाली वर्गले आफ्नो प्रभुत्व स्थापनार्थ दमन, शोषण, अन्याय, अत्याचार, भाष्य, सहमति, वार्ता, संवाद, लोभलालच, नाटकीय उपघटनाहरू, षड्यन्त्र, बौद्धिक चातुर्‍याँइ, खानदानी शक्ति, केन्द्रसँगको शक्ति आदि देखाएर सीमान्तकृत वर्गको स्तर, हैसियत र भूमिकालाई कसरी खुम्च्याइएको छ भन्ने कुरालाई पनि शोध्य प्रश्न वा मुद्दाको रूपबाट विश्लेषण गरिएको छ । त्यस्तै अर्कातर्फ समाजमा किनारीकृत भएर बसेका हेपिएका अधीनस्थ, अशक्त आवाजविहीन, इतिहासविहीन, उत्पीडित, उपेक्षित, गरिब, दबिएका, निमुखा, निर्धा, दलित, विपन्न, सर्वहारा, श्रमिक, विभेदको सिकारमा परेका आदि समुदाय बोल्न सकेका छन् कि छैनन् भन्ने कुरालाई प्रमुखताका साथ निष्कर्ष निकालिएको

छ । उनीहरू आफै बोलिरहेका छन् वा कोही कसैलाई प्रयोग गरेर भन्ने कुरालाई पनि विश्लेषण गरिएको छ । सीमान्तकृत वर्ग र समुदायले समूह निर्माण गरेर बोलेको छ वा एकल रूपमा प्रतिकार गरिरहेको छ भन्ने कुरालाई केलाउँदै प्रभुत्वशाली वर्ग र अधीनस्थ सीमान्तकृत वर्गको शक्तिसङ्घर्षमा आएका आवाज र प्रतिरोधलाई पनि मुख्य विषय बनाएर सूक्ष्म तथा मिहिन ढङ्गले विश्लेषण गरिएको छ ।

## ५.२ निष्कर्ष

ध.च.गोतामेका दुई उपन्यास *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म*लाई सीमान्तीयताको अवधारणामा आधारित रहेर अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी उपन्यासभित्रको समाज र त्यहाँ प्रकट भएको जातीय, वर्गीय र लैङ्गिक सीमान्तीयता तथा शक्ति सङ्घर्षको विश्लेषण यस शोधकार्यमा गरिएको छ । विशेषतः उपन्यासभित्रको समाजले प्रतिनिधित्व गरेको तत्कालिक र वर्तमान परिप्रेक्ष्यलाई समेत सान्दर्भिक बनाएर युगबोधको महत्त्वलाई समेत विश्लेष्य विषय बनाइएको छ ।

सीमान्तीयताको सैद्धान्तिक मान्यतालाई आधार बनाएर गोताम उन्यासमा सीमान्त वर्गको उपस्थिति वा प्रतिधित्व, किनारामा पर्नुका कारण र प्रक्रिया तथा उनीहरूको प्रतिरोधी चेतनालाई शोधसमस्या बनाई सूक्ष्म अध्ययन र पाठविश्लेषण गरी प्राज्ञिक समाधान अन्वेषण गर्दा यस शोधकार्यबाट विशेषत : निम्नलिखित निष्कर्षहरू पुष्टि तथा प्राप्ति भएका छन् :

वर्गीय, जातीय र लैङ्गिक प्रतिनिधित्व, प्रक्रिया र आवाजलाई शोध्य समस्याको रूपमा प्रस्तुत गरेर विश्लेषण गर्दा निम्न उत्तरहरू प्राप्ति भएका छन् :

(१) ध.च. गोतामेका उपन्यासमा वर्गीय, जातीय र लैङ्गिक सीमान्त वर्गको प्रतिनिधित्व के कस्तो छ भन्ने समस्यामा गरिएको विश्लेषणबाट प्राप्त निष्कर्ष तथा पुष्टिहरू यस प्रकार छन् :

(क) ध.च. गोतामेका उपन्यासमा वर्गीय, जातीय र लैङ्गिक रूपमा सीमान्त वर्गको प्रतिनिधित्वको अवस्थालाई हेर्दा उपरी संरचना अनुसार समाजका तल्ला तहसम्म आधार संरचनाहरू निर्माण भएको देखिन्छ । गाउँगाउँमा उनैका अख्तियार पाएका प्रभुत्वशाली वर्गहरू नै प्रधान भूमिकामा रहेका छन् । जसले गर्दा सीमान्तकृत वर्ग पहिचानविहीन तथा अधीनस्थ भएको देखिन्छ ।

(ख) समाजको भौतिक परिवर्तन, आधुनिकता र सहरीकरणले भूगोलको चित्र फेरिए तापनि आम निम्नवर्गको जिजीविषा झन जटिल र दुसाध्यपूर्ण भएको छ जसले समाजभित्रको वर्गान्तर अधिक हुँदै गएको देखिएको छ । निम्न वर्गको जीवनशैली, स्थिति र अस्तित्व थप सङ्कटग्रस्त तथा पहिचानविहीन बन्दै गएको छ यद्यपि प्रभुत्वशाली वर्गहरू वा सामन्तहरू थप धनाड्य प्रभावशाली बनेको कुरा प्रस्ट देखिन्छ ।

(ग) समाजमा अहिले पनि जमिनदार, व्यापारी, साहु, पदासीन व्यक्ति जस्ता भिन्न–भिन्न प्रभुत्वशाली व्यक्तिहरूबाट गरिब, किसान र मजदुर वर्गहरू प्रताडित भएर दयनीय अवस्थामा बाँचिरहेका छन् ।

(घ) समाजका सामन्त तथा जमिनदारहरू निम्नवर्गीय मानिसको आर्थिक स्थिति र सर्वहाराका आम समस्यासँग खेल्दछन् । उनीहरूलाई प्रयोग गर्नु र समस्यामा परिरहनु सम्भ्रान्तको उद्देश्य बनेको हुन्छ । किनकि गरिब र सीमान्तका समस्या सामन्तीका निम्ति बलिया अस्तित्व हुन् । जसले उनीहरूलाई सदा केन्द्रमा राख्न साधनको काम गर्दछ ।

(ङ) पितृसत्ताका कारणले महिलाहरूको भूमिका भान्सामा मात्रै खुम्चिएको छ । उनीहरूलाई समाजमा पुरुषजस्तै स्वतन्त्र भएर हिँड्न, डुल्न, व्यवहार गर्न, निर्णय गर्न र सामाजिक प्रतिनिधित्वमा स्थापित हुन प्रतिकूल अवस्था रहेको छ । सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता र अन्धविश्वासका कारण महिलाहरू पुरुषबाट सीमान्तकृत हुनुपरेको देखिन्छ ।

(च) समाजमा जातीय विभेदको संस्कार संस्थागत भएको छ । जसका कारणले प्रभुत्वशाली वर्गले उनीहरूमाथि सामाजिक कुपरम्पराको आडमा, कार्य, भूमिका, सहभागिता, निर्णय प्रक्रिया र आम जीवनशैलीलाई सीमान्तकृत बनाएका छन् ।

(२) ध.च गोतामेका उपन्यासमा वर्गीय, जातीय र लैङ्गिक सीमान्तीकरणको प्रक्रिया के कसरी घटित भएको समस्यामा गरिएको विश्लेषणबाट प्राप्त निष्कर्ष तथा पुष्टिहरू यस प्रकार छन् :

(क) समाज उच्च वर्ग वा प्रभुत्वशाली वर्गको कब्जामा रहिरहेको छ । उनीहरूले पुरानो सामाजिक संरचनालाई आधार बनाउँदै र आफ्नो केन्द्रीय सत्ताको प्रभुत्व देखाउँदै आम

जनसाधारण, कृषक, मजदुर आदिलाई अधीनस्थ तुल्याउँछन् र श्रमजीवी वर्गलाई हरहमेसा दमित र शोषित बनेर बाँच्न बाध्य तुल्याउँछन् ।

(ख) समाजमा रहेको जात व्यवस्था सामन्त र प्रभुत्वशाली वर्गका निम्ति आफ्नो हैकम जमाउने भऱ्याङ बनेको देखिन्छ । कथित तल्लो जात र माथिल्लो जातको जातीय विभेदको सूत्र समाएर सामन्तहरूले दलित जातिका मानिसहरूलाई आफूअनुकूल प्रयोग गर्दै आएको देखिन्छ । निम्नवर्गलाई जहिले पनि पुस्तौँदेखि दबाएर राखिएको पाइन्छ । उनीहरू यसरी बाँचिरहेका छन् जसरी सिलौटो र लोहोरोको सम्बन्ध पिसिनु र पिस्नु रहेर अगाडि बढेको हुन्छ । जसका कारण उनीहरू अपहेलित भई जिउन विवश भएका छन् । यसरी महिला र पुरुषका केही कामहरू तथा अवधारणाहरू पूर्वनिर्धारित जस्तै छ जसले मलिाहरूलाई किनारामा पुऱ्याएको देखिन्छ ।

(ग) पितृसत्ताका कारण महिलाहरूको भूमिकालाई निश्चित गर्दै चुलोचौकोमा केन्द्रित गरिएको छ भने अर्कातर्फ समाजमा पुरुषवादी निर्णयहरू एकाधिकारको रूपबाट प्रयोग हुँदै आइरहेका छन् । उनीहरूको पारिवारिक, सामाजिक र लैङ्गिक भूमिका उच्च रहेको छ तर महिलाहरूको भूमिका शून्यजस्तै रहेको देखिन्छ ।

(घ) समाजमा छोरीलाई आमाबाट, बुहारीलाई सासूबाट, सासुलाई बुहारीबाट र महिलाहरूलाई महिलाहरूबाटै लैङ्गिक विभेद सिकाइने तथा गरिने गरेको देखिन्छ । महिलाहरू सजातीय उत्पीडनमा परेर समाजको किनारा लागेको यथातथ्य प्रस्ट रूपबाट देखिएको छ ।

(ङ) समाजमा प्रभुत्वशाली वर्गले वार्ता, सहमति, विचार, भाष्य, षड्यन्त्र निर्माण गरेर, सीमान्तकृत वर्गलाई सीमान्तकृत वर्गकै प्रयोग गरेर वा महिलालाई महिलाकै प्रयोग हुन दिएर, डर र त्रासका तथा दमनात्मक तरिकाबाट आम निम्न वर्गलाई किनारीकृत बनाइरहेको देखिन्छ ।

(३) ध.च. गोतामेका उपन्यासमा वर्गीय, जातीय र लैङ्गिक आवाज र प्रतिरोध के कसरी अभिव्यक्त भएको छ भन्ने समस्यामा समस्यामा गरिएको विश्लेषणबाट प्राप्त निष्कर्ष तथा प्राप्तिहरू यस प्रकार छन् :

(क) समुदायमा सामन्तवादी शासनसत्ताको वर्चस्व रहेको देखिन्छ । उनीहरूको अधीनमा रही निरीह भएर बाँच्नुपर्ने बाध्यता आम निम्न वर्गमा रहेको छ । निम्न वर्गसँग इमान्दारिता

हुन्छ ; इमान्दारितामा पनि आदर्श रहेको हुन्छ । यस्तै इमान्दारिता, आदर्शता, निष्ठा, इमान, इज्जत जस्ता कुराका कारणले उनीहरूमा प्रतिरोधी चेतना कम व्यक्त हुन्छ । आदर्श र इमान्दारितालाई हतियार बनाएर प्रभुत्वशाली वर्गले निम्न वर्गलाई स्वार्थमा दुरूपयोग गर्दछ । जसका कारण कालान्तरमा श्रमजीवी वर्ग तथा निम्न वर्ग आन्दोलित हुन्छन् । व्यक्तिगत आवाज हुँदै त्यो सामूहिक आवाजमा परिणत हुन्छ र सम्भ्रान्त विरूद्ध त्यही आवाज हतियार पनि बन्न सक्छ तथापि ती आवाजलाई सामन्तहरूले दबाएर सीमान्तकृत बनाउन कासिस गरिरहन्छन् ।

(ख) उपन्यासमामा वर्गीय व्यक्ति वा समुदायको बाहुल्यता रहेको छ । उनीहरू रातदिन मेहनत गरेर काम गर्दछन् र इमान्दारिता प्रकट गर्दछन् तर उनीहरूमाथि प्रभुत्वशाली र सम्भ्रान्त वर्गद्वारा जहिले पनि दमन, शोषण र उत्पीडनमा राखिन्छ । जीवनको जिजीविषाले गर्दा उनीहरू अभिव्यक्त हुन सक्दैनन् । धेरै त प्रतिरोधी चेतनाको विकास भएको छैन भएको भइहाल्दा पनि उनीहरूका आवाजहरू दबाइएका छन् । उनीहरूका आवाजलाई व्यवास्ता गरेर अगाडि बढ्ने सामाजिक संरचना निर्माण भएको छ जसका कारण मौनताको संस्कृति बढेर गएको देखिन्छ ।

(ग) लैङ्गिक विभेदको स्थिति समाजमा थप जटिल बन्दै गइरहेको छ । किनभने एकातर्फ पुरुषवादी हैकम अर्कातर्फ महिलाले महिलामाथि गर्ने बदलापूर्ण दुर्नियतका कारण महिला थप शोषित हुँदै गइरहेका छन् । उपन्यासमा पनि पितृसत्तालाई बोकेर बस्ने महिलाहरूको प्रतिनिधित्व भएको देखिन्छ । यही पितृसत्तालाई उच्छेदन गर्न आवाज र प्रतिरोधहरू पनि अभिव्यक्त भएका छन् । पुरुषवादले निर्माण गरेको पर्दा लगाएर महिलाका आँखा, कान, मुखलगायत सबै इन्द्रियहरू बन्द गराइन्छन् । त्यसैमाथि पुरुषहरूको व्यभिचारी वक्रदृष्टि रहिरहन्छ यस्तो अवस्थामा समाजमा विभेदको पराकाष्ट भएपछि आवाजहरू बुलन्द भएर आउँछन् । लैङ्गिक विभेदको अन्त्य गर्न पुरुषको हैकमवादलाई र पितृसत्तालाई आगो, हुरी, दुर्गा, सरस्वती, काली, चण्डी भएर प्रतिरोध गर्नुपर्ने आवाजहरू पनि उठिरहेको देखिन्छ । महिलावादी महिलाहरू नै आफ्नो अस्तित्व संरक्षणका निम्ति एकपटक आफ्नै व्यवहारलाई ऐनामा हेरेर महिलाप्रति सजातीय विभेदरहित सहिष्णु व्यवहार गर्नुपर्ने देखिएको छ ।

(घ) परम्परा र धर्मका नाममा समाजमा जातीय व्यवस्थाले जरा गाडेको छ । जुन समाजको कलङ्क बनेर उभिएको देखिन्छ । जातानुसारका भूमिका र कामहरू प्रस्ट गरिएका र

कुजातले बोल्दा अनिष्ट हुने र बैरी निर्माण हुने रूढ अन्धविश्वास कायम रहेको छ । तथाकथित तल्ला जातका मानिसहरू दमित अवस्थामा समाजमा बाँचिरहेका छन् । उनीहरू प्रस्टसँग बोल्दा समाजबाट बहिष्कृत हुनुपर्ने, अपमान सहनुपर्ने र आफ्नो पारिवारिक अस्तित्व धरापमा पर्ने भएकाले मुक रहेरे चुपचाप ब्राह्मणवादी सिद्धान्तलाई स्वीकार गरिरहेका छन् भने अर्कोतर्फ प्रभुत्वशालीले नै निर्माण गरेको संस्कृतिलाई अँगाल्दै अगाडि बढेको देख्न सकिन्छ ।

(ङ) अन्यायपूर्ण परिवेशको प्रतिवाद गरियो भने अत्याचार कम हुन्छ तर त्यसलाई नै मौन बनेर स्वीकारियो भने शासकको प्रयोगको वस्तु बन्ने देखिन्छ ।

(च) सीमान्तले आफूलाई वाचाल राखेर स्वतन्त्र ता र स्वाधीतका लागि योगदान गर्दै जाने हो भने पेल्ने सम्भ्रान्तहरू विस्तारै छेउ लागेर जान्छन् अथवा उनीहरूको स्ववर्गीय हित असफल भएर जान्छ ।

*घामका पाइलाहरू* उपन्यासमा उपन्यासकारले विशेषरूपमा तराईमा रेल्वेको आगमनले सो वरिपरिको गाउँमा परिवर्तन आउन सक्ने सङ्केत गरेको भाव बुझिन्छ भने अर्कोतर्फ उपन्यासकारको शीर्षकीय प्रक्षेपण पनि रेलसँगै पूर्वको लालीमा घाम उदायजस्तै जनजीवनमा उज्यालो परिवर्तन आओस् भन्ने देखिन्छ तर रेलको आगमन र बजारको चहलपहलले त्यस्तो सकारात्मक परिवर्तन नल्याएर किसानबाट कुल्ली, हलोकुटोबाट नाम्लो र आत्मनिर्भरताबाट परनिर्भरताको वातावरण तयार भएको छ । यसर्थ रेलले एकातर्फ अङ्ग्रेजको प्रभुत्व र अर्कोतर्फ राणाहरूको आधारसंरचना बोकेर आएको देखिन्छ । जसले आम गरिबलाई थप किनारामा पुऱ्याएको छ । सहरको आभास हुने नयाँ कोलाज देखिए तापनि उपन्यासमा वर्णित सहर सीमान्त सहर हो भन्न प्रस्ट सकिन्छ । कथानक पनि सीमान्त पात्रको आगमन र दयनीय जीवनभोगाइले अगाडि बढेको छ र पुन : जीवनरूपी खोलाले पीताम्बरको परिवारलाई गाउँमा किनारा लगाइदिएपछि सकिएकाले उपन्यासको केन्द्रीय कथ्य सीमान्त विषय भएको पुष्टि हुन्छ ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा राणाशासनको स्वरूपदेखि त्यसले निर्माण गरेको सामन्ती प्रभुत्वमा रहेको गाउँलाई देखाइएको छ । लेखक घामका पाइलाहरू चालेर त्यहाँदेखि यहाँसम्म आउँदा प्रचण्ड गर्मीको मरुभूमिमा खुला पैताला राखेको जस्तै पीडाबोध हुने सीमान्तका विविध कथाहरू उपन्यासमा देखिएका छन् । मुर्कीदेखि गडहलसम्मको

कथानकमा सामन्तहरू कृषक र गरिबसँग आफ्नो प्रभुत्वसँगै रमाएका छन् । यसरी हेर्दा केही किनाराहरू भेटाउन सकिन्छ जहाँ निम्न वर्गहरू जीवन बाँचिरहेको छन् । चन्द्रशमशेरदेखि भद्रनाथ र असुर्फीसम्म, गौरीदेखि दुर्गीसम्म, कष्णदेखि कृष्णात्रेसम्म, विपुल-भद्रेदेखि नथुनी-असुर्फीसम्म, सासूको हैकमदेखि काशीबाससम्म आदिजस्ता विविध आयामहरूमा उपन्यासले सीमान्त वर्गको जीवन, कर्म र आवाजलाई लिएर अगाडि बढेको देखिन्छ । यसरी हेर्दा गोतामेले आफू बाँचेको समाज र युगबोध गर्दै सामन्ती प्रवृत्ति, संस्कृति र जिजीविषालाई सजीव चित्रण गरेको देखिन्छ । वर्गीय हितको पक्षपोषण गर्दै सीमान्तको आवाज र प्रतिरोधी चेतनाको कलमलाई सशक्त बनाउने गोतामेले तराई मधेसको सामाजिक परिवेशमा त्यहाँका मानिसहरूको जीवनदशा देखाएका छन् भने अर्कोतर्फ अन्याय, अत्याचार र दमनलाई सहनु जीवनको मूल्य समाप्त गर्नु हो भन्ने आशयका साथ उपन्यासमा पात्रका माध्यमबाट सङ्घर्ष गर्न अभिप्रेरित गरेको देखिन्छ । जसले उपन्यासकार प्रगतिवादी, सफल ,सबल र सक्षम रहेको पुष्टि हुन्छ ।

## सन्दर्भ सामग्री सूची


उप्रेती, नवीनकुमार (२०७३) "ध.च.गोतामेका उपन्यासमा परिवेश विधान" अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौं ।

गुहा, रणजित / Guha, Ranajit (1982): *On Some Aspect of Historiography of Colonial India*, Subalturn Studies, Delhi: Oxford University Press.

गौतम, माधवराज (२०६३) "घामका पाइलाहरू उपन्यासको कृतिपरक अध्ययन" अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौं, ।

ग्राम्ची, अन्तोनियो / Gramsci, Antonio (2007) *Prison Notebook*,Ed.by Joseph A.Buttigieng,Columbia University press:United State

दाहाल, खेम (२०६४) "ध.च.गोतामेका उपन्यास एक चर्चा" *गरिमा* वर्ष २६ अङ्क १,पुस,काठमाडौं (पृ.५९–६७)

ध.च. गोतामे, (२०३५) *घामका पाइलाहरू*, काठमाडौं : साझा प्रकाशन, ।

ध.च. गोतामे, (२०४२) *यहाँदेखि त्यहाँसम्म*, काठमाडौं : साझा प्रकाशन, ।

पाण्डे, ताराकान्त, (२०७३) *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*, काठमाडौं : साझा प्रकाशन, ।

पाण्डे, ताराकान्त, (२०७० असार) सांस्कृतिक अध्ययन र मार्क्सवाद, काठमाडौं : भृकुटी एकेडमिक पब्लिकेसन्स

प्रधान, कृष्णचन्द्रसिंह, (२०२५ / २०५८) *'साझा समालोचना'*, काठमाडौं :साझा प्रकाशन

बराल, ईश्वर, (२०४२) नेपाली आञ्चलिक उपन्यास औं यहाँदेखि त्यहाँसम्म, *यहाँदेखि त्यहाँसम्म*, काठमाडौं : साझा प्रकाशन

बराल, कृष्णहरि र नेत्र एटम, (२०५६ / २०५८) *उपन्यास सिद्धान्त र नेपाली उपन्यास*, काठमाडौं :साझा प्रकाशन ।

बार्कर, क्रिस / *Cultural studies: Theory and Practice* (2000),London:SAGE Publication.

भटराई, रमेशप्रसाद, (२०६४) *ध.च. गोतामेको उपन्यासकारीता* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भटराई, रमेशप्रसाद, (२०७७)*सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : हजुरको प्रकाशन ।

भुसाल,घनश्याम, (२०६४) *आजको मार्क्सवाद र नेपाली कान्ति* ,काठमाडौँ : नेपाल अध्ययन केन्द्र ।

लुइटेल, खगेन्द्रप्रसाद, (२०६९) *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान

शर्मा, मोहनराज, (२०७०) *अवरजन अध्ययन र साहित्य,* काठमाडौँ : भृकुटी एकेडमिक पब्लिकेसन्स

सेविक,इभा कास्फो स्काइ, (१९९२) *जेन्डर क्रिटिसिजम :* न्युयोर्क, मोर्डन ल्याङ्ग्वेज एसोसिएसन अफ अमेरिका

सुवेदी, राजेन्द्र, (२०७३ ) *संस्कृतिक अध्ययन र नेपाली साहित्य,* काठमाडौँ :पठ्यसामग्री प्रकाशन

श्रेष्ठ, माधव, (२०६६) "घामका पाइलाहरू उपन्यासको परिवेशको अध्ययन" अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि वि कीर्तिपुर, काठमाडौँ ।

श्रेष्ठ, तारालाल, ( २०६८*) शक्ति, स्रष्टा सबाल्टर्न* काठमाडौ : डिस्कोर्स पब्लिकेसन

स्टेफेन, एडगर, (१९९३) *क्लास,* लन्डन एन्ड न्युयोर्क : रोटलेज

स्पिभाक, गायत्री चकवर्ती/Gayatri, chakravorty Spivak (1993) *Can the Subaltren Speak*, Ed.by Patrick Williams and Laura Chrisman,Columbia University press:United State.